सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१५ कात्तिक २०८२, शनिबार (1 Nov 2025, Saturday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक १९१ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

विभाजनतिर एकीकृत समाजवादी

प्रचण्डसँग एकता गर्ने माधवको निर्णय



नयाँ पार्टी बनाउने झलनाथको घोषणा



● **बैठकको निर्णयबारे उपाध्यक्ष प्रकाश ज्वालाले भने–**



अध्यक्षको एकतासम्बन्धी विशेष प्रस्ताव र राजनीतिक प्रस्ताव सर्वसम्मत पास भएको छ। ९५ प्रतिशत सदस्यले एकता आवश्यक र अपरिहार्य छ भनेरै बोल्नुभयो। एकताको विरोधमा कसैले बोल्नुभएको छैन। कतिपयले हतार नगरौं, बृहत् एकातिर जान अरू पार्टीसँग पनि छलफल गरौं, अलि समय लिएर जानुपर्छ सम्म भन्नुभएको हो। मुख्य कुरा व्यक्तिगत रूपमा बाहिर कसले के भन्यो भन्दा पनि बैठकमा के भयो भन्ने महत्त्वपूर्ण हो।

● **असन्तुष्ट झलनाथले घोषणा गरे–**

मैले उठाएका सवालको जवाफ नदिई माधवजीले बैठक सकियो भन्नुभयो। मैले सकिएको छैन, बोल्छु भनेर जुरुक्क उठेर माइक समाएँ, तर लाइन काटेर बोल्न नै दिइएन। त्यसैले मेरो ३० बुँदे फरक मत सार्वजनिक गर्छु। अहिले नयाँ पार्टी बनाउने सोचमा छु। तर, कानुनले के भन्छ बुझ्छौं र उहाँहरू कसरी जानुहुन्छ, हेर्छौं। उहाँहरू गइसकेपछि प्रक्रिया सुरु गर्छौं। नयाँ पार्टीको नाम के हुन्छ, गृहकार्य गर्छौं। मिल्ने रहेछ भने अहिलेकै पार्टीलाई पुनर्गठन गर्न पनि सक्छौं।

प्रेम गौतम/नयाँ पत्रिका

पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल नेतृत्वको एकीकृत समाजवादीले माओवादीसँग पार्टी एकता गर्ने औपचारिक निर्णय गरेको छ। शुक्रबार बसेको केन्द्रीय कमिटी बैठकमा अध्यक्ष नेपालले बहुमतका आधारमा एकता प्रस्ताव अनुमोदन गराएका छन्। तर, निर्णयप्रति असहमति जनाउँदै सम्मानित नेता झलनाथ खनालले ३० बुँदे फरक मत र राजनीतिक प्रस्तावसहित नयाँ पार्टी बनाउने घोषणा गरेका छन्।

बैठकपछि उपाध्यक्ष प्रकाश ज्वालाले अध्यक्ष नेपालद्वारा प्रस्तुत माओवादीसँगको एकतासम्बन्धी विशेष प्रस्ताव सर्वसम्मत रूपमा पारित भएको दाबी गरे। 'अध्यक्षको एकतासम्बन्धी विशेष प्रस्ताव र राजनीतिक प्रस्ताव सर्वसम्मत पास भएको छ। ९५ प्रतिशत सदस्यले एकता आवश्यक र अपरिहार्य छ भनेरै बोल्नुभयो। एकताको विरोधमा कसैले बोल्नुभएको छैन,' ज्वालाले भने, 'कतिपयले हतार नगरौं, बृहत् एकातिर जान अरू पार्टीसँग

» पृष्ठ २ मा क्रमशः

मतदाता नामावली दर्तामा देखिएन जेन-जीको उत्साह

एक महिनामा ९० हजार ३२ मात्रै थपिए नयाँ मतदाता

०७८ को जनगणनाअनुसार ०८२ मा मतदाता बन्न योग्य युवा (१८ वर्ष)को संख्या २३ लाख ९२ हजार १८८ छ, तर निर्वाचन आयोगले २१ फागुनको निर्वाचनका लागि ९ असोजदेखि सुरु गरेको मतदाता नामावली संकलन अभियानको एक महिनामा एक लाख युवाले पनि नाम दर्ता गराएनन्



● **रामप्रसाद भण्डारी**, कार्यवाहक प्रमुख निर्वाचन आयुक्त



आयोगले सबैलाई मतदाता नामावली दर्ताका लागि आह्वान गरेको छ। आयोगका कर्मचारी राति ११-१२ बजेसम्म बसेर काम गरिरहेका छन्, कठिनाइ केही पनि छैन। तर, को किन आएनन् भन्ने थाहा छैन। सायद यो समूहको मान्छे बाहिर बढी छन् कि ? आउने-नआउने उनीहरूको स्वेच्छा हो। यसमा आयोगको कुनै टिप्पणी छैन।

● **जगदीश खरेल**, सरकारका प्रवक्ता एवं सञ्चारमन्त्री



मतदाता नामावलीमा नाम दर्ता अपेक्षित बढ्न नसकेको रहेछ भने सरकारले निर्वाचन आयोगसँग छलफल गर्छ। नाम दर्ता बढाउन के-के गर्न सकिन्छ, त्यो गर्छौं। अझै पनि समय रहेकाले मतदाता बढाउन आयोग र सम्बद्ध सरोकारवालालाई सरकारले सहयोग गर्छ। सरकार यसलाई गम्भीरतापूर्वक लिएर अगाडि बढ्छ।

कमलराज भट्ट/नयाँ पत्रिका

२१ फागुनको निर्वाचनका लागि खुला गरिएको मतदाता नामावली संकलन अभियानमा उत्साहजनक सहभागिता देखिएको छैन। खास गरेर २३-२४ भदौको विद्रोहको नेतृत्व गरेको जेन-जी पुस्ताको नामावली दर्तामा अपेक्षाकृत सहभागिता छैन। ९ असोजदेखि सुरु नामावली दर्ता अभियानमा एक महिना बित्दा एक लाख युवाले पनि नाम दर्ता गराएका छैनन्। महिनाभरको यो संख्या एकदमै न्यून भएको आयोगकै पदाधिकारी बताउँछन्।

» पृष्ठ २ मा क्रमशः

■ जेन-जी प्रतिनिधि र विश्लेषक भन्छन्-

सदरमुकाम पुगुनुपर्ने झन्झट, प्रचारप्रसारको कमी र दलहरूकै निष्क्रियताले युवामा मतदाता बन्ने अपेक्षित उत्साह देखिएन



● **सुदन गुरुङ**, जेन-जी अगुवा

पुरानो सोचमा नयाँ निर्वाचन हुँदैन। नयाँ ढंगले, नयाँ पुस्ताले र नयाँ शैलीमा प्रचारप्रसार गर्नुपर्‍यो। हरेक डिजिटल प्लाटफर्म प्रयोग गरेर एक हप्ताको अभियान चलाउनुपर्छ। निर्वाचन घोषणा गरेर सरकार चुप बसेर हुँदैन। सरकारले जेन-जीसँग त्यति राम्रो कोअर्डिनेसन गर्न सकेन।




● **रक्षा बम**, जेन-जी अगुवा

सदरमुकाम जानुपर्ने बाध्यता र अन्य प्राविधिक समस्याले पनि युवाको सहभागितामा असर गरेको छ। कतिपय युवा प्लस टु सकेलगत्तै बिदेसिने भएकाले उनीहरूको प्राथमिकतामा नपरेको होला। सरकारको प्रचारप्रसार पनि पर्याप्त पुगेको नहुन सक्छ।



● **पुरुषोत्तम यादव**, जेन-जी अगुवा

युवाहरूको मतदाता नामावलीमा नाम दर्ता एकदमै जरुरी छ भनेर आयोगमै गएर भनेका हौं। सरकारलाई पनि भनेका थियौं। तर, ठोस प्रगति देखिएन। आयोग र सरकारको कमजोरी छ। मतदाता बन्न योग्य जेन-जीमध्ये न्यून मात्र दर्तामा आउनु चिन्ताको विषय हो।



● **योगेन्द्र भण्डारी**, जेन-जी अगुवा

हाम्रा साथीहरू गाउँबाट पढ्न वा रोजगार गर्न टाढा गएका छन्। मतदाता परिचयपत्र बनाउन मात्र आफ्नै ठाउँ जान सम्भव छैन। अर्को सूचना पनि पुग्न सकेको छैन। सरकारले अभियानकै रूपमा लैजान कमिटी बनाउनुपर्छ। वडासम्म घरघरै टिम पठाउनै पर्‍यो।

● प्राध्यापक डा. दीपेश घिमिरे भन्छन्-

मूलतः निर्वाचन आयोगले नै काम गर्न सकेन



संघीयताको मर्मअनुसार मतदाता नामावली संकलन वडा तहसम्म पुगेन। व्यक्ति नागरिकता लिन जान्छ, किनभने त्यो दैनिक जीवनका लागि आवश्यक हुन्छ। तर, मतदाता नामावलीमा नाम दर्ता नगराए पनि जीवनमा तत्काल प्रभाव नपर्ने भएकाले त्यतातिर ध्यान दिँदैन। त्यो व्यक्ति सदरमुकाम पुग्न समय र रकम खर्चेर जान चाहँदैन। अहिले दर्ता भएका ९० हजारमध्ये पनि धेरैजसो सहरी क्षेत्रका हुन्। अर्को निर्वाचन घोषणा भएपछि नामावली दर्ता नखुल्ने लामो अभ्यास थियो, अहिले विशेष व्यवस्था गरेर खुलेको हो भन्ने प्रचारप्रसार हुन सकेन। यसमा आयोगले काम गर्न सकेन।

राजनीतिक दलहरूको निष्क्रियता र आयोगको नेतृत्वका कारण पनि मतदाता दर्ता अभियान कमजोर बनेको हो। चुनाव दलहरूको प्रमुख जिम्मेवारी हो, आयोगले मात्र गर्न सक्दैन। दलहरूबिच संवाद नहुनु, विश्वासको वातावरण नबनिनु र सबै पार्टी आन्तरिक व्यवस्थापनमा व्यस्त हुनुजस्ता कारणले पनि मतदाता नामावलीमा नाम दर्ता अपेक्षाकृत भएन। साथै, सरकारले निर्वाचन आयोगमा स्थायी नेतृत्व नदिँदा सम्पूर्ण तयारीमा अनिश्चितता बढेको छ। आयोग निर्वाचन हुन्छ-हुँदैन भनेर आफैं अनिश्चयमा छ। सरकारले सबै सरोकारवालासँग विश्वासको वातावरण बनाउन सकेको छैन।

■ भिजिट भिसामा यात्रुमैत्री कार्यविधि

विनाकारण प्रस्थान रोके अध्यागमन कर्मचारीले क्षतिपूर्ति दिनुपर्ने



● **रामचन्द्र तिवारी**
महानिर्देशक, अध्यागमन विभाग

चार-पाँचपटकसम्म अफलोड भएकाहरू जसरी पनि बाहिर गएको देखियो। त्यस क्रममा धेरै खर्च हुने भएकाले आधारभूत कागजपत्र पुगेको अवस्थामा नरोक्ने नीति लिएका हौं।

काठमाडौं/ सरकारले भिजिट भिसामा यात्रुमैत्री कार्यविधि कार्यान्वयनमा ल्याएको छ। शुक्रबारदेखि आएको नयाँ व्यवस्थाअनुसार विमानस्थलमा कुनै वस्तुगत कारणविना यात्राको प्रस्थान रोकिएमा त्यसको क्षतिपूर्ति अध्यागमन कर्मचारीले नै व्यहोर्नुपर्नेछ।

गृह मन्त्रालयले अध्यागमन कार्यविधि, २०६५ संशोधन गरी विदेश घुम्न जाने प्रक्रिया सहज बनाएको हो। भिजिट भिसाको सम्भावित दुरुपयोग रोक्न यात्रुबाट स्वघोषणामा हस्ताक्षर गराइने विभागले जनाएको छ।

» पृष्ठ २ मा क्रमशः

२१ फागुनमै निर्वाचन हुन्छ, सुरक्षाको चिन्ता लिनुपर्दैन : प्रधानमन्त्री



शुक्रबार बालुवाटारमा सम्पादकहरूसँगको अन्तर्क्रियामा प्रधानमन्त्री सुशीला कार्कीले भनिन्-

लुटिएकामध्ये फिर्ता हुन बाँकी हतियार अब ५-६ सयजति होलान्, फिर्ता नभएका हतियार पनि कहाँ-कहाँ छन् भनेर प्रहरी प्रशासनले 'लोकेट' गरिसकेको छ। लोकेट गरिसकिएकाले ती हतियार पनि फिर्ता हुनेछन् भन्नेमा विश्वस्त छौं। सरकारले राष्ट्रपतिबाट पाएको कार्यादेशअनुसार केही मन्त्री निर्वाचन सम्पन्न गराउन र जेन-जी आन्दोलनको मागअनुसार सरकारका केही मन्त्री सुशासन कायम गराउन लागिपरेका छौं।

नयाँ पत्रिका

प्रधानमन्त्री सुशीला कार्कीले तोकिएको मिति २१ फागुनमै निर्वाचन हुनेमा अविश्वास नगर्न आग्रह गरेकी छिन्। गृहमन्त्री ओमप्रकाश अर्याललगायत मन्त्रीहरूलाई समेत राखेर शुक्रबार बालुवाटारमा सम्पादकहरूसँग अन्तर्क्रिया गरेकी कार्कीले निर्वाचनमा सुरक्षाको चिन्ता पनि लिनुपर्ने बताएकी छिन्।

जेन-जी आन्दोलनका क्रममा लुटिएका हतियार र कारागारबाट भागेका कैदीबन्दी भयरहित निर्वाचनका लागि चुनौती बन्न सक्ने सम्पादकहरूको जिज्ञासामा कार्कीले आधाजति फिर्ता भइसकेको र बाँकी पनि कहाँ छन् भनेर

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

ध्रुवीकरणतिर रास्वपा

वैकल्पिक शक्ति र जेन-जीहरूसँग छलफल, धेरैको जोड एकतामा



नयाँ पत्रिका

जेन-जी आन्दोलनपछि विकसित राजनीतिक घटनाक्रम र आसन्न प्रतिनिधिसभा निर्वाचनलाई लिएर राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले साझा एजेन्डामा सम्भावित सहकार्यका लागि गृहकार्य थालेको छ। यही सिलसिलामा रास्वपाले शुक्रबार परिवर्तन पक्षधर जेन-जी समूह, वैकल्पिक धारका विभिन्न दल, स्वतन्त्र नागरिक अभियन्ता र सरोकारवालासँग अन्तर्क्रिया गरेको छ।

उपसभापति एवं उच्च संवाद समिति संयोजक स्वर्णिम वाग्लेको अगुवाइमा शुक्रबार भएको वैकल्पिक शक्ति र जेन-

» पृष्ठ २ मा क्रमशः

■ किसानलाई धानखेतीमा दोहोरो मार

रोप्ने वेला पानी नपरेर आपत्, भित्र्याउने वेला पानी परेर बर्बाद

झापामा **चिरञ्जीवी घिमिरे**
लहानमा **मणिलाल विश्वकर्मा**
उदयपुरमा **विदुर कटुवाल**

चरम खडेरीका कारण ढिलो धान रोपाइँ गरेका मध्य र पूर्वी नेपालका किसान बाली भित्र्याउने वेला बेमौसमी वर्षाका कारण मारमा परेका छन्। बुधबार रातिदेखि परेको पानीले कतिपय ठाउँमा काटिसकेको धान डुबाएको मात्रै छैन, पाकिसकेको धान पनि ढलेर डुबानमा परेको छ।

विशेष गरी शुक्रबार मधेश र कोशीका तराईका जिल्लामा ठुलो पानी पर्‍यो। बढी धानखेती हुने सोही क्षेत्रमा बिहीबार साँझदेखि हावाहुरीसहित आएको वर्षाले काट्न ठिक्क भएको धान लडाएर क्षति पुगेको कृषि ज्ञान केन्द्र झापाका प्रमुख सागर विष्टले बताए। किसानले केही अगुवा (अगाडि रोपेको) धान भित्र्याइसकेको भए पनि पछुवा (पछि रोपेको) धान पाक्न लागेको छ।

'धान पाक्न लागेको थियो। हावाहुरीले ढलाएर पानीले भिजाएको छ। पाकेको धान पानीले मात्रै पनि ढल्छ,' उनले भने, 'हामी विवरण संकलन गरिरहेका छौं। शनिबार पनि पानी परिरह्यो भने धानबालीमा पूर्ण क्षति हुन्छ। २० देखि ५० प्रतिशत क्षति त शुक्रबारसम्मकै अवस्थाले हुने देखिन्छ।'

रोपाइँका वेला पानी नपर्दा झापामा गत वर्षभन्दा

» पृष्ठ २ मा क्रमशः



बतास र झरीले ढलेको धानखेतअगाडि सिराहाको नरहा गाउँपालिका- १, देवीपुर तिलासीका किसान रामप्रित महतो। उनले आफ्नो डेढ बिघामा लगाएको धान ढलेको बताए। 'खडेरीका कारण ढिलो रोपाइँ गरियो, अहिले पाक्नै लागेको धान ढलेर थप क्षति पुऱ्यायो,' उनले पीडा सुनाए।

■ **ठुलो वर्षा गराउने प्रणाली आज दिउँसोबाट बाहिरिने, भोलिदेखि घाम लाग्ने**


बुधबार रातिदेखिको वर्षा आज शनिबारबाट थामिने भएको छ। बिहान मधेश र कोशी प्रदेशमा वर्षा भए पनि दिउँसोबाट ठुलो वर्षा गराउने न्यूनचापीय प्रणाली बाहिरिने मौसमविद्हरूले बताएका छन्।

महाशाखाका वरिष्ठ मौसमविद् वरुण पौडेलले वर्षा रोकिएसँगै क्रमशः आकाश खुल्ने र आइतबारबाट देशभर घाम लाग्ने बताए। 'पूर्वी भूभागमा शनिबार बिहान पनि पानी पर्छ। दिउँसोबाट पानी थामिए पनि त्यहाँको आकाशमा बादल हुन्छ,' पौडेलले भने, 'तर, काठमाडौंदेखि पश्चिमको क्षेत्रमा दिउँसोबाट आकाश खुल्छ। कतै घाम लाग्ने, कतै बादल हुन सक्छ। आइतबारबाट भने देशभर घाम लाग्छ।'

महाशाखाका अनुसार शनिबार दिउँसो कोशीका थोरै स्थान तथा मधेश, बागमती र गण्डकीका पहाडी भूभागका एक-दुई स्थानमा मध्यम वर्षाको सम्भावना छ। त्यस्तै, कोशीका उच्च पहाडी तथा हिमाली भू-भागका थोरै स्थानमा हल्का हिमपातको आकलन छ।

झन्नयाँ

लोकगीत खोज्दै गाउँगाउँ डुल्दा...



लोक-संगीत

कुमार बस्नेत, लोकगायक

गीत सिक्न गाउँमा बारी खनेँ, हलो जोतेँ

इरान-इजरायल द्वन्द्व

खै कसरी बाँचेँ !

● अनकुमारी तिमल्सिना

बन्चरेडाँडा क्षेत्रका बासिन्दाको माग

उपत्यकाभित्रै फोहोर व्यवस्थापन गरियोस्

शिवहरि घिमिरे/नयाँ पत्रिका

काठमाडौं उपत्यकाको फोहोर विसर्जन गरिने नुवाकोटको बन्चरेडाँडाका बासिन्दाले उपत्यकाको फोहोर उपत्यकाभित्रै व्यवस्थापन गर्नुपर्ने माग राखेका छन् । विगतका १८ बुँदे माग कार्यान्वयन नभएको भन्दै फोहोर लैजान रोकेका उनीहरूले शुक्रबार सहरी विकास मन्त्रालयमा भएको वार्तामा सरोकारवालासँग यस्तो प्रस्ताव गरेका हुन् ।

काठमाडौं महानगरपालिकासहित उपत्यकाका २४ वटा नगरपालिकाले बन्चरेडाँडामा फाल्ने फोहोरले नुवाकोटको ककनी, बेलकोटगढी र धादिङको धुनीबेँसीका बासिन्दा प्रभावित हुँदै आएका छन् । यस क्षेत्रमा ४० हजार जनसंख्या छ । ल्यान्डफिल साइट बन्चरेडाँडामै यथावत् राख्ने हो भने प्रभावित बस्तीलाई अन्यत्र सार्नुपर्ने विकल्प पनि उनीहरूले राखेका छन् ।

'उपत्यकाको फोहोर हाम्रोतिर नपठाउनुहोस्, यतै समाधान गर्नुस्,' धुनीबेँसी नगरपालिका- १ का मनोज तामाङले माग राख्दै भने, 'हामीसँग सहमति गरे पनि काठमाडौं महानगरपालिका कार्यान्वयनबाट उम्किन खोज्यो, काठमाडौं महानगरले र सहरी विकास मन्त्रालयले हामीलाई पटक-पटक ढाँट्यो । दुई दिन फोहोर रोक्दा उपत्यकाका मानिसलाई टाउको दुख्छ, तर २० वर्षदेखि हामीले फोहोरको दुर्गन्ध सहनुपर्ने ? उपत्यकाका नगरपालिकाले २० वर्ष लगाएर पनि फोहोरको व्यवस्थापन गर्न सक्नुभएन ।' उनले महानगरपालिकाले फोहोरबाट मासिक लाखौं रकम उठाएपछि त्यसको व्यवस्थापन सही ढंगले नगरी आफूहरूलाई हैरानी दिएको भन्दै असन्तुष्टि पोखे ।

धुनीबेँसी- १ कै सुवास पाठकले बन्चरेडाँडा क्षेत्रको मुआब्जा, इआइए प्रतिवेदन, विगतका सहमति कार्यान्वयनमा ध्यान दिनुपर्ने बताए । 'यसअघिको इआइए प्रतिवेदन खोइ ? अब फेरि अध्ययन गर्नुपर्‍यो ?' उनले भने, 'उपत्यकाको फोहोरले हामीलाई रोगी बनाउँदा पनि ध्यान नदिनु लापरबाही होइन ?'

यस्ता छन् ०७९ मा

भएका मुख्य सहमति

- फोहोर ढुवानी रातिमा मात्रै गर्ने
- गाडीबाट फोहोरको लिच्चड बाटोमा नचुहाउने
- लिच्चड खोलामा नमिसाउने
- प्रभावित क्षेत्र पहिचान भइसकेपछि अधिग्रहण, मुआब्जा वितरणलगायत कार्य गर्ने
- फोहोरमैला व्यवस्थापनमा संलग्न चालक तथा सहचालक तथा अन्य कर्मचारीको महागर पालिकाले स्वास्थ्य बिमा गर्ने
- जटिल रोग लागेका प्रभावित क्षेत्रका बासिन्दालाई सहयोग गर्ने
- सिसडोल र बन्चरेडाँडामा फोहोरको दुर्गन्ध नआउने गरी महानगरले व्यवस्थापन गर्ने

पुरानो माग कार्यान्वयन नभएको भन्दै स्थानीयले केही दिनदेखि बन्चरेडाँडामा फोहोर लैजान अवरोध गर्दै आएका छन् । समस्याको समाधान खोज्न शुक्रबार सहरी विकास मन्त्रालयले सरकारवाला सबै पक्षलाई बोलाएर छलफल गरेको थियो । दिउँसो २ बजेदेखि ७ बजेसम्म छलफल भएको थियो । सरकारले ०७९ मा भएको १८ बुँदे सहमति कार्यान्वयन नगरेको भन्दै प्रभावित क्षेत्रका बासिन्दाले आक्रोश पोखेपछि छलफल विनानिष्कर्ष टुंगिएको थियो ।

१८ बुँदे सहमतिमा रातिमा मात्रै फोहोर ढुवानी गर्ने भनिएको थियो, तर पालना नभएको स्थानीयको गुनासो छ । 'सबैभन्दा पहिले त मानव बस्ती र फोहोर एकैठाउँ हुनुभएन, अर्को कुरा ०७९ जेठमा भएको सहमति कार्यान्वयन नै भएन,' ककनी गाउँपालिकाका अध्यक्ष सुमन तामाङले भने, 'ढुवानीमा निकै लापरबाही छ, फोहोर खसाल्ने, लिच्चड चुहिने समस्या छ । जसले बस्ती नै अस्तव्यस्त र दुर्गन्धित बनाएको छ । फोहोर व्यवस्थापन मापदण्डअनुसार गर्ने र पुराना सहमति कार्यान्वयन गर्ने हो भने समाधान निस्किन्छ ।' उनले पनि उपत्यकाको फोहोर उपत्यकाभित्रै व्यवस्थापन गर्ने हो भने कुनै गाउँ वा क्षेत्र फोहोरको सिकार बन्नुनपर्ने बताए । फोहोरका कारण कागती गाउँ, बन्चरेडाडाँमाथि सुडिनी, ढुंगानागाउँ, घोडारथुम्का बढी प्रभावित छन् ।

काठमाडौं महानगरपालिका वातावरण विभाग प्रमुख सरिता राईले पुरानो सहमतिका केही विषय कार्यान्वयन भएको दाबी गर्दै लिच्चड व्यवस्थापनका लागि चालू आवमै ट्रिटमेन्ट प्लान्ट बनाउने बताइन् । उनले ४५ करोड ८० लाख बजेट फोहोर व्यवस्थापनमा छुट्याइएको बताउँदै फोहोरबाट महानगरले ०७८ देखि ०८२ सम्म १० करोड ८६ करोड आम्दानी गरेको पनि सुनाइन् । त्यस्तै, काठमाडौंका सिडिओ ईश्वरराज पौडेलले बन्चरेडाँडाबासीको समस्यामा सबै स्थानीय तहसँग समन्वय गर्ने र अघि बढ्ने बताए । सहरी विकास मन्त्रालयका सचिव गोपालप्रसाद सिग्देलले उपत्यकाका २४ पालिकाको फोहोरले बन्चरेडाँडावासीलाई समस्या भएको बताउँदै फोहोर घटाउने रणनीतिसहित काम गरिने बताए । 'सबै पालिकाले आ-आफ्नो फोहोर व्यवस्थापन गरेको भए यो समस्या आउने थिएन, अझ फोहोर वर्गीकरण गरेको भए निकै कम फोहोर बन्चरेडाँडामा पुग्थ्यो,' उनले भने, 'यस्तो उपाय स्थानीय तहहरूले अपनाएका छैनन्, स्थानीयले उठाएका मागप्रति हामी जिम्मेवार छौं, तर अहिले फोहोर विसर्जनको अवरोध खोलौं, छलफललाई क्रमशः समाधानतिर लागौं ।'

महाधिवेशनसम्बन्धी प्रस्तावमा सहमति नभएपछि आइतबारसम्म कांग्रेस बैठक स्थगित

नयाँ पत्रिका

आसन्न महाधिवेशनको मिति र प्रक्रियालाई लिएर सिर्जित विवादले कांग्रेस केन्द्रीय कार्यसमिति बैठक प्रभावित भएको छ । महामन्त्री गगन थापाले मंसिरभित्र नियमित र सम्भव नभए विशेष महाधिवेशन गर्नुपर्ने प्रस्ताव पेस गर्न अनुमति नपाएपछि शुक्रबार तय बैठक आइतबारसम्मका लागि स्थगित भएको हो ।

प्रस्ताव पेस गर्ने सहमति नजुटेपछि महामन्त्री थापा बिहीबार बैठकमा सहभागी भएका थिएनन् । शुक्रबार कार्यवाहक सभापति पूर्णबहादुर खड्कासँग महामन्त्री थापाले छलफल गरे पनि निष्कर्षमा पुग्न नसकेपछि थप सहमतिका लागि बैठक सारिएको हो । केन्द्रीय कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले बैठक आइतबार बस्ने सूचना सार्वजनिक गरेका छन् ।

सहमति खोज्न शुक्रबार कार्यवाहक सभापति खड्काले नेता डा. शेखर कोइराला र महामन्त्रीद्वय थापा तथा विश्वप्रकाश शर्मासँग छलफल गरेका थिए । तर, महामन्त्रीको प्रस्ताव पेसबारे सहमति जुट्न सकेन । कोइरालाले महाधिवेशन गर्ने वातावरण बनाउनुपर्नेमा जोड दिएका थिए ।

महामन्त्री थापा र अर्का महामन्त्री शर्मा पार्टीको नियमित महाधिवेशन मंसिरभित्रै गर्नुपर्ने पक्षमा छन् । थापाले २७-२९ मंसिरसम्म पार्टीको महाधिवेशन गर्नुपर्ने प्रस्ताव बैठकमा राख्न लागेको, तर कार्यवाहक सभापति खड्काले अनुमति नदिएको कांग्रेस नेताहरूले बताउँदै आएका छन् । कांग्रेसका ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिले मंसिरमा पार्टीको विशेष महाधिवेशन गर्नुपर्ने मागसहितको हस्ताक्षर पार्टीलाई बुझाइसकेका छन् । कार्यवाहक सभापति खड्कासहित संस्थापन पक्षले भने पार्टीको महाधिवेशन आगामी वैशाखमा गर्नुपर्ने भन्दै आएको छ । कांग्रेस नेता डा. कोइरालाले भने संस्थापनसहित सबै पक्ष मिलेर नियमित महाधिवेशनमा जानुपर्ने धारणा राख्दै आएका छन् ।

बिहीबार केन्द्रीय समिति बैठकमा बोल्ने धेरैजसो नेताले २१ फागुनको प्रतिनिधिसभा निर्वाचनपूर्व महाधिवेशन सम्भव नहुने धारणा राखेका थिए । बिहीबार बोल्ने अधिकांश संस्थापन पक्षनिकट थिए । गत १ कात्तिकमा रोकिएको बैठक बिहीबारबाट पुनः सुरु भएको थियो । बिहीबार बोलेका १५ जनामध्ये अधिकांशले २१ फागुनको निर्वाचनअघि महाधिवेशन सम्भव नभएको बताएका थिए ।

कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महतले पार्टीको नियमित महाधिवेशन गर्नुपर्ने विषयमा पार्टीमा विवाद नभएको, तर कहिले गर्ने भन्नेबारे छलफलबाट निष्कर्ष निस्किने बताए ।

आइतबार विशेष महाधिवेशन पक्षधरको भेला

पार्टीको विशेष महाधिवेशन माग गर्दै हस्ताक्षर अभियान सञ्चालन गरेको समूहले आइतबार भेला बोलाएको छ । यो अभियानको अगुवाइ गरेका कांग्रेस नेता गुरुराज घिमिरेले पार्टी विधानको धारा १७ (२) बमोजिम विशेष महाधिवेशनको माग गर्दै केन्द्रीय कार्यालयमा निवेदन दर्ता गरिसकेका छन् । मंसिरभित्र नियमित वा विशेष महाधिवेशनका लागि दबाब दिन उक्त समूहले भेला बोलाएको छ ।

एक महिनामा...

पृष्ठ १ बाट क्रमशः

राष्ट्रिय जनगणना, २०७८ को तथ्यांकलाई आधार मानेर निर्वाचन आयोगले आसन्न निर्वाचनमा मतदाता बन्नयोग्य करिब २० लाख युवा रहेको अनुमान गरे पनि एक महिनामा दर्ता असाध्यै न्यून रहेको छ । आयोग पदाधिकारी, जेन-जी प्रतिनिधि र विश्लेषकका अनुसार सदरमुकाम पुग्नुपर्ने झन्झट, प्रचारप्रसारको कमी र दलहरूकै निष्क्रियताले युवामा मतदाता बन्ने अपेक्षित उत्साह देखिएको छैन । विभिन्न जेन-जी समूहले पनि अभियान चलाएका छैनन् ।

२३ र २४ भदौको आन्दोलनको नेतृत्व गरेका जेन-जीलाई आसन्न निर्वाचनमा सहभागी गराउन सरकारले अध्यादेशमार्फत मतदाता नामावली दर्ता खुला गरेको थियो । सरकारले अध्यादेशमार्फत कानुनमा सहजीकरण गरेपछि आयोगले ९ असोजदेखि मतदाता नामावली संकलन थालेको थियो । शुक्रबार ३४ दिन बितिसक्दा मतदाता नामावलीमा नाम दर्ता गराउने संख्या एक लाख पुगेको छैन ।

आयोगले उपलब्ध गराएको बिहीबार (१३ कात्तिक)सम्मको तथ्यांकअनुसार ९० हजार ३२ जनाले मात्रै मतदाता नामावलीमा नाम दर्ता गराएका छन् । जसमा ५४ हजार ७३४ पुरुष, ३५ हजार २९० महिला र अन्य आठजना छन् । आयोगले मतदाता नामावली संकलनका लागि कात्तिक मसान्तसम्मको समय दिएको छ । अब १६ दिन मात्रै बाँकी छ ।

कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीले मतदाता नामावलीमा नाम दर्ताका लागि आयोगले सबैलाई आह्वान गरेको तर जेन-जी पुस्ताका युवा किन आएनन् भनेर टिप्पणी गर्न नसकिने बताए । 'आयोगले सबैलाई मतदाता नामावली दर्ता हुन आह्वान गरेको छ । आयोगका कर्मचारी राति ११-१२ बजेसम्म बसेर काम गरिरहेका छन्, कठिनाइ केही पनि छैन,' उनले भने, 'तर, को किन आएनन् भन्ने थाहा छैन । सायद यो समूहको मान्छे बाहिर बढी छन् कि ? आउने-नआउने उनीहरूको स्वेच्छा हो । यसमा आयोगको कुनै टिप्पणी छैन ।'

तर, आयोगका एक आयुक्तले मतदाता नामावलीमा नाम दर्ताको सीमित समय र हालसम्मको न्यून सहभागिता हेर्दा धेरैले नाम दर्ता गराउने नदेखिएको बताए । 'मतदाता बन्नयोग्य २० लाख युवा छन् भन्ने अनुमान हो । तर, एक महिनामा एक लाख युवा पनि मतदाता बन्न आएनन् । युवामा उत्साह र सक्रियता देखिएन । यही तालले त दुई लाख पनि पुग्दैन होला,' ती आयुक्तले भने ।

समग्रमा अझै चुनावी माहोल बन्न नसकेको र केही प्राविधिक विषयले पनि युवा पुस्ता मतदाता बन्न नआएको हुन सक्ने उनको प्रतिक्रिया छ । 'राज्य र आयोगका तर्फबाट प्रचारप्रसार पुगेन, मतदाता नामावलीमा नाम दर्ताका लागि फोटो खिचाउन (बायोमेट्रिक) सदरमुकाम नै पुग्नुपर्ने बाध्यता भयो । र, दलहरूको बेवास्ताले मतदाता नामावली संकलन अपेक्षित हुन सकेन,' उनले सुनाए ।

उनका अनुसार जिल्लामा पनि जनशक्ति र साधन-स्रोतको अभाव छ । 'मतदाता नामावली संकलनमा दलहरूले चासो लिएर वडावडामा सक्रियपूर्वक काम गर्नुपर्ने हो, तर यस्तो भएन । आयोगका जिल्ला तहमा पनि बायोमेट्रिकका लागि धेरै साधन-स्रोत छैन । आयोग पनि धेरै चाप होला कि भनेर डराएको छ । समग्र माहोल बनाउन सके मतदाता थपिन्छन् होला,' ती आयुक्त भन्छन् ।

जेन-जी अगुवा रक्षा बमले एउटा मात्र कारण नभई धेरै कुराले मतदाता नामावली दर्तामा युवाहरूको कमजोर सहभागिता देखिएको बताउँछिन् । उनले प्रचारप्रसार र सचेतना नपुगेकाले अपेक्षित उपलब्धि हासिल गर्न नसकेको र अब सरकारसँगको वार्तामा यो विषय उठाउने बताइन् ।

'जुन तरिकाले प्रचारप्रसार र सचेतना हुनुपर्ने हो, त्यो देखिएन । जनस्तरबाट पनि पर्याप्त अग्रसरता नदेखिएको होला । कतिपय युवा प्लस टु सकेलगत्तै बिदेसिने भएकाले उनीहरूको प्राथमिकतामा मतदाता नामावलीमा दर्ता नपरेको होला । सरकारको प्रचारप्रसार पनि पर्याप्त पुगेको नहुन सक्छ । त्यसैले अपेक्षित परिणाम हासिल हुन सकेन,' उनले भनिन्, 'सदरमुकाम जानुपर्ने बाध्यता र अन्य प्राविधिक समस्या पनि युवाको सहभागितामा असर गरेको छ । यी समस्या समाधान गर्न सरकार र सरोकारवालासँग निरन्तर छलफल गर्दै छौं । अबका भेटघाट र वार्तामा यो मुद्दा उठाउँछौं ।'

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र विभागका प्राध्यापक डा. दीपेश घिमिरेले मतदाता नामावली संकलन वडा तहसम्म नपुग्दा, नयाँ पुस्तालाई सहजै दर्ता गर्न सक्ने वातावरण नबन्दा, राजनीतिक दलहरूमा निष्क्रियता देखिँदा, आयोगमा स्थायी नेतृत्व नहुँदाजस्ता कारणले युवाहरू मतदाता नामावली दर्तामा नगएको बताए । संघीयताको मर्मअनुसार मतदाता नामावली संकलन वडा तहसम्म नपुगेका कारण समस्या देखिएको उनी बताउँछन् । 'व्यक्ति नागरिकता लिन जान्छ, किनभने त्यो दैनिक जीवनका लागि आवश्यक हुन्छ । तर, मतदाता नामावलीमा नाम दर्ता नगराए पनि जीवनमा तत्काल प्रभाव नपर्ने भएकाले त्यतातिर ध्यान दिँदैन । त्यो व्यक्ति सदरमुकाम पुग्न समय र खर्च खर्चेर जान चाहँदैन । अहिले दर्ता भएका ९० हजारमध्ये पनि धेरैजसो सहरी क्षेत्रका हुन्,' उनी भन्छन्, 'अर्को निर्वाचन घोषणा भएपछि नामावली दर्ता नखुल्ने लामो अभ्यास थियो, अहिले विशेष व्यवस्था गरेर खुलेको हो भन्ने प्रचारप्रसार हुन सकेन । यसमा आयोगले काम गर्न सकेन ।'

प्राध्यापक डा. घिमिरेका अनुसार राजनीतिक दलहरूको निष्क्रियता र आयोगको नेतृत्वका कारण पनि मतदाता दर्ता अभियान कमजोर बनेको हो । 'चुनाव दलहरूको प्रमुख जिम्मेवारी हो, आयोगले मात्र गर्न सक्दैन,' उनले भने, 'दलहरूबिच संवाद नहुनु, विश्वासको वातावरण नबनिनु र सबै पार्टी आन्तरिक व्यवस्थापनमा व्यस्त हुनुजस्ता कारणले पनि मतदाता नामावलीमा नाम दर्ता अपेक्षाकृत भएन,' उनी भन्छन्, 'साथै सरकारले निर्वाचन आयोगमा स्थायी नेतृत्व नदिँदा सम्पूर्ण तयारीमा अनिश्चितता बढेको छ । आयोग निर्वाचन हुन्छ-हुँदैन भनेर आफैं अनिश्चयमा छ । सरकारले सबै सरोकारवालासँग विश्वासको वातावरण बनाउन सकेको छैन ।'

सरकारका प्रवक्ता एवं सञ्चारमन्त्री जगदीश खरेलले मतदाता नामावलीमा नाम दर्ताका लागि नागरिकलाई उत्प्रेरित गर्न सरकारले आवश्यक कदम चाल्ने बताए । 'मतदाता नामावलीमा नाम दर्ता अपेक्षित बढ्न नसकेको रहेछ भने सरकारले निर्वाचन आयोगसँग छलफल गर्छ । नाम दर्ता बढाउने के-के गर्न सकिन्छ, त्यो गर्छौं,' उनले भने, 'अझै पनि समय रहेकाले मतदाता बढाउन आयोग र सम्बद्ध सरोकारवालाई सरकारले सहयोग गर्छ । सरकारले यसलाई गम्भीरतापूर्वक लिएर अगाडि बढ्छ ।'

विभाजनतिर...

पृष्ठ १ बाट क्रमशः

पनि छलफल गरौं, अलि समय लिएर जानुपर्छसम्म भन्नुभएको हो । मुख्य कुरा व्यक्तिगत रूपमा बाहिर कसले के भन्यो भन्दा पनि बैठकमा के भयो भन्ने महत्त्वपूर्ण हो ।'

केन्द्रीय कमिटीबाट अध्यक्ष नेपालले एकतासम्बन्धी प्रस्तावबारे निर्णय सुनाउने क्रममा महासचिव घनश्याम भुसालसहितका केही पदाधिकारी र केन्द्रीय कमिटीका सदस्यले असन्तुष्ट जनाएका थिए । होहल्लाबिचमै निर्णय गर्न खोजिएपछि असन्तुष्ट नेताहरूले प्रतिवाद गरेका थिए ।

सम्मानित नेता खनालसहित वरिष्ठ नेता घनेन्द्र बस्नेत र महासचिव भुसाल, स्थायी कमिटी सदस्यमा विजय पौडेल, रामकुमारी झाँक्री र जीवनराम श्रेष्ठ पार्टी पुनर्गठन गरेर एकीकृत समाजवादीलाई नै निरन्तरता दिने या ध्रुवीकरणमार्फत नयाँ पार्टी बनाउने पक्षमा छन् । त्यस्तै, पोलिटब्युरो सदस्य लक्ष्मण लम्साल, शिव भण्डारी, अब्दुल हुसैन, अशेष घिमिरे, दामोदर अर्याल, पोलिटब्युरो सदस्य धर्म निरौला, महेश रेग्मी र केन्द्रीय सदस्य आरती लामा, पासाङडोल्मा लामासहित करिब ६० आसपास सदस्य खनाल र भुसालले उठाएको पार्टी पुनर्गठनको पक्षमा उभिएका छन् । झाँक्रीसहित भानुभक्त जोशी, प्रेम आले, किसान श्रेष्ठलगायत एउटा समूह भने एमालेमै फर्किने गरी नियमित सम्पर्कमा पनि छन् ।

नेतृ झाँक्रीले बहुमतबाट निर्णय भए पनि माओवादीसँगको एकताबाट अहिलेको संकट समाधान नहुने बताइन् । 'उहाँहरूले बहुमतबाट निर्णय गर्नुभयो । माओवादीसँग मर्जरमा जान सक्नुहुन्छ, तर हामीले एमालेसहित बृहत् वाम एकता चाहेका हौं,' उनले भनिन्, 'त्यसैले पुनर्गठनको प्रक्रियाबाट पार्टी अगाडि बढाउँछौं । निर्णयप्रति नेता-कार्यकर्तासहितको ठुलो पंक्ति सन्तुष्ट छैन ।'

बैठकमा फरक मतबारे बोल्नसमेत नदिई जबर्जस्ती निर्णय गरिएको भन्दै खनालले ३० बुँदे फरक मत सार्वजनिक गर्ने बताएका छन् । तर, पार्टीभित्र फरक मत आउनु स्वाभाविक भए पनि अध्यक्ष नेपालको एकतासम्बन्धी विशेष प्रस्ताव सर्वसम्मत पारित भएको उपाध्यक्ष ज्वालाको दाबी छ । 'उहाँले अन्तिममा बोल्ने क्रममा मेरो मत दर्ज होस् भनेर एउटा अलग्गै राजनीतिक दस्तावेजसहित मत राख्नुभो । कुनै पनि नेताले बैठकमा मत दर्ज गर्ने कुरालाई पार्टीले सम्मान गर्छ,' ज्वालाले भने ।

विनाकारण...

पृष्ठ १ बाट क्रमशः

अध्यागमन विभागका महानिर्देशक रामचन्द्र तिवारीका अनुसार नयाँ कार्यविधिअनुसार अब ६ महिना अवधि भएको पासपोर्ट, सम्बन्धित देशको भिसा र टिकट भए पुग्छ । भिजिट भिसामा हुन सक्ने विकृति रोक्न र नागरिकलाई सहज बनाउन कार्यविधि संशोधन गरिएको उनको भनाइ छ ।

कार्यविधि संशोधनपूर्व भिजिट भिसामा विदेश जान दुईतर्फी हवाई टिकट, होटेल बुकिङ र न्यूनतम पाँच सय अमेरिकी डलरसमेत अनिवार्य थियो । यसले यात्रुलाई अनावश्यक ठगी र शोषण भएको भन्दै कार्यविधि सरल बनाएर कार्यान्वयन गरिएको विभागका महानिर्देशक तिवारी बताउँछन् ।

भिजिट भिसाका नाममा अध्यागमनमा हुने सेटिङ बाहिरिएपछि कार्यविधि संशोधन गरी वस्तुगत कारणविना कसैलाई नरोक्ने गरी व्यवस्था भएको हो । अध्यागमन कर्मचारीले कुनै वस्तुगत कारणविना शंकाकै भरमा रोकेमा सम्बन्धित व्यक्तिको क्षतिपूर्ति कर्मचारीबाटै भराउने व्यवस्था गरिने विभागका महानिर्देशक तिवारी बताउँछन् ।

भिजिट भिसाका नाममा रोजगारीको उद्देश्यले धेरै बाहिर जाने र उनीहरूले समस्या भोग्ने गरेको भन्दै यसअघि अध्यागमनले कडाइ गर्दै आएको थियो । तर, त्यसरी रोकिएकाहरू जसरी पनि विदेश जाने नै गरेको देखिएकाले नियम खुकुलो बनाइएको अध्यागमन विभागले जनाएको छ । 'चार-पाँचपटकसम्म अफलोड भएकाहरू जसरी पनि बाहिर गएको देखियो,' महानिर्देशक तिवारी भन्छन्, 'त्यस क्रममा धेरै खर्च हुने भएकाले आधारभूत कागजपत्र पुगेको अवस्थामा नरोक्ने नीति लिएका हौं ।' कतिपय भिजिट भिसामा गएर उतै काम गरेरसमेत बस्ने गरेका छन् । उनीहरूलाई पनि नयाँ व्यवस्थाले सहज हुने भएको छ ।

भिजिट भिसामा जानेको स्वघोषणाको भने हाल लिखित कागजमा हस्ताक्षर गरिने र पछि नागरिक एपबाटै त्यससम्बन्धी फाराम भर्न मिल्ने व्यवस्था गरिने विभागले जनाएको छ ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित अध्यागमन कार्यालयका प्रमुख नरहरि घिमिरे हाल भिजिट भिसामा विदेश जानेमाथि शोषण हुँदै आएकाले अब त्यो रोकिने बताउँछन् । 'दुईतर्फ टिकटका नाममा ४०-५० हजारको भार पारिन्छ, त्यस्तो टिकट केही समय मात्र होल्ड गरेर रद्द हुने रहेछ,' उनी भन्छन्, 'होटेल बुकिङ देखाउन ३५ सय र डलर सटहीका लागि एक हजार लिने गरिएको रहेछ, दिनमै भिजिट भिसामा करिब पाँच सय बाहिर जान्छन्, अब यो धन्दा बन्द भएको छ ।'

विगतमा अध्यागमनले कडाइ गरेपछि बिचौलियाले अध्यागमन कर्मचारीसँग मिलेर सेटिङ चलाउँदै आएका थिए । सोही कारण अध्यागमन बदनाम हुँदै आएको छ । अब, अध्यागमनमा पनि यो धन्दा रोकिने गृह मन्त्रालयका अधिकारी बताउँछन् ।

२१ फागुनमै...

पृष्ठ १ बाट क्रमशः

थाहा भइसकेको दाबी गरिन् । 'लुटिएकामध्ये फिर्ता हुन बाँकी हतियार अब ५-६ सयजति होलान्, फिर्ता नभएका हतियार पनि कहाँ-कहाँ छन् भनेर प्रहरी प्रशासनले 'लोकेट' गरिसकेको छ,' उनले भनिन्, 'लोकेट गरिसकिएकाले ती हतियार पनि फिर्ता हुनेछन् भन्नेमा विश्वस्त छौं ।'

सरकारले राष्ट्रपतिबाट पाएको कार्यादेशअनुसार केही मन्त्री निर्वाचन सम्पन्न गराउन र जेन-जी आन्दोलनको मागअनुसार सरकारका केही मन्त्री सुशासन कायम गराउन लागिपरेको उनको भनाइ थियो । निर्वाचन आयोगमा रिक्त आयुक्तहरू थप्ने तयारी भइरहेको पनि जानकारी गराइन् । यसमा कानुनी र प्रक्रियागत विषयले केही जटिलता भएको उनको भनाइ छ ।

'प्रमुख निर्वाचन आयुक्तबारे सोचेका छौं, अहिलेको व्यवस्थाअनुसार केही समय लाग्न सक्छ, त्यसैले छिट्टै निर्णयमा पुगिहाल्छौं,' उनले भनिन्, 'आयोगमा निर्वाचनबारे ज्ञान भएका न्यायाधीशहरू र कर्मचारीहरूलाई पनि राख्न सकिन्छ ।' पाँच सदस्यीय निर्वाचन आयोगमा प्रमुख निर्वाचन आयुक्त र एक आयुक्तको पद रिक्त छ । प्रधानमन्त्री कार्कीले चुनाव गराउन चाहिने १२० सामग्रीमध्ये ९० वटा अहिले नै रहेको तथा बाँकी सामग्री पनि नेपालमै जोहो गर्ने भनेर निर्वाचन आयोगले ब्रिफिङ गरेकाले कुनै नयाँ खरिद प्रक्रिया अघि नबढेको पनि बताइन् ।

दलहरूलाई निषेध गर्ने नियत नभएको स्पष्टोक्ति

प्रधानमन्त्री कार्कीले दलहरूलाई निषेध गर्ने वा उनीहरूलाई विहीन अवस्था बनाउने नियत नरहेको पनि स्पष्ट पारिन् । 'दलहरूलाई निषेध गर्ने कुनै नियत छैन । सुरुकै दिनदेखि दलहरूसँग सरकारले विभिन्न माध्यममा कुरा गरेको हो । सुरुमा दलसँग कुरा गर्दा जेन-जीको आक्रोश सामना गर्नुपर्थ्यो । हाम्रा हत्यारालाई ल्याउने भन्ने नारा पनि मैले खेपेको छु,' उनले भनिन्, 'यही कारण राष्ट्रपतिलाई अघि सारेर दलहरूसँग छलफल गरियो, अनि आफैं पनि दलसहित सर्वपक्षीय छलफल बोलाएर गरेको छु ।'

जेन-जीमा आकाश-जमिनको फरक आएको दाबी

प्रधानमन्त्री कार्कीले आन्दोलन गर्दाका दिनका र आजका जेन-जीको बुझाइमा आकाश-जमिन फरक भएकोसमेत बताएकी छिन् । सुरुमा विभिन्न माग लिएर आउने जेन-जी युवा अहिले हालकै संविधान र व्यवस्थामा रहेर चुनावमा जानुपर्ने विन्दुमा आइपुगेको उनको भनाइ छ ।

'डे वानका जेन-जी र आजका जेन-जीमा आकाश-जमिनको फरक छ । हामीले भन्दा राम्ररी कानुनका कुरा गर्ने भएका छन् । बुझाइ कति राम्रो भएको छ,' उनले भनिन्, 'अहिले जेन-जी खारिँदै गएका छन् ।' बालुवाटारमा भएको सरकार, राजनीतिक दल र जेन-जीबिचको वार्ताले पनि निर्वाचनका लागि सकारात्मक वातावरण बनाएको उनले सुनाइन् ।

रोप्ने वेला...

पृष्ठ १ बाट क्रमशः

तीन हजार हेक्टर कम अर्थात् ७२ हजार चार सय हेक्टरमा मात्र रोपाइँ भएको थियो । त्यस्तै, असोजमा आएको वर्षासँगैको बाढीले ४६३.२४ हेक्टरमा लगाएको धानमा पाँच करोड ७५ लाखको क्षति पुऱ्याएको थियो । 'असोजको पानीले केही स्थानीय तहका किसानको धानमा मात्र क्षति पुऱ्याएको थियो । अहिले सबैतिरको धानबालीमा क्षति पुऱ्याएको छ,' विष्टले भने ।

सिराहाको नरहा गाउँपालिका- १, देवीपुर तिलासीका किसान रामखेलाउन यादवले दुई दिन भरी पर्दा एक बिघामा लगाएको बासमती धान सोत्तर बनाएको गुनासो गरे । 'रोप्ने वेला खडेरीले सतायो, अहिले पाक्नै लागेको धान ढलेर सोत्तर बनाएको छ । बिउ, मलको लगानी पनि नउठ्ने भयो,' उनले पीडा सुनाए । हालै मात्र रोपेको आलु, मुसुरो, खेसरी, चना, आलसलाई पनि वर्षाले असर पुऱ्याएको उनको भनाइ छ ।


रामखेलाउनकै छिमेकी रामप्रित महतोले पनि डेढ बिघाको धान ढलेको सुनाए । 'खडेरीका कारण ढिलो रोपाइँ गरियो, अहिले पाक्नै लागेको धान ढलेर थप क्षति पुऱ्यायो,' उनले भने । गोलबजार- ९ का पूर्ववडाध्यक्षसमेत रहेका किसान रामपुकार कामतीले वर्षाले पाक्नै लागेको धान ढलेपछि क्षति पुगेको बताए । 'रोप्ने वेलामा खडेरीको मारमा परेका किसान जसोतसो रोपेर हुर्काएको धान भित्र्याउने वेलामा बेमौसमी वर्षाको चपेटामा परेका छन्,' उनले भने, 'लामो खडेरीपछि रोपेको धान पाक्नै लाग्दा फेरि वर्षाले डुबायो ।' मधेशमा साउनको अन्तिम सातातिर मात्र ठुलो पानी परेपछि धेरै किसानले धान रोप्न पाएका थिए ।

सिराहामा ८८.१७ प्रतिशत रोपाइँ भएको कृषि ज्ञान केन्द्र सिराहाका प्रमुख नरेन्द्रकुमार महासेठले बताए । उनका अनुसार मौसम सामान्य रहेको अवस्थामा प्रायः कात्तिकको तेस्रो सातादेखि धान कटाइ सुरु हुन्छ । तर, यस वर्ष ढिलो रोपाइँ भएकाले धान काट्न बाँकी थियो । 'असार र साउन मध्यसम्म रोपिएको धान फाट्टफुट्ट कटाइ पनि सुरु भएको थियो । तर, वर्षाले पाक्नै लागेको प्रायः बासमती धान ढलेर क्षति भएको खबर आएको छ,' उनले भने ।

त्यस्तै, उदयपुरमा वर्षासँगैको हावाहुरीले एक हजार ३४ हेक्टरको धानखेतीमा क्षति पुगेको छ । कृषि ज्ञान केन्द्र उदयपुरका प्रमुख, वरिष्ठ कृषि अर्थविज्ञ योगेन्द्रप्रसाद यादवले धान भित्र्याउने वेला पानी र हावाहुरी चलेपछि क्षति पुगेको बताए । 'काटेको धान पानीमै डुबेको गुनासो आएको छ । अग्लो धानका बोट हावाका कारण ढलेका छन्,' उनले भने । उदयपुरको भित्रीमधेश क्षेत्र त्रियुगा, चौदण्डीगढी, बेलका, कटारी नगरपालिकामा धान भित्र्याउने समयमा वर्षा र हवाहुरी आएपछि धान ढलेको हो । उदयपुरमा १२ हजार ९२५ हेक्टरमा धान रोपाइँ भएको थियो ।

ध्रवीकरणतिर...

पृष्ठ १ बाट क्रमशः



● **डा. बाबुराम भट्टराई,** पूर्वप्रधानमन्त्री

'मुख्यतः पहाडी भेगमा तपाईंहरूको शक्ति छ । मधेश महत्त्वपूर्ण क्षेत्र हो । मूल मधेशबाट पनि केही शक्ति यसमा जोडिनुपर्छ । तपाईंहरू सबै यी न्यूनतम कुरामा सहमत भएर एउटै पार्टी बनाउनुस् । यसका लागि रवि लामिछानेजीलाई पनि निकालौं । उहाँको नेतृत्व पनि आवश्यकता छ । त्योसँगसँगै राम्रो टिम बनाएर जाने हो भने कांग्रेस र कम्युनिस्ट नामका पार्टीहरूले जनतालाई ठगेर जुन दुर्दशामा पुऱ्याएका छन्, त्यसबाट मुक्त गरेर साँच्चैको विकल्प दिन सकिन्छ । त्यसमा लाग्नुस् । मेरो पूर्ण साथ-सहयोग रहन्छ ।

जी समूहहरूसँग छलफलमा सहभागीले एकतामा जोड दिएका छन् । 'जेन-जी आन्दोलनका उपलब्धि, अगाडिको बाटो र निकास' शीर्षकमा बृहत् राजनीतिक संवाद आयोजना गरेको रास्वपाले सहकार्य गर्न सकिने एजेन्डा र शक्तिमाथि नजर लगाएको छ ।

कार्यक्रममा वाग्लेले वैकल्पिक शक्तिबिच सहकार्य र एकताका लागि रास्वपाले प्रयास गरिरहेको बताए । 'दुईपक्षीय, त्रिपक्षीय र बहुपक्षीय संवादहरू एकदमै घनीभूत ढंगले भइरहेको छ । पुकार बमको नेतृत्वमा समिति बनाएर संवाद र सहकार्य चलिरहेको छ । त्यसलाई विन्दुमा पुऱ्याएपछि शीर्ष नेतृत्व, स्थापित राजनीतिक पात्रहरूसँग संवाद गर्नका लागि मेरै संयोजकत्वमा उच्चस्तरीय संवाद समिति छ,' उनले भने, 'हामीले वार्ता गरेर सबै कुरा टुंग्याउने भन्दा पनि एक-अर्काको कुरा बुझौं, समानुभूति बनाउँ भन्ने दृष्टिले दुईपक्षीय र बहुपक्षीय संवाद आयोजना गरेका हौं । यस्तो संवाद निरन्तर गर्नेछौं ।' वाग्लेले छलफलमा जेन-जीको आन्दोलनलाई संस्थागत गर्नुपर्ने, पुराना गल्तीबाट सच्चिएर जानुपर्ने, आर्थिक समृद्धिलाई केन्द्रमा राख्नुपर्ने, एजेन्डामा सहकार्य र एकता गरेर जानुपर्ने धारणा आएको बताए । साथै उनले एकताका लागि रास्वपा न्यूनतम उदारता देखाउन तयार रहेको पनि सुनाए । 'रास्वपाबारे आएका धारणा सकारात्मक छन् । विधि-प्रक्रियाबाट सबै निरूपण हुन्छ । हामी सहकार्य गर्ने मूल विन्दु नै विचार र सिद्धान्त हो, त्यो स्पष्ट छ,' उनले भने, 'पुराना उपलब्धि ग्रहण गरेर जाने हो । वैकल्पिक शक्तिबिच सहकार्य र एकताका लागि न्यूनतम उदारता रास्वपाले देखाउँछ । कुनै अहमता नदेखाई हामी निहुरिनुपर्छ, झुक्नुपर्छ र मिलाउनुपर्छ भन्ने चेत छ ।'

पूर्वप्रधानमन्त्री बाबुराम भट्टराईले नयाँ र वैकल्पिक शक्ति सबै एक ठाउँमा नआए कांग्रेस र कम्युनिस्टलाई परास्त गर्न कठिन हुने बताए । 'मुख्यतः पहाडी भेगमा तपाईंहरूको शक्ति छ । मधेश महत्त्वपूर्ण क्षेत्र हो । मूल मधेशबाट पनि केही शक्ति यसमा जोडिनुपर्छ । तपाईंहरू सबै यी न्यूनतम कुरामा सहमत भएर एउटै पार्टी बनाउनुस्,' डा.भट्टराईले भने, 'यसका लागि रवि लामिछानेजीलाई पनि निकालौं । उहाँको नेतृत्व पनि आवश्यकता छ । त्योसँगसँगै राम्रो टिम बनाएर जाने हो भने कांग्रेस र कम्युनिस्ट नामका पार्टीहरूले जनतालाई ठगेर जुन दुर्दशामा पुऱ्याएका छन्, त्यसबाट मुक्त गरेर साँच्चैको विकल्प दिन सकिन्छ । त्यसमा लाग्नुस् । मेरो पूर्ण साथ-सहयोग रहन्छ ।'

नागरिक उन्मुक्ति पार्टी नेपालका संरक्षक रेशम चौधरीले आफूहरू जहिले पनि परिवर्तनमा लागेको र जेन-जीहरूको मुद्दा संस्थागतका लागि सहकार्य गर्न तयार रहेको बताए । 'हाम्रो आवाज बोल्नुस्, हामी तपाईंसँगै छौं । नागरिक जेन-जीको जनविद्रोहको साथमा छन् । सबै प्रकारको आन्दोलनलाई संस्थागत गर्न आवाज उठोस्,' उनले भने, 'सबै मिलेर जाउँ, सहकार्य गरौं । यो समूहले थारूहरूको सम्मान गरोस् । हामी छाती खोलेर सहकार्य गर्न तयार छौं ।'

विवेकशील साझा पार्टीका प्रकाशचन्द्र परियारले जेन-जी विद्रोह असमानताविरुद्धको आर्थिक क्रान्ति भएको बताए । 'बेथितिविरुद्ध ०८४ सोचिरहेका थियौं, ०८२ मै झस्काइदिनुभयो,' उनले भने ।

काठमाडौं विश्वविद्यालयका प्रध्यापक निर्मलमणि अधिकारीले नेपाललाई पुनर्संरचना गर्न विचार मिल्नेहरू एक ठाउँमा उभिनु राम्रो हुने बताए । 'मिल्ने कुरामा सबै शक्तिसँग सहकार्य गर्नुपर्छ,' उनले भने ।

डाक्टर रामजी रामले देश बनाउन वैकल्पिक शक्तिहरू मिल्नुको विकल्प नभएको बताए । 'देश बनाउन एकजना नेता भएर हुँदैन, राजनेता बनेर हुँदैन । गरिबी बनाउने समूहसँग लड्नुपर्छ,' उनले भने, 'यो विशेष परिस्थितिमा तपाईंहरूको भित्रको इगो त्याग्नुपर्छ । ग्रेड लिडरसिप कसरी बनाउने भनेर लाग्नुपर्छ । देश बनाउन सबै जुटिदिनुस् ।'


स्वतन्त्र राजनीतिक अभियन्ता रेशु अर्याल ढुंगानाले जेन-जी र वैकल्पिक शक्ति मिलेर जानुपर्ने र महिला तथा अल्पसंख्यकको एजेन्डा बोक्नुपर्ने बताइन् । उनले चक्रवर्ती नेताको कुरा छोडिदिन पनि अनुरोध गर्दै कलेक्टिभ लिडरसिपमा जोड दिइन् । 'विचार नमिल्नेहरूबिच पनि एजेन्डामा सहकार्य गर्न सकिन्छ,' उनले भनिन् ।

जेन-जी अगुवा योगेन्द्र भण्डारीले घाइते र मृतक परिवार पहिलो प्राथमिकता हुनुपर्ने बताए । 'भ्रष्टाचारविरोधी अभियानका क्रममा जेन-जी आन्दोलन भएको, तर आज घाइतेलाई बेवास्ता गरिएको छ,' उनको भनाइ छ, 'वैकल्पिक शक्ति एक ठाउँमा आउनुपर्छ, चुनावअगाडि आन्दोलनका माग सम्बोधन हुनुपर्छ ।'

जेन-जी अगुवा युजनराज भण्डारीले वैकल्पिक शक्ति एक ठाउँमा आउने प्रस्ताव राम्रो भएको, तर व्यवहारमा रूपान्तरण हुनुपर्ने बताए । 'रास्वपाप्रति सद्भाव छ । रास्वपा नयाँ हो, तर वैकल्पिक होइन । वैकल्पिक भनेको रूपान्तरण हो । रास्वपामा किन रूपान्तरण हुन सकेन ?' उनले प्रश्न गरे । साथै उनले थपे, 'अबका पार्टीहरू आन्दोलनको म्यान्डेट बोकेर आउनुपर्छ र नेतृत्व युवाले गर्नुपर्छ ।'

राष्ट्रिय जेन-जी पार्टी नेपालका अध्यक्ष किरण बिकेले बृहत् एकता र सहकार्यका लागि सबैले आफ्नो कार्यशैली सच्याउनुपर्ने र उदार हुनुपर्ने बताए । राष्ट्रका लागि जागरण अभियानका संयोजक शरतसिंह यादवले जेन-जी आन्दोलनमा मधेश कहाँ छ भनेर प्रश्न गरे ।

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्यालनयाँ
शनिबार १५ कार्तिक ०८२
nayapatrikaofficial @nayapatrika



लोक-संगीत



● **कुमार बस्नेत**
लोकगायक

एक समयका चर्चित लोकगायक हुनु, कुमार बस्नेत। रेडियो नेपालमा उनका गीत खुब घन्किन्थे। खासगरी, गाउँघर, वनपाखामा गुञ्जिने लोकभाकालाई संकलन गरी रेकर्ड गर्थे। उनलाई कतिपयले जनताको भाका गाउने गायक भने, कतिपयले गाली पनि गरे। तर, उनी ठेट नेपाली भाका त्याएको बताउँछन्। ८२ वर्षे बस्नेतले गाउँघरमा गीत संकलन गर्दाका अनुभव ***पवन बराइली****लाई सुनाएका छन् :*

लोकगीत खोज्दै गाउँगाउँ डुल्दा...

गीत सिक्न गाउँमा बारी खनैं, हलो जोतैं

सिन्धुपाल्चोकको कोदारीको जंगलमा एकजना लाहुरेले भैंसी चराउँदै गीत गाएको सुनें। उनले साह्रै मिठो भाकामा गाए। उनकै घरमा पाहुना लाग्न गएँ। उनीसँगै गीत सिक्न वास बसें। उनकै घरको बारी खन्ने र हलो जोत्ने काम गरें। गाईलाई घाँस काटें। बारी खन्दै गीत सिकें। यो गीत तयार हुन ६ महिना लागेको थियो। काठमाडौं फर्किएर गीत बनाएँ। त्यसपछि गीत चर्चित बन्यो।

दोलखामा भेटें, कुखुरा काटी भोग दिउँला...

मेरो जन्म काठमाडौंको कमलपोखरीमा भए पनि हुर्काइ दोलखामा भयो। त्यसैले, गाउँले परिवेशसँग गहिरो रूपमा जोडिएँ। सानैदेखि दोलखाको संस्कृति, जात्रा र लोकभाकामा रमाउँदै हुर्किएँ। त्यहाँको हावापानी, मेलापर्व, जात्रा अनि सांगीतिक परिवेशले मेरो सिर्जनात्मकतालाई ढाल्दै लग्यो। जात्राको वेला गाउँका केटाहरू भेला भएर भाका हाल्थे, गीत गाउँथे। यही वातावरणमा आफूलाई ढाल्दै लगें। एक दिन जात्रामै मैले पहिलोपल्ट एउटा भाका सुनें :

'कुखुरा काटी भोग दिउँला कालिञ्चोके माई,
छोरी दिने सासूलाई मोहोर राखी ढोग दिउँला
कालिञ्चोके माई...

यो सुन्नासाथ मेरो मन रोमाञ्चित भयो। भावनाले भरिएको त्यो भाका सुनेपछि, एकछिन त म चुपचाप भएँ। यो गीत बन्नुपर्छ भन्ने लाग्यो। समय लाग्यो, तर त्यो भाकालाई शब्द र लयमा बाँधी मैले गीत बनाएँ। गीत तयार भयो। त्यतिवेला काठमाडौं-दोलखा यात्रा पैदलै गर्नुपर्थ्यो। बाटोमा यात्रा गर्दा बलेफी भन्ने गाउँमा बसिन्थ्यो। बलेफीमा एकजा तामाङ बुढीआमाको घरमा बसें। ती आमाले 'छोरी दिने सासूलाई मोहर राखी ढोकदिउँला...' भन्ने शब्द सिकाउनुभयो। त्यो शब्द समावेश गरें। यो गीत बनाउन बलेफी गाउँका मान्छेसँग संगत गरें। उनीहरूको उठबसबाट धेरै कुरा सिकें। खासगरी भाषा र बोली गाउँका मान्छेबाट सिकें। त्यहाँका कतिपय शब्द मैले पछि गीतमा जस्ताको तस्तै समावेश गरें। कोदारीतिरका मान्छेसँग बसेर पनि थुप्रै मौलिक भाका र शब्द बटुलें। पछि गीत चर्चित बन्यो। म पनि चिनिएँ। 'कुखुरा काटी भोग दिउँला' मेरो दोस्रो गीत हो। तर, यसले दिएको परिचय, सम्मान र स्थान भने जीवनभरको बन्यो।

ज्ञानेश्वरको उकालोमा सुनें, ओई नाना, ओई नाना...

०१८-०१९ सालतिरको कुरा हो। म र कोकिल गुरुङ काठमाडौंको ज्ञानेश्वरको उकालो हुँदै हिँडिरहन्थ्यौं। बाटोछेउमा रहेको एउटा पुरानो पाटीमा फाटेका कपडामा, काँधमा कपडाको कुम्लो बोकेका एकजना मान्छे गीत गाउँदै बसेका हुन्थे। उनको स्वरले मेरो ध्यान तान्यो। दोलखातिरको लप्टन हुनु, भन्थे। कसैबाट सुनेको थिएँ, उनी कुनै मुद्दा हारेपछि जीवनबाट विरक्तिएर हिँडेका रहेछन्। एक दिन करिब १० बजेको हुँदो हो, घर फर्किँदै गर्दा फेरि उनले गीत गाइरहेको सुनें, स्वरमा वेदना मिसिएको, तर मधुर। त्यो वेला ज्ञानेश्वर अहिलेको जस्तो व्यस्त र व्यवस्थित थिएन। घरहरू भर्खरभर्खर बन्न थालेका थिए। उनलाई चिया पसलसम्म लगें। चिया-बिस्कुट खुवाएँ र भनें, 'ल, अघिको गीत फेरि गाएर सुनाउँनुस्।' उनी हाँस्दै गाउँन थाले। अभाव र गरिबीले जीवनलाई थिचे पनि स्वरमा अझै केही बाँकी रहेछ। भात खाने सिल्भरको थाल ठटाउँदै गीत गाउन थाले। 'ओई नाना, ओई नाना... ।' उनले गाएको भाकाले मन लोभियो। मसँग त्यहाँ कागज थिएन। मैले चुरोटको खोलमा गीतका शब्द टिप्न थालें। उनले गाइरहे, मैले गीत लेखिरहें।

भाका पनि मनमा बसाल्दै लगें। कोकिल गुरुङ कृष्ण पाउरोटीनजिकै बस्थे। म कोकिल गुरुङकै घरमा गएँ। त्यही रात उनी सुतिसकेपछि गीतलाई विस्तार गर्न थालें। उनका शब्दहरू अलमलिएका थिए। मैले शब्द मिलाएँ, भाका सन्तुलित बनाएँ र गीतलाई पूर्णता दिएँ। मायाप्रेम, वेदना, जीवनका भोगाइका गीत बन्यो। गाउँले शैलीको भाका, स्थानीय शब्द र स्वर मिलाएपछि निकै राम्रो गीत बन्यो। यो गीतले मलाई चिनायो। केही समयपछि गंगा गुरुङ दिदीले एक दिन नाचघरमा भनेकी थिइन्, 'गुरुङकी छोरीका अगाडि यस्तो मिठो गीत गाउने ?' उहाँ मभन्दा अग्रज हो। त्यसपछि मैले गीतलाई महिलाका लागि शब्द थपें। त्यसपछि म र गंगादिदीले गायौं। गीतले चमत्कारी ढंगले लोकप्रियता पायो। त्यो गीतले मलाई चिनायो। त्यो गीतले नै मलाई उठायो।

सिकार खेल्न जाँदा सिकें, रुम्जाटारे गुरुङनी, हेलम्बुकी शेर्पिनी...

त्यसवेला भाका टिप्न र गीतका शब्द उच्चारण गर्न सकस हुन्थ्यो। गीतलाई पूर्णता दिन गाउँमै गएर बस्नुपर्थ्यो। मैले यो गीत धेरै दुःख गरेर बनाएँ। गाउँ-गाउँ डुलेको छु। गीत बनाउन गाउँलेसँग बसेको छु। चौंरी गोठालासँग बसेर गीत सिकेको छु। यो गीत तयार गर्न आठ-नौ दिन कोदारीको गाउँमा बसें। पैसा थिएन त्यतिवेला। म सिकार खेल्न कोदारीको जंगलतिर पुगेको थिएँ। एकजना लाहुरेले भैंसी चराउँदै गीत गाएको देखें। उनले साह्रै मिठो भाकामा गाए। उनकै घरमा पाहुन लाग्न गएँ। उनीसँगै गीत सिक्न वास बसें। उनकै घरको बारी खन्ने र हलो जोत्ने काम गरें। गाईलाई घाँस काटें। बारी खन्दै गीत सिकें। यो गीत तयार हुन ६ महिना लागेको थियो। काठमाडौं फर्किएर गीत बनाएँ। त्यसपछि चर्चित भयो, रुम्जाटारे गुरुङनी, हेलम्बुकी शेर्पिनी...।

तामाङ गाउँमा भेटिएको भाका, चौतारी छाड्ला नानी कान्छा...

सानैदेखि म ढिकी-जाँतो भएको गाउँमा रमाएँ, मेलापातमा मिसिएँ। गाउँका मानिसको आ-आफ्नै संस्कृति थियो। गाउँका तामाङका म्हाने, गुम्बाहरू देखें। भाका पनि फरक, लय मौलिक हुन्थे। यस्ता भाकाका मुहान गाउँ नै हुन्थ्यो। दोलखाको कालिञ्चोकतिर चौंरीगोठमा बस्ने गोठालाहरूले गाउने भाका सुनें। उनीहरूले मिठो स्वरमा गाउँथे। मैले गीत बनाएँ। त्यहाँ मान्छेहरू गाउँदै हिँड्थे। त्यो भाका मनमै बस्यो। मैले उनीहरूसँगै बसेर त्यो गीत सिकें। गीतको जरा दोलखामा भए पनि 'चौतारी' शब्दले मलाई सिन्धुपाल्चोकतिरको झल्को पनि दिलायो। सांस्कृतिक रूपमा यो भाका तामाङ समुदायसँग गहिरो रूपमा गाँसिएको छ। २०१६ सालमा यो गीत मैले रेडियो नेपालमा प्रस्तुत गरें। यो गीतलाई रेडियो नेपालले छानेको हो। मैले यही गीतलाई गाएँ। त्यही गीत रेडियो नेपालले रेकर्ड गऱ्यो। यो मेरो पहिलो रेकर्डेड गीत बन्यो। गीत जताततै गुञ्जिन थाल्यो। 'चौतारी छाड्ला नानी कान्छा'ले मलाई सांगीतिक यात्रामा नयाँ मोड दियो।

धादिङ पुगेर रचें, छोरीभन्दा आमा तरुनी...

यो गीत मैले धादिङ जाँदा रचेको हुँ। ०४३-०४४ सालतिरको कुरा हो। मलेखु मास्तिरको गाउँतिर गएको थिएँ। बाटो हिँड्दा देखिने कतिपय दृश्यले ध्यान खिच्थ्यो। गाउँमा एक विवाह समारोहमा पुगेको थिएँ। त्यहाँ आमाछोरीहरू विवाहमा आएका थिए। त्यही वेला मैले पहिलोपटक सुनें- छोरीभन्दा आमा तरुनी। त्यो कुरा त्यहाँ गाउँलेहरू ठट्टा गर्दै भन्ने गर्थे। त्यही ठट्टा नै गीत बन्ने बिउ बन्यो। मैले त्यहाँका केटाहरूको भाका सिकें, उनीहरूसँग बसेर शब्दहरू लेखें। गाउँका अरू मानिसले पनि आ-आफ्नो तरिकाले शब्द थप्दै गए। यस्तै गर्दागर्दै गीत तयार भयो। यो गीत तयार पार्न तीन वर्षभन्दा बढी समय लाग्यो। रेडियो नेपालमा रेकर्ड गर्नुअघि मैले अग्रजहरूलाई सुनाएँ, गीतको भाका, शब्द र अर्थ कस्तो लाग्छ भनेर बुझ्न। गीतको अर्थ सन्देश जनस्तरमा प्रस्ट बुझियो, सर्वसाधारणको मन छोयो। तर, पछि यो गीतलाई बन्देज पनि गरियो। अश्लील गीत पनि भनियो। तर, मेरो मनमा सर्धै यो गीत जनताका लागि बनाइएको हो। गाउँमा गीत खोज्न जाँदा हरेक गीत राम्रो हुँदैन, हरेक शब्द मिलेको हुँदैन। त्यसलाई राम्रो बनाउने, जनताले मन पराउने खालको गीत बनाउने, त्यो जिम्मेवारी हामी गीतकारको हो।

> गाउँले परिवेश र छोरी मान्छेलाई बिम्ब बनाएर 'लैबरी लै' रचें। निकै लोकप्रिय भयो। अरूले गाएको गीतको शब्द बिगार्नुहुँदैन भन्थे। त्यसैले जस्तो सुनें, त्यस्तै गाएँ। तर, मलाई नराम्रोसँग गाली गर्न थालियो। 'कुमार बस्नेतले खाली छाडा गीत गाउँछ' भन्ने आरोप पनि लाग्यो। पछि शब्दहरू फेरेर गीत बनाएँ।

बुद्धि परियारसँग मार्गें, हेर्दा राम्रो माछापुच्छ्रे...

२०१५/०१६ सालमा हुनुपर्छ। गीत-संगीतको विषयमा रिसर्च गर्न जापानको एउटा टेलिभिजन टिम नेपाल आएको थियो। म तिनीहरूका लागि गाइडको रूपमा संलग्न भएँ। उनीहरूसँगै पोखरा गएँ। त्यसवेला हामी धेरै ठाउँ घुम्यौं, रमायौं। त्यो टेलिभिजनले नेपालका गीतबारे रिसर्च गर्न थाल्यो। त्यो क्रममा पोखराका गन्धर्व भेला गरेर गीत गाउन लगायो। त्यसवेला बुद्धि परियार आएर रेडियोबाट बज्ने मेरो गीत गाए। तर, हामीले यस्तो गीत खोजेको होइन भन्यौं। पछि उनले 'हेर्दा राम्रो माछापुच्छ्रे' गाए। एकदमै मिठो लाग्यो गीत। म त्यो गीतबाट यति प्रभावित भएँ कि उनीसँग त्यो गीत मार्गें। म पनि त्यतिवेला सिकारु नै थिएँ। बुद्धि परियार पनि गायकका रूपमा चिनिएका थिएनन्। मेरो बुबाको जागिर पनि पोखरामै थियो, त्यसैले गर्दा पोखराका बुद्धि परियारसँग वेलावेला भेट भइरहन्थ्यो। उनको आर्थिक रूपमा गीत रेकर्ड गर्ने अवस्था थिएन होला। उनी बारम्बार मसँग आइरहन्थे। हामी गीत-संगीतमा कुरा गर्थ्यौं। त्यसवेला रेडियो नेपालले सजिलैसँग सबैलाई गीत गाउने मौका दिँदैनथ्यो। मैले रत्न रेकर्ड स्टुडियोमा गएर 'हेर्दा राम्रो माछापुच्छ्रे' गीत रेकर्ड गर्रे। मैले यो गीतलाई निकै मिहिनेत गरें। मैले धेरै कुरा बुद्धि परियारबाटै सिकें। त्यसैले त मैले सम्मानपूर्वक यो गीतमा उनकै नाम राखेको छु। मैले जसबाट गीतसंगीत सिकें, सर्धै तिनकै नाममा श्रेय दिन्छु।

मैले गाएपछि गीत विवादमा आयो। यो गीतको दमाई भन्ने शब्दलाई लिएर विवाद गरियो। यो गीत रि-रेकर्ड गर्दा भने त्यो शब्द निकालें। मानिसले बुझ्दै नबुझी विवाद गरें। यो गीत जापानमा आयोजित सन् १९७० को एक्स्पोमा नेपालबाट छानिएको थियो। यो गीत जापानी टोलीलाई निकै मन पऱ्यो। उनीहरूले यसलाई नेपालको उत्कृष्ट गीतहरूमध्येको एक माने। सुनेको थिएँ, यो गीतको टेप जापानमा समेत बिक्री भएको रहेछ।

गाउँका बच्चाहरूले सुनाए, तिम्रो बाउलाई सलाम छ, आमालाई नमस्ते...

यो गीत २०२३ सालतिरको हुनुपर्छ। यो धादिङको गीत हो। धादिङको गल्छीमा सिकार खेल्न गएको थिएँ। फर्केर आउँदा बाटोमा टिपेको भाका हो यो। बेलुका भात खाने वेला सिकें। गाउँका बच्चाहरूले 'तिम्रो बाउलाई सलाम छ, आमालाई नमस्ते,' भनेको सुनें। मलाई यो शब्द राम्रो लाग्यो। गीतलाई टिपेर ल्याएँ। गाउँले जीवनका विभिन्न भोगाइ उतारेर गीत पूरा गरें। गीत गाएपछि निकै चर्चित बन्यो।

घाँस काट्नेहरूले गाएको सुनें, लैबरी लै...

यो भाका मैले घाँस काट्नेहरूले गाएको सुनेको थिएँ। मैले उनीहरूसँगै सिकेको गीत हो यो। ०२३-२४ सालतिर बनाएको गीत हो यो। गाउँले परिवेश र छोरी मान्छेलाई बिम्ब बनाएर गीत रचें। निकै लोकप्रिय भयो। अरूले गाएको गीतको शब्द बिगार्नुहुँदैन भन्थे। त्यसैले जस्तो सुनें, त्यस्तै गाएँ। तर, मलाई नराम्रोसँग गाली गर्न थालियो। 'कुमार बस्नेतले खाली छाडा गीत गाउँछ' भन्ने आरोप लाग्यो। पछि राम्रा शब्दहरू थपेर गीत बनाएँ। आईमाई भन्ने शब्दमा विरोध गरियो। यो ठेट लोकभाका थियो। धादिङतिरको सन्दर्भलाई जोडेको छु।

भोगाइबाट जन्मियो, भात जति खाए नि...

यो गीत ०४८ सालतिर लेखिएको हुनुपर्छ। त्यो वेला गाउँका मानिस सहरका रहनसहनलाई हेरेर चकित हुन्थे। गाउँका मान्छे सहर आउँदा हेपिन्थे। दौरा-सुरुवाल र ढाकाटोपी लगाउनेलाई पाखे भन्ने चलन छ। जबकि पाइन्ट, सुटकोट लगाउने र मोटर चढ्नेहरूलाई 'ठुला मान्छे' ठानिन्छ। तर, जीवनको मूल कुरा त आवश्यकता हो। भोक लागेका वेला खानाको स्वादभन्दा पेट भरिनु महत्त्वपूर्ण हुन्छ। जे भेट्यो, त्यही खाइन्छ। निद्रा लागेको वेला ओछ्यानको छनोट हुँदैन, जहाँ सुत्न पाइन्छ, त्यही ओछ्यान बन्छ। जसरी भोकले काँचो भात पनि अन्न देख्छ, निद्राले गुन्द्रीभन्दा ओछ्यानै ठान्छ, यसरी नै जीवन पनि अन्ततः आवश्यकताको खोजी हो, आडम्बरको होइन। यो गीतमा मान्छे त सबै एउटै हुन्। बैंसमा जातभातको भेद पनि हराउँछ। यो गीत मैले गाउँतिर हिँड्दा वनपाखा र खेतबारीमा काम गरिरहेका गाउँबाट टिपेको हुँ। यसमा जीवनको भोगाइ झल्किन्छ।

यसरी जन्मियो, धनकुटा हिले, दिलचित्तै मिले...

०४४-४५ सालतिर म धनकुटा पुगेको थिएँ। धनकुटाको पाख्रीबासमा बुंगुरको सुकुटी र लोकल रक्सीको स्वाद लिँदै, स्थानीय जीवनशैलीको रमाइलो अनुभव गर्रे। त्यही वेला मैले धनकुटाका युवाले गीत गाइरहेको सुनें- धनकुटा हिले...। यो सरल, तर गहिरो भावले भरिएको लाग्यो। भाकाले मेरो मन छोयो। मैले उनीहरूसँग अनुमति मागेर त्यो भाका टिपें। त्यसपछि मैले गीतका शब्दहरू विस्तार गर्दै त्यस भाकामा भरिएको स्थानीय जीवन, भावना र प्रेमलाई गीतमा रुपान्तरण गर्रे। मैले त्यो गीत सिर्जना गर्दा धनकुटाको परिवेश, मान्छेहरूको आत्मीयता समेट्ने प्रयास गर्रे। त्यतिवेला स्थानीय भाइहरूले पनि गीत लेख्न सघाएका छन्। अधिकांश शब्द उनीहरूले थपेका छन्। यो गीत मेरो मात्र संग्रह होइन, त्यो धनकुटाका जनताको भाका हो, मैले त केवल शब्दमा बाँधेको हो। यो गीत रेकर्ड गरेपछि धेरै चर्चित बन्यो। यसले आफ्नो माटो, भाषा र भाका सम्झाउँछ। यही कारणले होला, यस्तो लोकभाका हरेक नेपालीको मनमा बस्छ।

विवाहमा सुनें, मादल घनघन घन्काऊँ कि...

म दोलखामा हुँदा गाउँमा विवाह, व्रतबन्ध, सत्यनारायणजस्ता पूजामा मादल बजाएको देख्थें। जात्रामा मान्छेहरू जम्मा भएर मादल बजाउँदै गीत गाउँथे। अझ विवाहका वेला दर्जी दाइहरूले गीत गाउँदै नाच्थे। उनीहरूले पञ्चेबाजा बजाउँदै गीत गाउँथे। 'मादल घनघन घन्काऊँ कि सोरठी भाकामा नाचौं कि...' भन्दै गीत गाउँदै नाच्थे। उनीहरूले गाएको भाकाबाट प्रभावित भएँ। उनीहरूबाटै मैले यो गीत टिपेको हुँ। पछि गीतलाई मिल्ने शब्द खोजें। दोलखाका स्थानीयसँग गीत गाउँदै नयाँ शब्द सिर्जना गर्रे। गीतलाई पूर्णता दिन निकै मिहिनेत गरें। यो गीत २०२४ सालतिर रेकर्ड भएको हो।

लाङ्टाङको फेदीमा सिकें, लप्सीको गेडो चुसेर...

२०२२ सालतिरको कुरा हो। त्यसवेला म लाङटाङ घुम्न गएको थिएँ। लाङटाङबाट फर्किँदै गर्दा राम्चे भन्ने एउटा गाउँमा वास बस्नु पऱ्यो। राति आगो ताप्दै गीत गाउन थालियो। त्यहाँका मान्छेहरू पनि गीत गाउन थालें। उनीहरूले गाएको गीत सुनें। उनीहरूसँग गाएँ पनि। स्थानीयले गाएको भाका निकै राम्रो लाग्यो। शब्द पनि राम्रो लाग्यो। गीतको भाका टिप्न थालें। गीतलाई काठमाडौं आएर पूर्णता दिएँ। जाडो मौसममा भोगटे र निबुवा साँधेर खाने चलन पनि छ। गर्भवती महिलाले अमिलो खानुपर्छ पनि भनिन्छ। त्यो सन्दर्भ पनि जोडेर यो गीत राजा वीरेन्द्रको रात्रिभोजको समारोहमा पनि गाएँ। त्यसवेला राजा वीरेन्द्रको भर्खर विवाह भएको थियो।

माझी दाजुभाइले सिकाए, फूलबुट्टे सारी...

०४५ सालतिरको कुरा हो। दोलखाको चरङ्गे दोभानमा माछा मार्न जाँदा रचेको गीत हो यो। त्यसवेला चरंगेमा पुल बनिसकेको थिएन। म पनि खोलामा माछा मार्न गइरहन्थें। मसँग माझीहरू पनि थिए। उनीहरूको नाम तिलके र झलके भन्ने थियो। माछा मारेर सँगै पकाएर खायौं। एक दिन हामी खोलाको माछा मारिरहेका वेला पारिपट्टि फूलबुट्टे सारी लगाएर एकजना महिला हिँड्दै गरेको देखियो। ती दुई माझीहरू 'फुलबुट्टे सारी माकुराको जाली...' गीत गाउन थाले। पारिबाट पनि ती महिलाले जवाफ फर्काइन्। उनीहरूले गाएको भाका औधी मन पऱ्यो। मैले गीतको भाका र शब्द टिप्न थालें। माझीले सिकाएको गीत हो यो।

खै कसरी बाँचैं !

तीनपाटन-११ सुन्दरफाँट, सिन्धुलीकी अनकुमारी तिमल्सिना १६ वर्षदेखि इजरायलमा कार्यरत छिन् । इरानले जुन १९ मा इजरायलको तेलअभिभमा मिसाइल खसाउँदा उनी पनि मुस्लोमा परिन् । भाग्यले बाँचेकी उनको तेलअभिभमै उपचार जारी छ । त्यस दिनको घटना र पछिको सन्दर्भबारे उनले ***पर्शुराम काफ्ले****लाई बेलीविस्तार लगाइन् :*



द्वन्द्व

● अनकुमारी तिमल्सिना

> हामी बाहिर निस्किँदै गर्दा फेरि अर्को मिसाइल वरिपरि ठोक्कियो । म घर र बंकर खोज्दै दौडिएँ, भेटिनँ । भाग्दै थिएँ, एम्बुलेन्स आयो । एम्बुलेन्सले अस्पताल लिएर गयो । अरू केही सम्झना भएन, म बाँचैं भन्ने मात्रै सम्झना भइरह्यो ।

जुन १९, बिहान सवा ७ बजे । तेलअभिभ रमतगानको जेबोटिन्स्की, घर नम्बर १६ मा थिएँ । पचासतले अपार्टमेन्टको तेस्रो तलामा थिएँ । मोबाइलमा मेसेज आयो, साइरन बज्यो । यसको अर्थ हो हामी बंकरमा गइहाल्नुपर्छ । इजरायलमा साइरन बज्ने, बंकरमा जाने घटना सामान्य भएकाले म पनि अभ्यस्त भइसकेकी थिएँ । इजरायल बसेको १६ वर्षमा यस्तो अनुभव धेरै भए पनि त्यो दिनको फरक थियो । पहिलोपटक इरानबाट प्रहार भएको मिसाइल तेलअभिभमा पुगेको थियो ।

साइरन बजेपछि त्यस दिन अपार्टमेन्टको माइनस चार (जमिन मुनि) पुगें । म त्यहीं छेउको घर नम्बर २० मा बस्थें । मेरो ड्युटीचाहिं अपार्टमेन्टमा थियो । हतारिँदै माइनस चार (जमिनमुनिको चौथो तल्ला)मा फटाफट झर्रें । हरेक तलाका लागि तोकिएको बंकर हुन्छ, त्यहीं जानुपर्छ । त्यहीअनुसार हाम्रो ठाउँ थियो माइनस चार तला ।

यति छिटो साइरन बज्यो कि जुत्ता लगाउने समय पनि भएन । पासपोर्ट, साथमा भएको पैसा, फोन र झोला बोकेर म खाली खुट्टा बंकरमा झर्रें । घर नम्बर १६ को भुइँतलामा इरानी मिसाइल खस्यो । मेरो बुझाइमा रकेट मिसाइलबाट त्यो क्षेत्रका कम्तीमा आठ सय घर प्रभावित भए । पाँच सात घर त पूर्ण रूपमा बस्न नमिल्ने गरी ध्वस्त भयो । धेरै-धेरै बलिया घर पनि ध्वस्त भए, तर यसबारे इजरायलले बाहिर ल्याएको छैन । प्यालेस्टाइनबाट भएको हमलाबाट एउटा घरको कुनै कोठा बिग्रिन्थ्यो, तर त्यस दिन ठुलो क्षति भयो ।

बंकरभित्र हामी सातजना जति थियौं । मिसाइल बजारिएपछि सबैजना आत्तिए । घरमा आगो लाग्यो । यस्तो आवाज आयो कि भुइँभन्दा चार तलामुनि पनि आतंकित बनायो । विगतमा पनि इजरायलमा प्यालेस्टाइन, लेबनानलगायतबाट रकेट, मिसाइल आइरहन्थे, तर यसपटक निकै घातक मिसाइल प्रहार भयो ।

आगोको मुस्लो आउन थालेपछि म दौडेर माइनस २ मा उक्लिएँ । त्यहाँबाट भुइँतला हुँदै बाहिर निस्किन दौडिँदा भन्याङमै ढलें । पूरै ग्याँस र आगोको मुस्लो थियो । असाध्यै घातक र असहज । म सम्झिन पनि सक्दिनँ कि त्यो कति घातक थियो । त्यहाँबाट बाहिर कसरी निस्किएँ, आफैंलाई थाहा छैन । मलाई सपनाजस्तो लागिरहेको छ ।

फुटेका सिसैसिसाको बिचबाट बाहिरिएँ । अपार्टमेन्ट गेटको देब्रेतिर ४० तले ठुलो घर थियो । भागेर म १०० मिटरजति पुग्दै थिएँ । मैले छाडेको घर पूरै आगलागी भयो । म कसोकसो गरेर बाँचें । भगवान्को नाम पुकारें ।

हामी बाहिर निस्किँदै गर्दा फेरि अर्को मिसाइलवरिपरि ठोक्कियो । म घर र बंकर खोज्दै दौडिएँ, भेटिनँ । भाग्दै थिएँ, एम्बुलेन्स आयो । एम्बुलेन्सले अस्पताल लिएर गयो । अरू केही सम्झना भएन, म बाँचे भन्ने मात्रै सम्झना भइरह्यो ।

करिब १२ घण्टा अस्पतालमा बसें । टाउको भारी थियो । बाहिर चोटपटक लागेनछ । कान र आँखामा असर परेको थियो । त्यो दिन मलाई अस्पतालमा भेटेका इजरायलीले अँगालो हालेर भन्थे 'तिमीलाई ईश्वरले बचाए ।' त्यो घटनामा परेको भनेपछि अहिले पनि इजरायलीले मलाई बडो सत्कार गर्छन् ।

त्यस दिनकै कुरा बाँकी छन् । सहरभरि कर्फ्यु लागेको थियो । दिमाग खलबलिएको थियो । मेरा सामान के भए, डढे कि नष्ट भए कि थाहा भएन । छिमेकीलाई फोन गरें ।

स्थानीय नगरपालिकाले हेल्प डेस्क सञ्चालन गरेको रहेछ । मलगायत घटनामा परेका र बस्ने ठाउँ नभएकाहरूलाई होटेलमा बस्ने खाने बन्दोबस्त गरिएको रहेछ । नगरपालिकाका कर्मचारीले होटेलमा जानु भनेँ र आवश्यक प्रबन्ध गरें । मैले भनें,'ठुलो होटेलमा, अग्लो तल्लामा सकभर नपारिदिनुस् ।' ठुलो घर देख्नासाथ ममा त्रास उत्पन्न हुन्थ्यो । एउटा ट्याक्सीमा मलाई होटेल पुऱ्याइयो ।

म नेपाली राजदूतावास भएको स्थानबाट नजिकै गुटम्यान होटलमा पुगें । पाँचतारे होटेलको भव्य भवन होइन उसकै सानो भवनमा बस्ने बन्दोबस्त भयो । मेरो मन अलिकति शान्त भयो । दुई छाक खाने र बस्ने निःशुल्क सुविधा भयो । बिहान र साँझको खाना पाइयो, दिउँसोको आफैं व्यवस्था गर्नुपर्ने भए पनि सहज भयो । उपचारलगायतका धेरैजसो खर्च नगरपालिका वा इजरायल सरकारले व्यहोरेको छ । कतिपय चेकजाँचको खर्च पछि मलाई फिर्ता हुने गरी म आफैंले पनि व्यहोरेको छु ।

१० दिनसम्म पूरै कर्फ्यु थियो । म होटेल पुगेको दुई-तीन दिनमा शुभेच्छुकहरू भेट्न आउनुभयो । साथमा पासपोर्ट र फोन भएकाले सजिलो भयो ।

यस्तो अवस्था भयो कि बाहिर निस्कन सकिएन । छ दिनसम्म एकजोडी लुगाले टार्नुपऱ्यो । त्यसपछि नयाँ लुगा किनें र फेर्रें । त्यस बिचमा सामान किन्ने पसल खुलेनन्, पैसा भएर पनि यस्तो हालतमा बस्नुपऱ्यो । नगरपालिकाले ६ दिनपछि पाँच सय सेकल (स्थानीय मुद्रा)बराबरको कार्ड दिए, सामान किन्नका लागि ।

म घटनामा परेको ठाउँमा अन्य नेपालीहरू थिएनन् त्यसकारण उहाँलाई असर पर्ने कुरा भएन । त्यहाँ रुसी दुईजना र एक-एकजना इजरायली र मुस्लिम साथीहरू मिसाइलको मुस्लोमा परे । होटेलमा आउनेहरूमध्ये अप्ठ्यारोमा परेको वा मरेर पनि बाँचेको म नै थिएँ । म घटनामा परेको खबर नेपालीहरूले थाहा पाउनुभयो, उहाँहरूमध्ये कतिपय मलाई भेट्न होटेल आइपुग्नुभयो । अर्जुन बस्नेत भन्ने साथीले यो घटनाबारे नेपाली दूतावासलाई पनि खबर गरिएको भन्नुभएको थियो । तर, दूतावासबाट अहिलेसम्म कुनै सोधीखोजी भएको छैन ।

घटनाको केही समयपछि नेपालबाट पूर्वपरराष्ट्रमन्त्री प्रदीप ज्ञवाली तेलअभिभ आउनुभयो । प्रवासी नेपाली मञ्चको अधिवेशनमा उहाँ आउनुभएको थियो, त्यो कार्यक्रममा मैले नेपाली राजदूत धनप्रसाद पण्डितलाई भेटें र आफ्नो कुरा सुनाएँ । मैले थाहै पाइनछु भन्नुभयो । त्यसपछि मैले उहाँसँग भेट गर्न पाएको छैन । हाम्रो दूतावासले वास्ता गरेन ।

मैले इजरायलको भाषा (हिब्रु) जानेका हुनाले सहज भयो । योबाहेक अलिकति पैसा मसँगै भएकाले गर्दा आत्मबल थियो । भाषा र पैसा थिएन भने समस्या नै हुनेरहेछ । मेरो बाहिरी सम्पर्क पनि भएका कारण केही नेपालीहरूले भए पनि घटना थाहा पाए । म कहिलेकाहीं यो पनि सोच्छु कि म उक्त घटनामा मरेको थिएँ भने कसैले पनि खोज्दैनथे ।

१२ दिनमा तँग्रिँदै गए पनि म सही अवस्थामा फर्केको थिइनँ । म मिसाइल प्रहार भएको ठाउँमा गएँ, जहाँबाट म बाहिर निस्केकी थिएँ । म बसेको अपार्टमेन्टमा गएँ, त्यहाँका मानिसले मेरा सामान निकाल्न सहयोग गरे । ६ जनाले मेरा बचेखुचेका सामान निकालिदिए । धन्य, त्यहाँ भएका मेरा सबैजसो कागजपत्र काम लाग्ने अवस्थामा थिए । तर, लुगा र ल्यापटपहरू काम लाग्ने अवस्थाका थिएनन् । त्यही पनि सँगालेर सुटकेसभित्र राखेकी छु ।

म सम्झिन्छु कि त्यो ठाउँ छाड्न मलाई विगतमा सुझाव आएको थियो । कतिपयले मेसेज पठाएका थिए । मैले मानिनँ । यो एरियामा मिसाइल आउँछ भनेर धेरैले छाडिसकेका रहेछन्, मैले यो कुरा पछि मात्रै थाहा पाएँ । बाँचिँदैन भन्ने थियो, बाँचियो । मेरा लागि अहिले यो नै भगवान्को उपहार भएको छ ।

मेरो उपचार जारी छ । दिन बिराएर अस्पताल गइरहेको छु । राम्रोसँग हिँड्न सकेकी छैन । अलिकति हिँडेपछि थकान हुन्छ । कुर्चीमा लामो समय बस्न सक्दिनँ । आँखाको समस्या समाधान भइसकेको छैन । विभिन्न प्रकारका चेकजाँच जारी छन् । लामो फलोअप समय मिल्यो भने म नेपाल आउँछु ।

खास म अघिल्लो दिन पनि बंकरमै थिएँ । म बस्ने ठाउँभन्दा सातसय मिटर परेको रेलवेको बंकरमा रात बिताएर फर्केको थिएँ ।

पार्क बनाउने रहर



सहर



● शान्ति तामाङ

एक दशक पूरा भयो, सरकारले नन्दीकेशर बर्गैंचा, सामुदायिक सेवा केन्द्र नक्साललाई हस्तान्तरण गरेको । 'कामपा वडा नम्बर १ नारायणचौर नक्सालस्थित खुलास्थललाई विपत् व्यवस्थापन तथा सर्वसाधारणको हितमा प्रयोग गर्ने उद्देश्यले निर्माण गरिएको यस नन्दीकेशर बर्गैंचालाई यथोचित सञ्चालन र संरक्षण गर्न आयोजित विशेष समारोहमा सामुदायिक सेवा केन्द्र, नारायणचौर नक्साललाई विधिवत् बर्गैंचा व्यवस्थापन हस्तान्तरणपत्र प्रदान गरियो,' केन्द्रलाई प्रदान गरिएको हस्तान्तरणपत्रमा उल्लेख छ । सरकारले केन्द्रलाई बर्गैंचा हस्तान्तरण गरेसँगै सर्वसाधारणको लागि यो २४सै घन्टा खुल्ला भएको छ । अचेल बर्गैंचा आफ्नो बह पोख्ने, छलफल गर्ने, भेटघाट गर्ने, शारीरिक व्यायाम गर्ने र विभिन्न कार्यक्रम गर्ने थलोको रूपमा स्थापित भएको छ । हाललाई बर्गैंचामा कुनै कार्यक्रम गर्नुपरे केन्द्रको स्वीकृति लिनुपर्छ ।

करिब १९ रोपनी क्षेत्रफलमा फैलिएको यो बर्गैंचालाई आजको अवस्थामा पुऱ्याउने श्रेय जान्छ, समाजसेवी नरेन्द्रबहादुर श्रेष्ठ र उनको टिमलाई । केन्द्रका अध्यक्ष समाजसेवी श्रेष्ठ कवि, कलाकार र समाजसेवी हुन् । उनले यो पार्कलाई कसरी जनताको पार्क बनाए ? कसरी पार्क निर्माणमा लागे ? काठमाडौंमा यस्ता पार्क किन आवश्यक छ ? ७० को दशकमा हिँडिरहेका उनले जीवनका ती दिनलाई कसरी सम्झन्छन् ? 'हामीले गर्दा त्यो बर्गैंचा बचेको हो । समाजका लागि केही गर्न सकेकोमा खुसी लाग्छ,' श्रेष्ठले भने ।

■ जनताको बर्गैंचा

घरनजिकै खाली ठाउँ, तर फोहोरको डगुर । चौरवरपरका घरले दिउँसै झ्यालढोका बन्द गर्नुपर्ने । चौरसँगैको नन्दीरात्रि विद्यालयमा झ्यालढोका बन्द नगरी बस्नै नसकिने । चौर हुँदै हिँड्दा नाक थुनेर हिँड्नुपर्ने अवस्था । यी सबै देखेर श्रेष्ठलगायत केही युवालाई खुबै छट्पटाहट भयो । त्यसपछि चौरबाट आउने दुर्गन्धलाई रोक्ने उपाय बुन्न थाले । गुठी संस्थानअन्तर्गत रहेको उक्त चौरबाट फोहोर हटाउनका लागि श्रेष्ठलगायतको टोली संस्थान पुग्यो । संस्थानले पनि त्यहाँबाट फोहोर हटाउनका लागि काम गर्ने प्रतिबद्धता जनायो । मनोबल उच्च पार्दै टोली फर्कियो । तर, फर्किएको केही दिनमै आएको खबरले श्रेष्ठको टोली खड्ग्रंग भयो । 'मेरै नेतृत्वमा संस्थानमा पुग्यौं । ध्यानाकर्षण गरायौं । तर, केही दिनमै राजगुठीअन्तर्गत भएकाले चौरलाई केही नगर्नु भन्यो । त्यसपछि त्यो चौरको फोहोर त्यहीं सीमित भयो,' ०६३ सालतिरको घटना सम्झँदै श्रेष्ठले भने ।

संस्थानको व्यवहारले फोहोरको डंगुर बढ्दै गयो । टोल दुर्गन्धित हुँदै गयो । तर, चौरको फोहोर हटाउने काममा कसैले चासो देखाएनन् । निस्सासिदै गएका स्थानीयले चौरलाई हराभरा बनाउने र नन्दीकेशर बहालको जीर्णोद्धार गर्ने प्रयास पूरा भएन । चौरमा फोहोरको डंगुर बढ्दै गएपछि भने असह्य नै भयो । त्यसपछि उनीहरूले विनाअनुमति चौरमा काम गर्ने अठोट गरे । संस्थानले काम गर्न अस्वीकार गरेको ६ वर्षपछि उनीहरूले ०६९ भदौ ८ गते काठमाडौं उपत्यका विकास प्राधिकरण तत्कालीन आयुक्त केशव स्थापितको उपस्थितिमा चौरमा आठ फिट अग्ला रुख रोपे । 'त्यो चौरमा फोहोर फाल्न अनुमति लिनु नपर्ने, तर हराभरा बनाउन र संरक्षण गर्न अनुमति लिनुपर्ने अवस्था आयो,' उनले भने, 'त्यसपछि हामीले पनि अनुमति नै नलिई अग्ला-अग्ला बिरुवा रोपेर चौर संरक्षणतर्फ लाग्यौं ।'

■ अख्तियारमा उजुरी, भौतिक आक्रमणको धम्की

त्यसपछि श्रेष्ठलगायतको टोलीले आफ्नै तरिकाले काम गऱ्यो । फोहोरको डगुर हटायो । चौरलाई प्राकृतिक प्रकोप व्यवस्थापनको केन्द्रको रूपमा विकास गर्ने र विस्तृत योजना तथा डिजाइन तयार पार्ने निर्णयसमेत भयो । त्यसअनुरूपको प्रस्ताव ०७० भदौ २३ गते प्राधिकरणमा पेस गऱ्यो । प्राधिकरणले प्रस्ताव स्वीकार गरी निर्माण कार्यको लागत व्यहोऱ्यो । हराभरा हुनथाल्यो । चौर स्थानीय टहलिने ठाउँ बन्न थाल्यो । सुरुकै गाँसमा ढुंगा लागे पनि करिब दुई वर्षमा यो बर्गैंचा हेर्नलायक अवस्थामा पुग्यो । तर, श्रेष्ठको टिमलाई चैन भने भएन । अपारदर्शी ढंगले काम गरेको भन्दै जिल्ला प्रशासन कार्यालय, काठमाडौं र अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा श्रेष्ठको नाममा उजुरी पऱ्यो । भौतिक आक्रमणको धम्की आयो ।

'काम गर्दा भनेर लाग्यौं । तर, बर्गैंचालाई स्वरूप दिने क्रममा तिता अनुभव सामना गर्नुपऱ्यो । केही स्थानीयले नै विभिन्न ठाउँमा उजुरी दिए । मेरो नामको घरमै चिठी आयो । तर, हामीले हिम्मत हारेनौं,' उनले भने, 'यस्ता गतिविधिले हामी पारदर्शी छौं भनेर देखाउने मौका मिल्यो । पछि सफाइ पायौं ।'

साप्ताहिक राशिफल

१५ **कात्तिक** (शनिबार)
२१ **कात्तिक** (शुक्रबार)



● **सुरेशचन्द्र रिजाल**
ज्योतिष तथा वास्तुविद् । **मो** : ९८५१०६११२४

मेष
(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

नयाँ व्यक्तिसँग भेटघाट हुने समय छ । आम्दानी बढ्ने र उठ्नुपर्ने रकम हातलागी हुने समय छ । आफ्नो क्षेत्रमा राम्रै प्रभाव जमाउन सकिनेछ । मिल्ने साथी भेटिनुका साथै प्रेमको बन्धनसमेत कसिन सक्छ । लगनशीलताले सफलताको उचाइमा पुऱ्याउन सक्छ । आम्दानी बढ्नाले जीवनशैलीमा सुधार ल्याउन सकिनेछ । महत्त्वपूर्ण अवसर गुम्न सक्नेछ । यात्रामा सावधानी पनि अपनाउनुपर्नेछ ।

वृष
(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

मनमा शान्ति र अनुहारमा कान्ति छाउनेछ । प्रेमीले नयाँ स्थानको भ्रमण गर्ने प्रस्ताव राख्न सक्छन् । नयाँ काममा जुट्ने समय छ । मित्रजनबाट साथ सहयोग मिल्ने देखिन्छ । मन लोभ्याउने पहिरनले अरूको नजर आफूमाथि पार्नेछ । सप्ताहान्तमा सहयोगीहरू जुट्नेछन् र काम सफल हुनेछ । अर्थलाभ हुनाले दैनिकीमा परिवर्तन आउनेछ ।

मिथुन
(का, कि, कु, घ, ङ, छ, के, को, ह)

भूमिमा लगानी गरे राम्रो हुनेछ । चिताएको काममा सफलता पाउनुहुनेछ । रोकिएका काम सम्पादन हुनेछन् । घरायसी सुखको अनुभूति हुनेछ । साथीभाइसित भेटघाट हुनुका साथै मनोरञ्जनात्मक काममा संलग्न भइनेछ । सप्ताहान्तमा भाग्यले साथ दिनेछ । सहयोगीहरू जुट्नाले नाम, दाम र इनाम हात पार्न सफल भइनेछ ।

कर्कट
(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

यो साता बन्धुबान्धव, दाजुभाइ र साथीको सहयोग र हौसला मिल्नेछ । बुद्धिको उपयोग गर्दा जटिल ठानिएको कार्य सम्पादन हुनेछ । महिला वा मित्रबाट विशेष सहयोग पनि मिल्नेछ । साताको मध्यमा दबाब र तनाव बढेको महसुस हुनेछ । ताकेअनुरूप काम नबन्नाले दिक्क लाग्नेछ । सप्ताहान्तमा कामको सन्दर्भमा रमाइलो यात्रा र अतिरिक्त आम्दानी हुनेछ ।

सिंह
(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

पर्यटकीय स्थलको भ्रमणले मन लोभ्याउनेछ । सामाजिक क्षेत्रबाट सम्मान मिल्नेछ । सानो प्रयत्नले ठुलो काम सम्पादन हुनेछ । विचार पुऱ्याएर निर्णय लिनु राम्रो होला । व्यावसायिक काममा सामान्य फाइदा छ । विभिन्न भौतिक साधन जुट्नेछन् । लगनशीलताले नाम, दाम र इनाम दिलाउन सक्छ । मन मिल्ने साथी भेटिनुका साथै प्रेमको बन्धन कसिने सम्भावना छ ।

कन्या
(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

विभिन्न उपहार प्राप्त हुने समय छ । सहयोगीहरूले राम्रो साथ दिनेछन् । रोकिएका काम बन्ने र नयाँ काम सुरु गर्ने समय छ । उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ । शत्रु र प्रतिस्पर्धीलाई सजिलै हराउन सकिनेछ । पारिवारिक भेटघाटको समय छ । प्रतिस्पर्धीसमेत सहयोगीका रूपमा देखापर्नेछन् । विभिन्न भौतिक साधन जुट्नेछन् ।

तुला
(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

विगतमा दिएको वचन पूरा गरिने छ । कुनै महत्त्वाकांक्षी योजना कार्यान्वयन गर्न गोपनीय बाटोमा हिँड्नु राम्रो हुनेछ । पशुधन र जमिनबाट सामान्य लाभ हुनेछ । परिवारमा आमाको माध्यमबाट काम बन्न सक्छ । टाढिएका साथीभाइ नजिकिनेछन् । सप्ताहान्तमा विद्यार्थीका लागि सुखद समाचार आउला । विदेश ताक्नेहरूलाई यात्राको प्रक्रिया अघि बढ्नेछ ।

वृश्चिक
(तो, ना, नि, नु, ने, नो, या, यि, यु)

लामो यात्राको प्रक्रिया अघि बढ्नेछ । आँटेका काममा सफलता आर्जन गर्न सकिनेछ । आर्थिक क्रियाकलापले दूरगामी फाइदा हुनेछ । चिन्तन र विचारका बलमा समुदायमा आफ्नो साख जोगाउन सकिनेछ । प्रशंसकले साथ दिनेछन् । बिहीबारदेखि अलि जोखिमपूर्ण जिम्मेवारी प्राप्त हुनाले सावधानीका उपाय अवलम्बन गर्नुपर्ला । वैधानिक प्रावधानले पनि घुमाउरो मार्गबाट मात्र लक्ष्यमा पुग्न सकिनेछ ।

धनु
(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

उद्योग तथा व्यापारमा प्रशस्त फाइदा मिल्ने समय छ । कमाएको धन सञ्चित हुनेछ वा पारमार्थिक काममा लगानी गरिनेछ । पुरानो समस्यालाई निराकरण गर्ने उपाय सुझ्नेछ । पशुपालनको क्षेत्रमा राम्रो मुनाफा आर्जन गर्न सकिनेछ । लेनदेन र हिसाबकिताबमा सावधान नहुँदा बिचमा केही विवाद हुन सक्छ । सप्ताहान्तमा स्थिति अनुकूल हुनाले लक्ष्यमा पुगिनेछ ।

मकर
(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

पारिवारिक भेटघाटको समय छ । विशेष व्यक्तित्वलाई भेट्ने मौका आउला । प्रतिष्ठित कामले आत्मविश्वास बढाउनेछ । पठनपाठनमा प्रगति हुनेछ । स्वादिष्ट भोजनको अवसर मिल्नेछ । सहयोगीहरूले सकेको सहयोग गर्नेछन् । सप्ताहान्तमा स्वास्थ्यमा गडबडी देखा पर्न सक्छ । सोखले खर्च गराए पनि उद्देश्य पूरा नहुन सक्छ ।

कुम्भ
(गु, गे, गो, सा, सि, सु, से, सो, द)

बिग्रन लागेको कामबाट पनि धेरथोर लाभ नै मिल्नेछ । अरूको विश्वास जिते पनि आफन्तबाट धोका हुन सक्छ । कडा मिहिनेत र उचित सुझबुझका आधारमा प्रतिष्ठित काम गर्ने मौका छ । पढाइमा पनि राम्रै प्रगति हुनेछ । नयाँ ज्ञान प्राप्त हुने योग छ । सप्ताहान्तमा आगन्तुकले अलमल्याउने हुँदा चिताएको काममा पनि बाधा पुग्न सक्छ ।

मीन
(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

सरकारी वा प्रशासनिक काममा सफलता मिल्नेछ । विभिन्न भौतिक साधन जुट्नेछन् भने गरेका कामबाट प्रशस्त लाभ हुनेछ । व्यापारमा प्रशस्त फाइदा हुने योग छ । आम्दानीका नयाँ स्रोत फेला पर्नेछन् । उठ्नुपर्ने रकम हातलागी हुने समय छ । अवसरका लागि चुनौतीसँग लड्नुपर्ने देखिन्छ । बिहीबारदेखि श्रम र व्यवसायबाट मनग्य आम्दानी हुनेछ । तर, सप्ताहान्तमा पछिका लागि खर्च पनि गर्नुपर्ला ।


स्वास्थ्य



● **डा. सुवास घिमिरे**
ओम समाज डेन्टल हस्पिटल

हरेक व्यक्तिले ६-६ महिनामा दाँतको चेकअप गर्नुपर्छ । चिकित्सकको सल्लाहअनुसार आवश्यकता पऱ्यो भने मात्रै स्केलिङ गर्नुपर्छ । दाँतमा भएको फोहोरलाई मेसिनको सहायताले सफा गर्ने कार्यलाई स्केलिङ भनिन्छ । स्केलिङमार्फत दन्तलेउ, दन्तपत्थरलगायत हटाउने गरिन्छ । हरेकपल्ट हामीले खाना खाइसकेपछि दाँतमा एक प्रकारको लेउ जम्मा हुन्छ, उक्त लेउलाई दन्तलेउ भनिन्छ । यदि नियमित रूपमा सफा गरिएन भने लेउ बढ्दै जान्छ । फलस्वरूप दन्तपत्थर हुन्छ । यसले बिस्तारै दाँत र गिजामा समस्या उत्पन्न गराउँछ ।

हड्डी र गिजाको तहसम्म इन्फेक्सन भएको हुन सक्छ, जसले दाँत हल्लिने अवस्थामा पुगेको हुन्छ । दन्तलेउबाट दन्तेढुंगा बनेर बसेको हुन्छ । त्यसलाई ब्रसले मात्रै सफा गरे हुँदैन । तल्लो भागसम्म सफा गर्नुपर्छ ।





● नरेन्द्रबहादुर श्रेष्ठ

सो बर्गैंचा रणबहादुर शाहकी माइली महारानी सुवर्णप्रभाले १८९६ सालमा नन्दीकेशर महादेवलाई नियमित रूपमा फूल चढाउने उद्देश्यले निर्माण भएको थियो । तर, प्रजातन्त्र बहालीसँगै लामो समय स्थानीय र काठमाडौं महानगरपालिकाले नै फोहोर फाल्ने ठाउँमा रूपान्तरण गरेको थियो । केन्द्रले काम गरेपछि चौर हरियाली भएको छ । रुखबिरुवा, फूलबारी बनेको छ । शारीरिक व्यायामका लागि मेसिनको व्यवस्था गरिएको छ । चौरको सुधारमा वास्ता नगर्नेहरूले समेत ०७२ को भूकम्पमा यसको महत्त्व बुझेर संरक्षणमा चासो देखाउन थालेका छन् ।

■ शंखमूल र मीनभवनमा पार्क

उनकै संयोजकत्वमा शंखमूल र मीनभवनमा पनि पार्क निर्माण भयो । उनले दुवै ठाउँमा पार्क निर्माणका लागि पहल गरे । हराभरा बनाए । साँझ-बिहान टहलिने ठाउँ बनाए । तर, ती पार्क अहिले भग्नावशेषमा रूपान्तरण भएका छन् । शंखमूलमा बनाएको सत्यसाई राष्ट्रिय उद्यान महानगरपालिकाले भत्कायो । मीनभवनमा बनाएको बाग्मती वातावरणीय सामुदायिक पार्क बागमती नदीले भत्कायो । उनको टोलीले शंखमूलमा पुलदेखि पश्चिमतर्फको पुलसम्म करिब पाँच सय मिटर किनारामा अवस्थित जग्गालाई हरियाली बनाएको थियो । मीनभवनको पार्कमा पनि वातावरणमैत्री पार्क बनाउन बाँसको बार लगाएर हरियाली बनाएको थियो । 'पार्क बनाउने मेरो रहरको काम हो । सोहीअनुसार खुरुखुरु काम गरैं । तर, सफा मनले काम मात्र गरेर नहुने रहेछ,' उनले भने,'आफुले गरेको काम कतै भग्नावशेषमा रूपान्तरण हुँदा दुख लाग्छ । त्यहाँको अवस्था देखेर आँसु आउँछ । दुःख गरेर, दश नंग्रा खियाएर बनाएको ठाउँमा गएर झार समेत उखेल्न मन लाग्दैन ।'

मीनभवनको पार्क निर्माण बाढीले भग्नावशेषमा रूपान्तरण गरे पनि शंखमूलको पार्क महानगरले भत्काउँदा चित्त दुखाइ भएको छ । 'बागमती किनारमा जथाभावी फोहोर फाल्ने काम भयो । पार्क बन्यो भने राम्रो पनि हुन्छ । मान्छेलाई टहलिने ठाउँ पनि हुन्छ भनेर पार्क बनायौं । तर, महानगरपालिकाले भत्काइदियो,' श्रेष्ठले भने, 'युरोपियन कम्युनिटीबाट पैसा ल्याएर पार्क बनाएको भन्दै बालेनले आफ्नो सेना लिएर गई विनाजानकारी पार्क भत्काए । भत्काउनेबाहेक उनले जानेकै के छ र !' उनका अनुसार हामीले कसका लागि गर्ने ? किन गर्ने ? कति टाउको दुखाउने ? भनेर त्यहाँ झारैझार आउँदासमेत नदेखेझैं गरेर हिँडेको छु । महानगरले पार्कको योग गर्ने भवन, बारलगायत भत्काएको छ । उनले अधिकारसम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिसँग स्वीकृति लिएर त्यहाँ काम गरेका थिए ।

■ यसकारण पार्क निर्माण

७० को दशक पार गर्ने लागेका उनले रानीपोखरीदेखि दशरथ रंगशालासम्मकै टुडिखेल देखे । त्यहाँ साइकल कुदाए । फुटबल खेले । बिस्तारै टुडिखेल टुक्रिँदै गयो । विभिन्न संस्थाको भागबन्डामा पऱ्यो । यसले काठमाडौं उपत्यकामा खाली ठाउँको अभाव हुँदै गयो । जुन ०७२ को भूकम्पमा टड्कारो रूपमा देखियो । मान्छेलाई खाली ठाउँ खोज्न गाह्रो भयो । त्यसले उनलाई पनि खुला ठाउँको अभाव भएको लाग्न थाल्यो । त्यसपछि उनीलगायतको टोली पार्क निर्माणमा जुट्यो । '९० सालको भूकम्पमै खुला ठाउँको महत्त्व थाहा भइसकेको थियो । खेलमैदान, टहलिने ठाउँ, बर्गैंचा चाहिन्छ भन्ने पनि त्यतिवेलै लागेको थियो । तर, हामीले त्यतिवेलाको अवधारणा अबलम्वन गर्न सकेनौं । ०७२ को भूकम्पले झनै खुला ठाउँको अभाव भएको देखायो,' उनले भने । पार्कले खुला ठाउँसमेत हुने भएकाले नन्दीकेशर बर्गैंचामा ६ वटा इनारसमेत बनाइएको छ । पार्कको मात्र अवधारणा होइन, प्राकृतिक प्रकोपको वेला आश्रय लिन सकियोस् भन्ने हेतुले इनार निर्माण गरिएको श्रेष्ठले बताए । 'फेरि भूकम्प आएमा कहाँको पानी खाने ?, त्यसैले खानेपानीका लागि इनार बनाइएको छ । बालबालिकाको लागि खेल्ने ठाउँ बनाइएको छ । शारीरिक अभ्यासका लागि उपयुक्त थलोको रूपमा विकास गरिएको छ,' उनले भने । शंखधर पार्क, बालाजु पार्कलगायतमा प्रवेश शुल्क लिन नहुने भन्दै आफूले त्यस्ता विषयको सधैं विरोध गर्ने र आफूले बनाएको पार्कमा विनाशुल्क प्रवेश गर्न पाउने अवस्था सिर्जना गरे । 'नेपाली जनताले श्वास फेर्न पनि पैसा तिर्नुपर्ने ? सरकारको कर्तव्य के हो ?' काठमाडौंको तीनवटा पार्क निर्माणमा नेतृत्व गरेका श्रेष्ठले भने ।

> ९० सालको भूकम्पमै खुला ठाउँको महत्त्व थाहा भइसकेको थियो । खेलमैदान, टहलिने ठाउँ, बर्गैंचा चाहिन्छ भन्ने पनि त्यतिवेलै लागेको थियो । तर, हामीले त्यतिवेलाको अवधारणा अबलम्वन गर्न सकेनौं । ७२ को भूकम्पले झनै खुला ठाउँको अभाव भएको देखायो ।

यसकारण जरुरी छ, दाँतको स्केलिङ



कतिपय अवस्थामा गिजाको सर्जरी पनि गर्नुपर्ने हुन सक्छ । पूर्ण रूपमा दाँतको उपचार गरेपछि दाँत सिरिंगसिरिंग हुँदैन ।

सामान्यतया चिकित्सकले स्केलिङ गर्नुपर्छ भन्ने गर्छन् । तर, एक्सरे गरेर आवश्यक छ वा छैन, चेक गरेर मात्रै गर्नुपर्छ । कतिपय दाँतमा किरा लागे पनि नदेखिन सक्छ । राम्रोसँग समस्या पहिचान गरेर मात्रै स्केलिङ गर्नुपर्छ ।

स्केलिङ गरिसकेपछि सुरुमा दाँत सिरिंग हुन सक्छ । यो बिस्तारै आफैं ठिक हुन्छ । तर, गिजा तल सर्दै गएको खण्डमा सिरिंग हुने क्रम नरोकिन सक्छ । यस्तो अवस्थामा भने थप जाँच गराउँदा राम्रो हुन्छ । दाँतमा जमेर बसेको फोहोरले दाँतको वरपर गिजा र हड्डीमा रोग उत्पन्न गराउँछ ।

गिजाको रोगका कारण दाँत हल्लिने, सिरिंग हुने, गिजाबाट रगत आउने, श्वास गनाउने आदि समस्या देखिन्छन् । यसलाई हटाउन स्केलिङ गरिन्छ ।

स्केलिङ सामान्यतया १२ वर्षको उमेरभन्दा माथिका जोसुकै व्यक्तिले गर्न सक्छन् । एकपटक दाँत स्केलिङ गरेपछि ६ महिनामा फेरि उपचार गर्नुपर्छ । त्यसपछि चिकित्सकको सल्लाहअनुसार एक वर्षमा एकपटक स्केलिङ गर्न सकिन्छ । दाँत सफा गर्दा दाँत चम्किनुका साथै गिजा र हड्डी बलियो हुन्छ ।

कर्णालीकी गार्मेन्ट उद्यमी

तीन वर्षअघि दुई लाख लगानीमा सुरु भएको हिमालय गार्मेन्टले अहिले वार्षिक ५० लाखको कारोबार गरिरहेको छ



जुम्लाको सदरमुकाम खलंगामा सञ्चालित हिमालय गार्मेन्ट उद्योग



उद्योगमा काम गर्दै उद्यमी अम्बिका श्रेष्ठ

अम्बिकाले सञ्चालन गरेको 'हिमालय गार्मेन्ट उद्योग'ले नियमित १० जना महिलालाई रोजगारी दिइरहेको छ । महिलाले उद्योग व्यवसाय सञ्चालन गर्न सक्दैनन् भन्ने समाजको संकीर्ण सोच चिर्दै अम्बिकाले एउटा मेसिनबाट सुरु गरेको टेलरिङ व्यवसाय अहिले गार्मेन्ट उद्योगमा विकसित भएको छ ।

उद्यम



● मानदत्त रावल

चन्दननाथ नगरपालिका-५ खलंगा, जुम्लाकी ४५ वर्षीया अम्बिका श्रेष्ठ गार्मेन्ट उद्यमी बनेकी छिन् । सीपसँगै कडा मिहिनेतले उनलाई उद्यमी बनाएको हो । द्वन्द्वकालताका उनका श्रीमान् गोपाल श्रेष्ठ खलंगा बजारमा फोटो स्टुडियो चलाउँथे । त्यतिवेला उनको फोटो स्टुडियो राम्रो चलेको थियो ।

श्रीमान्को मृत्युपछि घर-व्यवहार चलाउन उनलाई निकै सकस भयो । उनले संघर्ष गर्ने क्रममा सिलाइकटाइ तालिम लिइन् । सिलाइकटाइ सीपलाई एउटा आर्यआर्जनको माध्यम बनाइन् । उनले एक दशकभन्दा बढी समय सिलाइकटाइ पसल चलाउँदै प्रशिक्षण पनि दिइन् । उनी आफू मात्रै रोजगार भइनन्, आफूसँगै १३ वर्षको अवधिमा सात सय ८० जनालाई समेत सिलाइकटाइ तालिम दिएर सीप सिकाइन् ।

संघीयताअघि उनले सीप विकास कार्यालय जुम्लामा करार जागिर पनि गरिन् । त्यो जागिरअवधिमा उनले माथिल्लो कर्णालीको (जुम्ला, कालिकोट, हुम्ला, मुगु र डोल्पा) जिल्लामा सिलाइकटाइ तालिम दिइन् । त्यो सीप विकास कार्यालयको तत्कालीन कार्यक्षेत्र थियो । संघीयतापछि सीप विकास कार्यालय खारेजीमा परेसँगै उनको जागिर पनि गयो । जागिर गएपछि पुनः उनले सिलाइकटाइ पसललाई नै प्राथमिकता दिइन् ।

बिस्तारै बालबच्चा हुकँदै गए । १३ वर्षको अन्तरालमा उनले जुम्लाको सदरमुकाम खलंगामा 'हिमालय गार्मेन्ट' उद्योग सञ्चालन गरेकी छिन् । उनको उद्योगमा महिला मात्रै कालिगढ छन् । महिलालाई आर्थिक रूपमा सक्षम बनाएकी छिन् । जुम्लामै विभिन्न कपडाको डिजाइन, सिलाइकटाइ तथा बिक्री गर्ने लक्ष्यले विगत तीन वर्षदेखि उनले उद्योग सञ्चालन गरिरहेकी छिन् ।

अम्बिकाले सञ्चालन गरेको 'हिमालय गार्मेन्ट उद्योग'ले नियमित १० जना महिलालाई रोजगारी दिइरहेको छ । महिलाले उद्योग व्यवसाय सञ्चालन गर्न सक्दैनन् भन्ने समाजको संकीर्ण सोच चिर्दै अम्बिकाले एउटा मेसिनबाट सुरु गरेको टेलरिङ व्यवसाय अहिले गार्मेन्ट उद्योगमा विकसित भएको छ ।

उद्योगमा काम गर्ने कालिगढ महिलाले मासिक अधिकतम ५५ हजार र न्यूनतम ३० हजारसम्म आम्दानी गर्दै आएका छन् । अम्बिका गार्मेन्ट उद्योग सञ्चालकसँगै सावित कर्णालीकी एक मात्र महिला प्रशिक्षक हुन् । उनले करिब १५ हजार महिलालाई सीप सिकाइसकेकी छिन् ।

'मैले आफैं सीप सिकाएका महिला अहिले कामदार छन्' उनले भनिन्, 'पिसका हिसाबले पारिश्रमिक लिन्छन् । विभिन्न टाइमको आफैं रेट तोकिएको छ । बढी आम्दानी हुने भएकाले अधिकांश महिला ओभर टाइम काम गर्छन् । कसैले मासिक ५५ हजारसम्म कमाउँछन् । उद्योग सञ्चालन भएयता महिलाहरू आर्थिक रूपमा निकै सक्षम भइसकेका छन् ।'

जुम्लाका अधिकांश विद्यालयका पोसाक हिमालय गार्मेन्टमै निर्माण हुन्छ । विगतमा सुर्खेत नेपालगन्ज, बुटवलबाट कपडा मगाउनुपर्ने बाध्यता रहेकोमा अहिले जिल्लामै पाउन थालेपछि शिक्षकहरू खुसी छन् । चन्दननाथ नमुना माविका प्रधानाध्यापक टंक महत भन्छन्, 'विगतमा विद्यालयको पोसाक, ट्र्याकसुट बाहिरबाट ल्याउनुपर्थ्यो । ढुवानीमै धेरै खर्च हुन्थ्यो । तर, अहिले जुम्लामै गार्मेन्ट उद्योग हुँदा खर्च मात्र बचेको छैन, गुणस्तरीय कपडा त्यो पनि भनेकै वेलामा पाएका छौं ।'

कपडा निर्माणसँगै ग्रामीण महिलालाई सीप सिकाएर उद्यमी बनाउने र रोजगार दिनेजस्तो उदाहरणीय काम अम्बिकाले गरेको उनको भनाइ छ । हजारौं महिलालाई तालिम दिएकी अम्बिका भन्छिन्, 'हजारौं महिलालाई तालिम दिएँ । तर, धेरैले अझै सीपको प्रयोग गरेका छैनन् । आफैंले तालिम दिएका जुम्लाका दिदीबहिनी त्यही सीपबाट आर्थिक रूपमा समृद्ध बनेको देख्दा खुसी लाग्छ ।'


झन्डै दुई लाख लगानीबाट सञ्चालन गरिएको हिमालय गार्मेन्ट उद्योगले वर्षमा ५० लाखभन्दा बढीको कारोबार गर्दै आएको छ । तीन वर्ष पहिला दुई लाख लगानीबाट गार्मेन्ट उद्योग खोलिएको थियो । बाहिरी बजारमा महँगोमा विद्यालय पोसाक ल्याउन बाध्य विद्यालयले गार्मेन्टबाटै कपडा लिन थालेपछि उद्योगको वार्षिक कारोबार ५० लाखसम्म पुग्ने गरेको अम्बिकाका छोरा सरोज श्रेष्ठले बताए । उनी प्लस टु पढ्दै गर्दा बुटवलको नसिप गार्मेन्टमा काम गर्थे ।

सम्पर्कमा आएकालाई बुटवलबाटै कपडा पठाउँथे । आमाले सीप पनि सिकेको र जुम्लामा सम्भावना देखेपछि गार्मेन्ट उद्योग खोलेको सरोज श्रेष्ठले बताए । उनले भने, 'गार्मेन्ट उद्योग आमाको सोच र कल्पना हो । उहाँले महिलालाई आर्थिक र सीपमा सक्षम बनाउने हुटहुटी बोक्नुभएको छ । म सहायक पात्र हुँ । काममा सहजीकरण गर्ने र आर्थिक कारोबारको पाटो म हेरिदिन्छु । आमाकै सीप र योजना तथा उद्यमी महिलाको जोसले उद्योग राम्रो चल्दै छ ।'

जुम्लाजस्तो ठाउँमा १० जनालाई नियमित रोजगारी दिने कुरा सामान्य होइन । स्थानीय सरकारले रोजगारी नदिएको भन्दै पलायन हुने युवा बढिरहेका छन् । अर्कातर्फ महिला आर्थिक रूपमा परनिर्भर छन् । यस्तो अवस्थामा १० जना महिलाले नियमित रोजगारी पाउनु सुखद पक्ष रहेको उनको भनाइ छ । हाल हिमालय गार्मेन्ट उद्योगले जुम्लाका ८३ वटा विद्यालयसँग सहकार्य गरेर काम गरिरहेको छ । एउटा विद्यालयले न्यूनतम पाँच लाखको अर्डर गर्ने गरेका छन् ।

अर्डरअनुसारका सबै कपडा डिजाइन हुने गरेको छ । जिल्लाका आठ पालिकामध्ये सबैभन्दा बढी पातारासी गाउँपालिकाले कपडा सिउन अर्डर दिने गरेको छ । आठै पालिकामा आफ्नो उत्पादन पुऱ्याउने उद्योगको योजना छ । अहिले ८३ विद्यालयको नियमित काम गरिरहे पनि जिल्लाभरिकै अर्डरअनुसार काम गर्न नसकिएको अम्बिकाको भनाइ छ ।

झ्याप्पै !



रवि मिश्र
@rabimishra



अर्थ पत्रिका

नयाँ पत्रिका
शनिबार १५ कार्तिक ०८२

निजी क्षेत्रका तीनवटै संस्था र जेन-जी आन्दोलनबाट प्रभावित उद्योगीसँग सरकारको संवाद

उद्योगमा सुरक्षा दिने सरकारी प्रतिबद्धता

मिलन विश्वकर्मा/नयाँ पत्रिका

अर्थमन्त्री रामेश्वर खनाल, गृहमन्त्री ओमप्रकाश अर्याल, उद्योगमन्त्री अनिल सिन्हासहित गभर्नर प्राडा विश्वनाथ पौडेल र लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले जेन-जी आन्दोलनपश्चात् सुरक्षाको प्रत्याभूति खोजिरहेको निजी क्षेत्रलाई असुरक्षित महसुस नगर्न आग्रह गरेका छन् ।

लगानी बोर्ड र उद्योग परिसंघको संयुक्त पहलमा शुक्रबार दिउँसो अर्थ मन्त्रालयमा आयोजित संवादमा निजी क्षेत्रका तीनवटै प्रतिनिधिमूलक संस्था उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल, परिसंघ अध्यक्ष विनोदराज पाण्डे, चेम्बर अफ कमर्स अध्यक्ष कमलेशकुमार अग्रवालसहितका उद्योगी र जेन-जी आन्दोलनका क्रममा प्रभावित उद्योग-व्यवसाय प्रतिष्ठानका प्रमुख तथा बहुराष्ट्रिय कम्पनीको नेपालस्थित प्रतिनिधिहरू सहभागी थिए ।

उद्योगीको ठुलो समूहलाई छलफलमा राखेर अर्थमन्त्री रामेश्वर खनालले नीतिगत सुधारका कामलाई उच्च प्राथमिकतामा राखेको र केही सुधारका काम निजी क्षेत्रले अनुभव गर्ने गरी भइसकेको जानकारी गराएका थिए । उनले लगानी र लगानीकर्ताको सुरक्षाको विषयमा सरकारका अंगहरूलाई शंका नगर्न स्वदेशी एवं विदेशी लगानीकर्तालाई आग्रहसमेत गरे ।

संवादमा सहभागी गृहमन्त्री अर्यालले निजी क्षेत्रले राखेको सुरक्षा प्रत्याभूतिको विषयलाई गृह मन्त्रालयले गम्भीर रूपमा लिएको बताए । उनले मुलुकमा सुशासन कायम गर्न अपरिहार्य रहेको र निजी क्षेत्रमा पनि सुधार आवश्यक रहेको उनको भनाइ थियो । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री सिन्हाले ढिला भइरहेका काम छिटो सम्पन्न गर्न तीव्रता दिइरहेको बताए । कानुन नै सुधार गर्नुपर्नेबाहेकका प्रक्रियागत सुधारलाई उच्च प्राथमिकतामा राखिएको उनले बताएका थिए ।

राष्ट्र बैंकका गभर्नर पौडेलले बैंक तथा वित्तीय संस्थामा पर्याप्त लगानीयोग्य रकम रहेको हुँदा लगानीका लागि राम्रो अवसर रहेको बताए । उनले विशेष गरी पूर्वाधार क्षेत्रमा लगानी गर्न निजी क्षेत्रका प्रतिनिधिलाई सुझाव दिए । लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले जेन-जी आन्दोलनबाट लगानीकर्तामा परेको प्रभावप्रति राज्यका सबै संयन्त्र सचेत रहेको बताएका थिए । उनले निजी क्षेत्रसँग सहकार्य गरेर वर्तमान चुनौतीको सामना गर्ने पनि जानकारी दिएका थिए ।

कार्यक्रममा निजी क्षेत्रका तर्फबाट धारणा राख्दै परिसंघका अध्यक्ष वीरेन्द्रराज पाण्डेले आन्दोलनका क्रममा सार्वजनिक एवं निजी सम्पत्तिमाथि भएको आगजनी, तोडफोड, लुटपाटको घटनाले उद्योगी-व्यवसायीलाई दुःखी बनाएको बताए । मुलुकमा भ्रष्टाचार निवारण, पारदर्शिता एवं सुशासन बढाउन सार्वजनिक निकायबाट प्रवाह हुने सम्पूर्ण सेवालाई 'फेसलेस', 'पेपरलेस' र 'कन्ट्याक्टलेस' बनाई सार्वजनिक सेवालाई तीव्र गतिमा डिजिटलाइज गरिनुपर्ने उनको सुझाव छ ।

महासंघ अध्यक्ष चन्द्र ढकालले अर्थतन्त्र पुनरुत्थानका लागि उद्योगी-व्यवसायीको मनोबल उच्च राख्नु आवश्यकता भएको बताए । उनले जेन-जी आन्दोलनका क्रममा भएको घुसपैठबाट निजी उद्योग प्रतिष्ठानमाथि भएको आक्रमणले औद्योगिक सुरक्षाको अभाव देखिएको, लगानीकर्तामा भय पैदा गरेको र लगानीकर्ताले आत्मविश्वास कमजोर भएको बताएका थिए ।

सिंहदरबारमा भएको संवादमा मन्त्री र सरकारी अधिकारीले निजी क्षेत्रलाई यसरी आश्वस्त पार्न खोजे





अर्थमन्त्री रामेश्वर खनालले भने– नीतिगत सुधारका कामलाई उच्च प्राथमिकतामा राखेको र केही सुधारका काम निजी क्षेत्रले अनुभव गर्ने गरी भइसकेको छ । लगानी र लगानीकर्ताको सुरक्षाको विषयमा सरकारका अंगहरूलाई शंका नगर्न स्वदेशी-विदेशी लगानीकर्तालाई आग्रह गर्छु ।



गृहमन्त्री ओमप्रकाश अर्यालले भने– निजी क्षेत्रले राखेको सुरक्षा प्रत्याभूतिको विषयलाई गृह मन्त्रालयले गम्भीर रूपमा लिएको छ । मुलुकमा सुशासन कायम गर्न अपरिहार्य रहेको अवस्थामा सरकार र निजी क्षेत्रमा पनि थप सुधार आवश्यक रहेको छ ।



उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री अनिल सिन्हाले भने– विगतका सरकारबाट ढिला भइरहेका काम छिटो सम्पन्न गर्ने गरी तीव्रता दिइरहेका छौं । कानुन नै सुधार गर्नुपर्नेबाहेकका प्रक्रियागत सुधारलाई उच्च प्राथमिकतामा राखेर जतिसक्दो छिटो सरकारी काम टुंग्याउन खोजिएको छ ।



लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले भने– जेन-जी आन्दोलनबाट लगानीकर्तामा परेको प्रभावप्रति राज्यका सबै संयन्त्र सचेत रहेका छौं । निजी क्षेत्रसँग सहकार्य गरेर वर्तमान चुनौतीको सामना गर्ने दिशामा सरकार अघि बढिरहेको छ ।

अहिले सरकारले अभिभावकत्व प्रदान गर्नुपर्छ

● **वीरेन्द्रराज पाण्डे**, अध्यक्ष, नेपाल उद्योग परिसंघ



देशको अर्थतन्त्र, निजी क्षेत्रको प्रकृति र संकट झेल्न सक्ने सामर्थ्य अन्यत्रभन्दा भिन्न रहेको यथार्थ यसअघिका संकटहरूले समेत देखाइसकेको छ । हालको चुनौतीलाई पनि अवसरका रूपमा लिन सकिन्छ । तर, यसका लागि सरकारले अभिभावकत्व दिन आवश्यक छ । यो वा त्यो बहानामा लगानीकर्तालाई निरुत्साहित बनाउनुहुँदैन । विगतका संकटहरूको जस्तै हालको संकटको पनि पूर्ण रूपमा सामना गरी अगाडि बढ्न निजी क्षेत्र दृढ छ । दृढ रहेको निजी क्षेत्रलाई अगाडि बढ्न प्रेरित गर्ने दायित्व भने राज्यको नै हो ।

निजी क्षेत्रको मनोबल बढाउन जरुरी छ

● **चन्द्र ढकाल**, अध्यक्ष, उद्योग वाणिज्य महासंघ



जेन-जी आन्दोलनका क्रममा भएको घुसपैठबाट निजी उद्योगमाथि भएको आक्रमणले औद्योगिक सुरक्षाको अभाव देखिएको, लगानीकर्तामा भय पैदा गरेको र लगानीकर्ताको आत्मविश्वास कमजोर भएको छ । उद्योगी-व्यवसायीको मनोबल उच्च राख्न सकिएन भने देशमा लगानी आउने नभई भएको पुँजीसमेत पलायन हुने अवस्था आउन सक्नेतर्फ सबैजना सचेत हुनुपर्छ ।

ऋण काढेर खर्च धान्ने प्रवृत्तिमा भएन सुधार

तीन महिनामा थपियो एक खर्ब ऋण

खर्चको तुलनामा राजस्व संकलन नभएपछि सरकारलाई ऋणकै भर, साउनदेखि असोजसम्म भएको तीन खर्ब ६४ अर्ब खर्च धान्न ९० अर्ब आन्तरिक ऋण संकलन, १० अर्ब ८४ करोड विदेशी ऋण पनि थपियो



नयाँ पत्रिका

लक्ष्यअनुसार राजस्व संकलनमा सुधार नभएपछि खर्च धान्न सरकारले ठुलो मात्रामा आन्तरिक ऋण उठाएको छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयअनुसार चालू आर्थिक वर्ष ०८२/८३ को पहिलो तीन महिनामा (साउन-असोज) एक खर्ब ८४ करोड रुपैयाँ सार्वजनिक ऋण थपिएको छ । यो अवधिमा आन्तरिक ऋण मात्रै ९० अर्ब उठाएइको छ, जुन तीन महिनाको कुल सार्वजनिक ऋणमध्ये ८९.२४ प्रतिशत हिस्सा हो ।

अर्थ मन्त्रालयका अनुसार यस अवधिमा राजस्व संकलन वृद्धिदर भने ०.३२ प्रतिशत मात्रै छ । तीन महिनामा दुई खर्ब ४९ अर्ब पाँच करोड रुपैयाँ मात्रै राजस्व संकलन भएको छ । जबकी, यो अवधिमा सरकारले तीन खर्ब ६४ अर्ब रुपैयाँ बजेट खर्च गरेको छ । खर्च धान्न राजस्वले नपुग्ने भएपछि सरकार आन्तरिक ऋणकै भर परेको हो । यो अवधिमा १० अर्ब ८४ करोड मात्रै विदेशी ऋण उठाउन सकिएको कार्यालयले जानकारी दिएको छ ।

सरकारले जेन-जी आन्दोलनपछिको पुनर्निर्माण र २१ फागुनमा हुने निर्वाचनका लागि खर्च जोहोको उपाय लगाइरहेको छ । हालसम्म एक खर्ब १९ अर्ब रुपैयाँ बजेट रोक्का गरिसकेको छ । तर, पर्याप्त स्रोत जुटाउन नसक्ने हो भने खर्च धान्न मुस्किल पर्ने जोखिम छ ।

सरकारले तीन महिनामा लिएको एक खर्ब ८४ करोड ऋणबाट पुरानो ऋणको किस्ता बापत ९० अर्ब ५० करोड भुक्तानी गरेको छ । जसकारण अहिले लिएको नयाँ ऋणको अधिकांश हिस्सा पुरानो ऋणको साँवा-ब्याज भुक्तानीमै खर्च भइरहेको देखिन्छ ।

असोज मसान्तसम्म ऋणको साँवाबापत मात्रै ८० अर्ब १५ करोड भुक्तानी हुँदा १० अर्ब ३५ करोड विदेशी ऋणको भुक्तानीमै खर्च भएको छ । त्यसबाहेक ४० अर्ब २६ करोड रुपैयाँ विदेशी विनिमयमा आएको उतारचढावका कारण व्ययभार थपिएको कार्यालयले जनाएको छ । ब्याजसहित हिसाब गर्दा सरकारले यो तीन महिनामा एक खर्ब नौ अर्ब ८९ करोड रकम भुक्तानीमा खर्च भएको छ । आन्तरिक र विदेशी ऋणमा ब्याजबापत सरकारले १९ अर्ब ६८ करोड खर्च गरेको छ ।

कुल ऋण दायित्व २७ खर्ब २४ अर्ब, जिडिपीको ४४.६१%

असोज मसान्तसम्म देशको कुल ऋण दायित्व २७ खर्ब २४ अर्ब रुपैयाँ पुगेको छ । यो कुल गार्हस्थ्य उत्पादन (जिडिपी)को ४४.६१ प्रतिशत हो । त्यस्तै, आन्तरिक ऋणको दायित्व १२ खर्ब ७८ अर्ब रुपैयाँ कायम भएको छ । यो जिडिपीको २०.९३ प्रतिशत हो । बाह्य ऋण दायित्व १४ खर्ब ४६ अर्ब कायम छ । यो जिडिपीको २३.६९ प्रतिशत हो । चालू आर्थिक वर्षमा सरकारले खर्च धान्न पाँच खर्ब ९५ अर्ब ऋण उठाउने लक्ष्य लिएको छ । हालसम्म लक्ष्यको १६.९३ प्रतिशत उठेको छ । यो वर्ष तीन खर्ब ६२ अर्बको आन्तरिक ऋण र दुई खर्ब ३३ अर्बको बाह्य ऋण उठाउने लक्ष्य लिएको छ ।

गत आवमा सञ्चित कोष एक खर्ब ९६ अर्ब घाटामा



गत आव ०८१/८२ मा संघीय सरकारको सञ्चित कोष (आय-व्ययको समष्टि) एक खर्ब ९६ अर्ब रुपैयाँ ऋणात्मक रहेको पाइएको छ । महालेखा नियन्त्रकको कार्यालयले गत आवको एकीकृत विवरण तथा प्रतिवेदन तयार गरी अर्थमन्त्री रामेश्वरप्रसाद खनाल र महालेखा परीक्षकको कार्यालयमा पेस गरेको प्रतिवेदनमा सञ्चित कोष घाटामा रहेको देखिएको हो ।

सञ्चित कोषसँगै नगद अवस्था पनि ३१ अर्ब ३४ करोड ६१ लाखले ऋणात्मक छ । यद्यपि, विभिन्न कोषहरूको मौज्दात एवं एक्स्ट्रा बजेटरी निकायको बाँकी मौज्दात रकमका आधारमा नगद तथा बैंक मौज्दात ६५ अर्ब ८१ करोड २६ लाखले धनात्मक देखिएको छ ।

महालेखा नियन्त्रक शोभाकान्त पौडेलले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, ०७६ को दफा २९ बमोजिम आर्थिक वर्ष ०८१/८२ को सरकारको केन्द्रीय लेखाको एकीकृत वित्तीय विवरण अर्थमन्त्री खनालसमक्ष पेस गरेको कार्यालयले जनाएको छ ।

नबिल बैंक लिमिटेड, हेटौंडा शाखा, मकवानपुरको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मितिः : २०८२/०७/१५)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फछ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य देदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायाधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूचीमा** समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज देदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

तपसिल

ऋणी कम्पनीको विवरण

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७४/०५/२९ मा दर्ता नं. १७५२४३/०७४/०७५ अन्तर्गत दर्ता भएको **मौलाकाली सेल्स एण्ड विल्डर्स प्रा.लि.** ।

ठेगाना : मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा. वडा नं. ०८, गौरीचोक ।

कम्पनीका सञ्चालकहरु तथा व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण

१. लक्ष्मण प्रसाद सेनुरिया वनियाको नाती रामेश्वर प्रसाद सेनुरिया वनियाको छोरा मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा. वडा नं. ०३ स्थायी घर भई हाल मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा. वडा नं. ०२ बस्ने, ना.प्र.न. १८/०४० (जारी मितिः २०५३/०३/१० स्थान मकवानपुर), भएको **सुशिल प्रसाद सेनुरिया वनिया** ।

२. सिवजी प्रसाद दासकी छोरी रामेश्वर प्रसाद सेनुरिया वनियाकी बुहारी सुशिल प्रसाद सेनुरिया वनियाकी श्रीमती मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा. वडा नं. ०३ स्थायी घर भई हाल मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा. वडा नं. ०२ बस्ने, ना.प्र.नं. ३११०२३/८७ (जारी मितिः २०६७/०७/१५ स्थान मकवानपुर) भएकी **अनिता कुमारी दास सेनुरिया** ।

३. युगल किशोर दासकी छोरी रामेश्वर प्रसाद सेनुरिया वनियाकी बुहारी मुन्ना प्रसाद सेनुरिया वनियाकी श्रीमती सर्लाही जिल्ला गोडैता गा.वि.स. वडा नं. ०३ स्थायी घर भई हाल मकवानपुर जिल्ला हेटौडा उ.म.न.पा. वडा नं. ०२ बस्ने, ना.प्र.नं. ३५७०२५३९ (जारी मितिः २०५३/१०/१७ स्थान सर्लाही) भएकी **कल्पना कुमारी दास** ।

४. पारस दास वनियाकी छोरी लक्ष्मण प्रसाद सेनुरिया वनियाकी बुहारी रामेश्वर प्रसाद सेनुरिया वनियाकी श्रीमती पर्सा जिल्ला वीरगंज म.न.पा. वडा नं. ०८ स्थायी घर भई हाल मकवानपुर जिल्ला हेटौडा उ.म.न.पा. वडा नं. ०२ बस्ने, ना.प्र.नं. २०७ (जारी मितिः २०४६/०२/१९ स्थान पर्सा) भएकी **गोदावरी देवी सेनुरिया** ।

५. लक्ष्मण प्रसाद सेनुरिया वनियाको नाती रामेश्वर प्रसाद सेनुरिया वनियाको छोरा मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा. वडा नं. ०३ स्थायी घर भई हाल मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा. वडा नं. ०२ बस्ने, ना.प्र.न. ४२ (जारी मितिः २०४६/०३/११ स्थान मकवानपुर), भएको **मुन्ना प्रसाद सेनुरिया वनिया** ।

धितोको विवरण

धितोमा रहेको घर/जग्गाको विवरणः

१. मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा. वडा नं. ०३ स्थायी घर भई हाल मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा. वडा नं. ०२ बस्ने **मुन्ना प्रसाद सेनुरिया वनिया**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको मोरङ जिल्ला अमरदह गा.वि.स. वडा नं. ०४ नक्सा सीट नं. ४८ मा अवस्थित कि.नं. २३, १४१, १४२, ३३३, ४१४, ४१५, ४१७, १५३, २४५, २७३, २७४, २७६ र ३२९ क्षेत्रफल क्रमश ०-२-१५-०, ०-१-२-०, ०-१६-८-०, ०-३-३-०, ०-२-१७-१, ०-६-१४-१, ०-३-५-०, ०-५-१९-०, ०-२-८-०, ०-३-१०-०, ०-५-३-०, ०-७-१३-० र ०-३-७-० विघाको घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

२. मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा. वडा नं. ०३ स्थायी घर भई हाल मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा. वडा नं. ०२ बस्ने **मुन्ना प्रसाद सेनुरिया वनिया**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सुनसरी जिल्ला मघेशा गा.वि.स. वडा नं. ०५ नक्सा सीट नं. ५क मा अवस्थित कि.नं. २३९ क्षेत्रफल ०-४-५.५०-० विघाको घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

३. मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा. वडा नं. ०३ स्थायी घर भई हाल मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा. वडा नं. ०२ बस्ने **मुन्ना प्रसाद सेनुरिया वनिया**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको झापा जिल्ला दमक न.पा. वडा नं. ०४ नक्सा सीट नं. ०४ मा अवस्थित कि.नं. ६३२, ४८११ र ४८१० क्षेत्रफल क्रमश ०-१०-०, ०-२-० र ०-२-० विघाको घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

४. मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा. वडा नं. ०३ स्थायी घर भई हाल मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा. वडा नं. ०२ बस्ने **अनिता कुमारी दास सेनुरिया**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको रौतहट जिल्ला डुमरिया मार्टयौन गा.वि.स. वडा नं. ०१ नक्सा सीट नं. ०१ मा अवस्थित कि.नं. १६४८ क्षेत्रफल ०-६-०-० विघाको घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

NABIL BANK®

प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४

मलेसियाको रोजगारीसम्बन्धी विवाद वार्ताबाट समाधान गरिने

नयाँ पत्रिका

वैदेशिक रोजगार व्यवसायीका लागि मलेसियाको नयाँ मापदण्डबारे सरकारले द्विपक्षीय वार्ताबाट समाधान निकाल्ने भएको छ । प्रधानमन्त्री सुशीला कार्कीले शुक्रबार दिउँसो अर्थमन्त्री रामेश्वर खनाल, कानुनमन्त्री अनिलकुमार सिन्हा, मुख्यसचिव एकनारायण अर्याल, श्रमसचिव कृष्णहरि पुस्कर तथा परराष्ट्र र कानुन मन्त्रालयका अधिकारीसँग गरेको छलफलमा मलेसियाले आप्रवासी कामदार पठाउने म्यानपावरका लागि जारी गरेको नयाँ मापदण्डलाई दुवै देशको हितअनुकूल हुने गरी वार्ताबाट समाधान खोज्ने निष्कर्ष निकालिएको हो ।

साथै, मलेसियाले जारी गरेको मापदण्ड प्रस्तावित मात्र भएर छलफल र वार्ताका माध्यमबाट सच्याउन सकिनेसमेत निष्कर्ष निकालिएको छ । द्विपक्षीय वार्ताका माध्यमबाट नेपाली श्रमिक र व्यवसायी दुवैको अधिकतम हित हुने गरी मर्यादित र सुरक्षित रोजगारी सुनिश्चितताका लागि पहल गर्ने बैठकका निर्णय भएको प्रधानमन्त्री कार्यालयले जनाएको छ ।

मलेसियाले सोमबार क्वालालम्पुरस्थित नेपाली दूतावासलाई पत्राचार गर्दै आप्रवासी कामदार आपूर्तिका लागि सम्बन्धित देशका म्यानपावर कम्पनीका लागि नयाँ मापदण्ड लागू गरेको जानकारी गराएको थियो । सरकारी निकायबाट इजाजत लिएको पाँच वर्ष हुनुपर्ने, पछिल्लो पाँच वर्षमा तीन हजार विदेशी श्रमिक व्यवस्थापन गरेको हुनुपर्ने र पाँच वर्षमा कम्तीमा तीनवटा देशमा श्रमिक आपूर्ति गरेको म्यानपावरलाई मलेसियामा कामदार आपूर्तिका लागि योग्य ठहरिने गरी मलेसियाले नयाँ मापदण्ड बनाएको छ ।

त्यस्तै, श्रमिकको प्रशिक्षण, मूल्यांकन, भर्ती र स्थानान्तरणका लागि आवश्यक सबै वैध अनुमति र लाइसेन्स प्राप्त गरेको हुनुपर्ने, कम्पनी सञ्चालकसँग स्रोत देश (मलेसिया)का सम्बन्धित निकायबाट राम्रो आचरणको प्रमाणपत्र हुनुपर्ने र मानव बेचबिखन, श्रम कानुन उल्लंघन, जबर्जस्ती, ठगी वा अन्य कुनै पनि वित्तीय अपराधमा कम्पनी संलग्न नभएको हुनुपर्ने मापदण्डसमेत छ ।

सातको बजार

९६.५३ अंकले बढ्यो नेप्से

मुद्दती निक्षेपको ब्याजदर न्यूनतम विन्दुमा आएको र नाफामा सुधार आएको तथा सूचीकृत कम्पनीहरूले लाभांश घोषणा गरिरहेकाले सेयर बजारमा सामान्य आकर्षण

नयाँ पत्रिका

यो साता सेयर बजार परिसूचक ९६.५३ अंकले बढेको छ । तिहारलगत्तै खुलेको नेप्से परिसूचक आइतबार २५०९.०४ विन्दुमा पुगेको थियो । त्यसपछि निरन्तर बढेको बजार परिसूचक बुधबार ५.१७ अंकले घट्यो । तर, अन्तिम दिन बिहीबार ३४.२२ अंकले बढेर २६००.३८ विन्दुमा रोकिएको थियो ।

आइतबार दुई अर्ब ३६ करोडमा सीमित सेयर कारोबार अन्तिम दिनसम्म आइपुग्दा बढेर पाँच अर्ब ५९ करोड रुपैयाँ कायम भएको छ । बैंक तथा वित्तीय संस्थाले मुद्दती निक्षेपमा ब्याजदर न्यूनतम कायम राखेको र नाफामा सुधार आएको तथा सूचीकृत कम्पनीहरूले लाभांश घोषणा गरिरहेकाले सेयर बजारमा सामान्य आकर्षण बढेको देखिन्छ । त्यसबाहेक नेपाल राष्ट्र बैंकले सेयर धितो कर्जाको २५ करोडको सीमा खारेज गरेसँगै बजार बढ्ने अपेक्षा लगानीकर्ताको छ । बजार पुँजीकरण ४३ खर्ब ४७ अर्ब रुपैयाँ कायम छ ।



बार	नेप्से परिसूचक	कारोबार मूल्य (रु)
बिहीबार	२,६००.३८	५,५९८,१८९,३५८.३०
बुधबार	२,५६६.१६	५,३८०,७९१,२४४.६०
मंगलबार	२,५७१.३४	४,५०४,०९८,१४२.००
आइतबार	२,५०९.०४	२,३६६,३८६,७६७.१०

स्रोत : नेपाल स्टक एक्सचेन्ज

सुन प्रतितोला २९ सय सस्तियो



काठमाडौं/ यो साता नेपाली बजारमा सुनको मूल्य प्रतितोला २९ सय रुपैयाँ घटेको छ । साताको पहिलो दिन आइतबार तोलाको दुई लाख ४१ हजार नौ सय रुपैयाँ थियो । निरन्तर घटेर बिहीबार आइपुग्दा तोलाको दुई लाख ३६ हजार तीन सय कायम भएको थियो । शुक्रबार भने केही बढेर दुई लाख ३९ हजार कायम भयो । यो मूल्य साताको पहिलो दिनको तुलनामा प्रतितोला दुई हजार नौ सय कम हो ।

त्यस्तै, यो साता नेपाली बजारमा चाँदीको मूल्य तोलामा ४५ रुपैयाँले बढेको छ । साताको पहिलो दिन तोलाको तीन हजार १५ रुपैयाँ कायम भएको मूल्य शुक्रबार आइपुग्दा तोलाको तीन हजार ६० कायम भएको छ । जुन साताको पहिलो दिन आइतबारको तुलनामा प्रतितोला ४५ रुपैयाँ बढेको हो ।

पछिल्ला दिनहरूमा भूराजनीतिक तनावमा कमी आउनु, अमेरिका चीनबिचको व्यापार युद्धविराम, डलरमा आएको सुधारलगायतका कारणले सुनको भाउमा केही कमी आएको विश्लेषकहरूले बताएका छन् । नेपाली बजारमा यसैको प्रभाव परेको हो ।

वायुसेवा निगमको महाप्रबन्धक नियुक्ति खुला प्रतिस्पर्धाबाट

काठमाडौं/ नेपाल वायुसेवा निगमको महाप्रबन्धक खुला प्रतिस्पर्धाबाट चयन गर्ने प्रक्रिया अघि बढेको छ। खुला प्रतिस्पर्धाबाट योग्य उम्मेदवार छनोट गरी सिफारिस गर्न पर्यटन मन्त्रालयका सचिव हरिप्रसाद मैनालीको संयोजकत्वमा समिति गठन गरिएको हो।

प्रधानमन्त्री सुशीला कार्कीले विभागीय मन्त्रीको हैसियतमा



शुक्रबार समिति गठनको निर्णय गरेकी हुन्। समितिमा क्याप्टेन कुलबहादुर लिम्बू विज्ञसदस्य चयन भएका छन्।

मन्त्रालयका योजना तथा प्रशासन महाशाखा प्रमुख एवं सहसचिवले सदस्य सचिवको काम गर्नेछन्। समितिलाई एक महिनाभित्र खुला प्रतिस्पर्धाबाट योग्य उम्मेदवार छनोट गरी सिफारिस गर्नुपर्ने समय दिइएको छ।

नयाँ महाप्रबन्धक नियुक्त नभएसम्मका लागि निगमकै वरिष्ठ कर्मचारी उपमहानिर्देशक जनकराज कालाखेतीलाई निमित्त महाप्रबन्धक भई काम गर्ने जिम्मेवारी दिइएको छ। निगमको सञ्चालक समिति अध्यक्षको काम अर्को व्यवस्था नभएसम्म उपाध्यक्ष विक्रम राईले गर्ने गरी अधिकार प्रत्यायोजन गरेको मन्त्रालयका प्रवक्ता रामकृष्ण लामिछानेले जानकारी दिए।

Qatar मा रोजगार Company : Elegancia Facilities Management

पुर्व स्वीकृती मिति: २०८२/७/१४ चलानी नं. ६०२४६६६२ LT No.: 332937

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	न्यूनतम योग्यता	मासिक तलब QR	मासिक तलब ने रू.	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा कति दिन काम गर्ने	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
१.	Labour	40	साधारण पढेको	1000	३८,९००।-	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	फ्री		२ वर्ष

स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति तिर्ने	विदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति तिर्ने	स्वदेशमा गरिने बिमा खर्च कसले गर्ने र कति तिर्ने	विदेशमा गरिने बिमा खर्च कसले गर्ने र कति तिर्ने	रोजगारका लागी हुने /गएपछि रोजगारदाता कम्पनीले	हवाई टिकट कसले दिने र कति तिर्ने	भिसा शुल्क कसले दिने र कति तिर्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	जलयात्रावारी कोष	अभिमुखीकरण शुल्क	सेवा शुल्क
कामदार आफैले	रोजगारदाता कम्पनीले	कामदार आफैले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. २,५९६।- कामदार आफैले	रु. १,५००।- कामदार आफैले	रु. ७,००।- कामदार आफैले	रु.१०,०००।-

अन्तरवार्ता २०८२ कार्तिक २२ गते (8 Nov., 2025) यस प्रा. लि. को कार्यालय गौशला काठमाडौमा हुनेछ ।

POWER EMPLOYMENT PVT. LTD.
Lic. No.: 1194/073/074
Gaushala-9, Kathmandu, GPO Box : 43435, Tel. : 01-4583830, 4588308
Email : poweremployment.np@gmail.com

River Falls Power Limited
रिभर फल्स पावर लिमिटेड
रजिष्टर्ड कार्यालय का.म.न.पा.०१ नागपोखरी, काठमाण्डौ, फोन नं. :०१-५९०२३३०
ईमेल:: riverfallshydropower@gmail.com वेभसाईट: www.riverfallshydro.com.np

हकप्रद शेयरको बाँडफाँड सम्बन्धी सूचना

रिभर फल्स पावर लिमिटेडको मिति २०८२/०४/२२ गतेसम्म कायम साविक शेयरधनीहरुका लागि १ शेयर बराबर नयाँ १ (१ : १) शेयरको अनुपातका प्रति शेयर रु.१००/- अंकित दरका ७०,००,००० (सत्तरी लाख) कित्ता हकप्रद साधारण शेयरहरु मिति २०८२/०५/२३ गतेदेखि २०८२/०६/२६ गतेसम्म निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा सो अवधिमा रितपूर्वक आवेदन दिने ७६,५१७ जना शेयरधनीहरुलाई ५९,६१,०७६ कित्ता हकप्रद शेयर मिति २०८२/०७/१४ गते निष्काशन कर्ता कम्पनीको संचालक समितिले बाँडफाँड गरेकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

साथै आफ्नो कायम हकभन्दा बढी शेयर माग गरी दरखास्त दिने आवेदकहरुको हकमा बाँडफाँडमा नपरेको हकप्रद शेयर बापतको रकम मिति २०८२/०७/१६ गते आइतबारदेखि IPS मार्फत सम्बन्धित आवेदकहरुको बैंक खातामा रकमान्तर गरिने व्यवस्था मिलाईएकोले आफ्नो खातामा रकम जम्मा भए नभएको यकिन गर्नुहुन समेत यसै सूचना मार्फत सूचित गरिन्छ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:
prabhu CAPITAL (A Subsidiary of Prabhu Bank Ltd.)
प्रभु क्यापिटल लिमिटेड
रजिष्टर्ड कार्यालय: कमलादी, काठमाण्डौं, नेपाल,
फोन नं. : ९७७-०१-४१६९१००, ५९७०२००
Email: info@prabhucapital.com, Web: www. prabhucapital.com

नबिल बैंक लिमिटेड इटहरी शाखा, सुनसरीको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मितिः : २०८२/०७/१५)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृत पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फछ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूचीमा** समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

	तपसिल
१	**ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण** प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०७७ बमोजिम प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय वाणिज्य विभागमा मिति : २०५७/१२/२२ मा प्रा.फ.र.नं. १५३३४/०५७ अन्तर्गत दर्ता भएको **मेघाश्री ट्रेडर्स**। ठेगाना : झापा जिल्ला, दमक न.पा. वडा नं. १२। **ऋणी फर्मका प्रोप्राइटरः** जगेश्वर पराजुलीको नाती, चन्द्र प्रसाद पराजुलीको छोरा, झापा जिल्ला, दमक न.पा. वडा नं. १२ बस्ने, ना.प्र.न २३१११२४८१ (जारी मितिः २०४८/०२/३० स्थानः झापा), भएको **माधव प्रसाद पराजुली**। **व्यक्तिगत जमानतकर्ताहरुको विवरण** डिल्ली राज अधिकारीकी छोरी, चन्द्र प्रसाद पराजुलीकी बुहारी, माधव प्रसाद पराजुलीकी श्रीमती, मोरङ्ग जिल्ला, उर्लाबारी न.पा. वडा नं. ०३ स्थायी घर भई हाल झापा जिल्ला, दमक न.पा. वडा नं. १२ बस्ने, ना.प्र.न १२२६/१२८५ (जारी मितिः २०५१/०८/०६ स्थान मोरङ्ग), भएकी **तुलसा अधिकारी**।
२	**ऋणीको नाम र ठेगानाको विवरण** जगेश्वर पराजुलीको नाती, चन्द्र प्रसाद पराजुलीको छोरा, झापा जिल्ला, दमक न.पा. वडा नं. १२ बस्ने, ना.प्र.न २३१११२४८१ (जारी मितिः २०४८/०२/३० स्थान झापा), भएको **माधव प्रसाद पराजुली**। **व्यक्तिगत जमानतकर्ताहरुको विवरण** डिल्ली राज अधिकारीकी छोरी, चन्द्र प्रसाद पराजुलीकी बुहारी, माधव प्रसाद पराजुलीकी श्रीमती, मोरङ्ग जिल्ला, उर्लाबारी न.पा. वडा नं. ०३ स्थायी घर भई हाल झापा जिल्ला, दमक न.पा. वडा नं. १२ बस्ने, ना.प्र.न १२२६/१२८५ (जारी मितिः २०५१/०८/०६ स्थान मोरङ्ग), भएकी **तुलसा अधिकारी**। **मेघाश्री ट्रेडर्स र माधव प्रसाद पराजुलीको संयुक्त धितोको विवरण** **धितोमा रहेको घर/जग्गाको विवरणः** झापा जिल्ला, दमक न.पा. वडा नं. १२ बस्ने, **माधव प्रसाद पराजुली** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको झापा जिल्ला, दमक न.पा. वडा नं. १३ नक्सा सिट नं १७९००१६१४ मा अवस्थित कि.न. ४१० र ३९९ क्षेत्रफल १३३.६२ र ५२२.३८ वर्ग मिटर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
३	**ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण** प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभागमा मिति : २०७१/०९/१४ मा प्रा.फ.र.नं. ७३१/७४३७ अन्तर्गत दर्ता भएको **सि.पि. इनटरनेशनल**। ठेगाना : झापा जिल्ला, दमक न.पा. वडा नं. १२। **ऋणी फर्मका प्रोप्राइटरः** डिल्ली राज अधिकारीकी छोरी, चन्द्र प्रसाद पराजुलीकी बुहारी, माधव प्रसाद पराजुलीकी श्रीमती, मोरङ्ग जिल्ला, उर्लाबारी न.पा. वडा नं. ०३ स्थायी घर भई हाल झापा जिल्ला, दमक न.पा. वडा नं. १२ बस्ने, ना.प्र.न १२२६/१२८५ (जारी मितिः २०५१/०८/०६ स्थान मोरङ्ग), भएकी **तुलसा अधिकारी**। **व्यक्तिगत जमानतकर्ताहरुको विवरण** जगेश्वर पराजुलीको नाती, चन्द्र प्रसाद पराजुलीको छोरा, झापा जिल्ला, दमक न.पा. वडा नं. १२ बस्ने, ना.प्र.न २३१११२४८१ (जारी मितिः २०४८/०२/३० स्थान झापा), भएको **माधव प्रसाद पराजुली**।
४	**ऋणीको नाम र ठेगानाको विवरण** डिल्ली राज अधिकारीकी छोरी, चन्द्र प्रसाद पराजुलीकी बुहारी, माधव प्रसाद पराजुलीकी श्रीमती, मोरङ्ग जिल्ला, उर्लाबारी न.पा. वडा नं. ०३ स्थायी घर भई हाल झापा जिल्ला, दमक न.पा. वडा नं. १२ बस्ने, ना.प्र.न १२२६/१२८५ (जारी मितिः २०५१/०८/०६ स्थान मोरङ्ग), भएकी **तुलसा अधिकारी**। **व्यक्तिगत जमानतकर्ताहरुको विवरण** जगेश्वर पराजुलीको नाती, चन्द्र प्रसाद पराजुलीको छोरा, झापा जिल्ला, दमक न.पा. वडा नं. १२ बस्ने, ना.प्र.न २३१११२४८१ (जारी मितिः २०४८/०२/३० स्थान झापा), भएको **माधव प्रसाद पराजुली**। **सि.पि. इनटरनेशनल र तुलसा अधिकारीको संयुक्त धितोको विवरण** **धितोमा रहेको घर/जग्गाको विवरणः** मोरङ्ग जिल्ला, उर्लाबारी न.पा. वडा नं. ०३ स्थायी घर भई हाल झापा जिल्ला, दमक न.पा. वडा नं. १२ बस्ने, **तुलसा अधिकारी** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको झापा जिल्ला, दमक न.पा. वडा नं. १३ नक्सा सिट न १७९००१६०९ मा अवस्थित कि.न. २९ र ३१ क्षेत्रफल ५१९.२२ र ६०.९७ वर्ग मिटर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

CENTRAL OFFICE:
Gyaneshwor-30, Kathmandu
Tel: +977-01-5970030
Toll Free No: 16600-11-3000
Email: customercare@kamanasewabank.com
www.kamanasewabank.com

Unaudited Financial Results (Quarterly)
As on 31 Ashwin 2082

Condensed Statement of Financial Position
As on Quarter ended 31 Ashwin 2082

(Amount in NPR)

Particulars	This Quarter ending	Immediate Previous Year Ending (Audited)
Assets		
Cash and Cash Equivalent	1,573,530,853	1,786,654,797
Due from Nepal Rastra Bank	2,551,731,352	2,724,031,338
Placement with Bank and Financial Institutions	-	-
Derivative Financial Instruments	-	-
Other Trading Assets	-	-
Loans and Advances to BFIs	1,996,572,678	2,537,879,119
Loans and Advances to Customers	51,449,026,505	50,077,497,277
Investment Securities	12,189,303,427	12,290,942,521
Current Tax Assets	-	-
Investment in Subsidiaries	-	-
Investment in Associates	-	-
Investment Property	340,472,729	354,180,029
Property and Equipment	921,030,758	932,123,307
Goodwill and Intangible Assets	11,858,554	13,304,569
Deferred Tax Assets	53,192,867	32,455,525
Other Assets	547,727,293	705,505,466
Total Assets	**71,634,447,017**	**71,454,573,948**
Liabilities		
Due to Bank and Financial Institutions	741,017,557	667,439,221
Due to Nepal Rastra Bank	-	-
Derivative Financial Instruments	-	-
Deposits from Customers	63,040,703,213	62,834,301,164
Borrowings	-	-
Current Tax Liabilities	72,696,421	11,699,214
Provisions	26,346,175	26,950,201
Deferred Tax Liabilities	-	-
Other Liabilities	874,276,345	979,614,600
Debt Securities Issued	997,108,939	997,108,939
Subordinated Liabilities	-	-
Total Liabilities	**65,752,148,650**	**65,517,113,338**
Equity		
Share Capital	3,861,930,815	3,510,846,195
Share Premium	-	-
Retained Earnings	135,221,287	587,575,801
Reserves	1,885,146,266	1,839,038,613
Total Equity Attributable to Equity Holders	**5,882,298,367**	**5,937,460,610**
Non Controlling Interest	-	-
Total Equity	**5,882,298,367**	**5,937,460,610**
Total Liabilities and Equity	**71,634,447,017**	**71,454,573,948**
Net Assets Value per share	152.31	169.12

Condensed Statement of Profit or Loss
For the Quarter ended 31 Ashwin 2082

(Amount in NPR)

Particulars	Current Year		Corresponding Previous Year	
	This Quarter	Upto This Quarter (YTD)	This Quarter	Upto This Quarter (YTD)
Interest Income	1,393,631,747	1,393,631,747	1,521,795,454	1,521,795,454
Interest Expense	775,995,134	775,995,134	1,003,054,282	1,003,054,282
Net Interest Income	**617,636,613**	**617,636,613**	**518,741,171**	**518,741,171**
Fee and Commission Income	90,632,014	90,632,014	81,411,517	81,411,517
Fee and Commission Expense	6,210,212	6,210,212	6,167,630	6,167,630
Net Fee and Commission Income	**84,421,802**	**84,421,802**	**75,243,887**	**75,243,887**
Net Interest, Fee and Commisson Income	**702,058,415**	**702,058,415**	**593,985,058**	**593,985,058**
Net Trading Income	233,094	233,094	156,391	156,391
Other Operating Income	52,144,330	52,144,330	43,735,095	43,735,095
Total Operating Income	**754,435,839**	**754,435,839**	**637,876,544**	**637,876,544**
Impairment Charge / (Reversal) for Loans and Other Losses	110,693,770	110,693,770	48,734,495	48,734,495
Net Operating Income	**643,742,069**	**643,742,069**	**589,142,049**	**589,142,049**
Operating Expense				
Personnel Expenses	242,813,097	242,813,097	221,435,696	221,435,696
Other Operating Expenses	98,309,805	98,309,805	91,071,493	91,071,493
Depreciation & Amortisation	17,990,684	17,990,684	19,878,556	19,878,556
Operating Profit	**284,628,483**	**284,628,483**	**256,756,304**	**256,756,304**
Non Operating Income	150,000	150,000	-	-
Non Operating Expense	2,515,428	2,515,428	6,785,880	6,785,880
Profit Before Income Tax	**282,263,055**	**282,263,055**	**249,970,423**	**249,970,423**
Income Tax Expense				
Current Tax	84,678,917	84,678,917	74,991,127	74,991,127
Deferred Tax	-	-	-	-
Profit for the Period	**197,584,139**	**197,584,139**	**174,979,296**	**174,979,296**
Profit Attributable to:				
Equity-holders of the Bank	197,584,139	197,584,139	174,979,296	174,979,296
Non-Controlling Interest	-	-	-	-
Profit for the Period	**197,584,139**	**197,584,139**	**174,979,296**	**174,979,296**

Condensed Statement of Other Comprehensive Income
For the Quarter ended 31 Ashwin 2082

(Amount in NPR)

Particulars	Current Year		Corresponding Previous Year	
	This Quarter	Upto This Quarter (YTD)	This Quarter	Upto This Quarter (YTD)
Profit for the year	**197,584,139**	**197,584,139**	**174,979,296**	**174,979,296**
Other Comprehensive Income, Net of Income Tax				
a) Items that will not be reclassified to profit or loss				
Gains/(losses) from investment in equity instruments measured at fair value	(69,124,473)	(69,124,473)	29,407,739	29,407,739
Gains/(losses) on revaluation	-	-	-	-
Actuarial gains/(losses) on defined benefit plans	-	-	-	-
Income tax relating to above items	20,737,342	20,737,342	(8,822,322)	(8,822,322)
Net other comprehensive income that will not be reclassified to profit or loss	**(48,387,131)**	**(48,387,131)**	**20,585,417**	**20,585,417**
b) Items that are or may be reclassified to profit or loss				
Gains/(losses) on cash flow hedge	-	-	-	-
Exchange gains/(losses)(arising from translating financial assets of foreign operation)	-	-	-	-
Income tax relating to above items	-	-	-	-
Reclassify to profit or loss	-	-	-	-
Net other comprehensive income that are or may be reclassified to profit or loss	-	-	-	-
c) Share of other comprehensive income of associate accounted as per equity method	-	-	-	-
Other Comprehensive Income for the year, Net of Income Tax	(48,387,131)	(48,387,131)	20,585,417	20,585,417
Total Comprehensive Income for the Period	**149,197,008**	**149,197,008**	**195,564,714**	**195,564,714**
Total Comprehensive Income attributable to:				
Equity-Holders of the Bank	149,197,008	149,197,008	195,564,714	195,564,714
Non-Controlling Interest	-	-	-	-
Total Comprehensive Income for the Period	**149,197,008**	**149,197,008**	**195,564,714**	**195,564,714**
Earnings per Share				
Basic Earnings per Share		20.46		19.94
Diluted Earnings per Share		20.46		19.94

Ratio as per NRB Directive

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter (YTD)	This Quarter	Upto This Quarter (YTD)
Capital Fund to RWE		12.26%		12.38%
Tier 1 Capital to RWA		9.61%		9.43%
CET 1 Capital to RWA		9.61%		9.43%
Annualized Return on Equity		13.37%		11.87%
Annualized Return on Assets		1.10%		0.94%
Non-Performing Loan (NPL) to Total Loan		4.41%		3.96%
Net Non-Performing Loan (NPL) to Total Loan		1.24%		1.64%
Total Loan Loss Provision to Total NPL		107.69%		104.30%
Cost of Funds		4.59%		6.14%
Credit to Deposit Ratio (CD)		86.35%		83.71%
Base Rate		6.55%		8.23%
Interest Rate Spread		4.32%		4.59%

Statement of Distributable Profit or Loss
For the Quarter ended 31 Ashwin 2082
(As per NRB Regulation)

(Amount in NPR)

Particulars	Current Year Upto this Quarter YTD	Previous Year Corresponding Quarter YTD
Net profit or (loss) as per statement of profit or loss	**197,584,139**	**174,979,296**
Appropriations:		
a. General reserve	(43,668,947)	(34,995,859)
b. Foreign exchange fluctuation fund	(58,942)	(18,422)
c. Capital redemption reserve	(35,714,286)	(35,714,286)
d. Corporate social responsibility fund	(1,975,841)	(1,749,793)
e. Employees' training fund	-	-
f. Other		
Investment adjustment reserve	3,000,000	-
Fair Value Reserve	20,760,597	-
Profit or (loss) before regulatory adjustment	**139,926,720**	**102,500,937**
Regulatory adjustment :		
a. Interest receivable (-)/previous accrued interest received (+)	(44,758,297)	43,294,086
b. Short loan loss provision in accounts (-)/reversal (+)	-	-
c. Short provision for possible losses on investment (-)/reversal (+)	-	-
d. Short loan loss provision on Non Banking Assets (-)/reversal (+)	6,822,123	46,588,098
e. Deferred tax assets recognized (-)/ reversal (+)	-	-
f. Goodwill recognized (-)/ impairment of Goodwill (+)	-	-
g. Bargain purchase gain recognized (-)/reversal (+)	-	-
h. Actuarial loss recognized (-)/reversal (+)	-	-
i. Fair value Loss on investment	-	-
j. Other (+/-)	-	-
Net Profit for the quarter end available for distribution	**101,990,546**	**192,383,121**
Opening retained earnings	**587,575,801**	**411,201,538**
Adjustment/Restatement	-	-
Distribution:		
Bonus Share issued	(351,084,620)	(229,681,527)
Cash dividend paid	(203,260,440)	(164,058,233)
Total Distributable profit or loss as on quarter end date	**135,221,287**	**209,844,899**
Annualised Distributable Profit/Loss per share	**14.01**	**23.91**

Notes to Interim Financial Statements :

1. The above financial statements have been prepared in accordance with Nepal Financial Reporting Standards (NFRS) in line with NRB Directives. In compliance with NRB's ECL Guidelines, Bank has de-recognized interest income on loans and advances classified as Lifetime ECL under Stage-3. Bank has considered the impairment on credit exposures as the higher of total ECL provision as per NFRS 9 and existing regulatory provision in Unified Directives. Separate reporting of ECL shall be done to NRB by the Bank.
2. Loans and advances include interest receivable on loans and are presented net of loan impairments.
3. Bank has set aside Rs. 14.29 crore per year starting from Fiscal year 2080-81 for Debenture Redemption Reserve fund. Till the first quarter of current FY accumulated figure of Debenture Redemption reserve is Rs. 32.14 crore.
4. Above figures are subject to change if directed by regulator or external audit.
5. Wherever necessary, figures have been regrouped and rearranged.
6. There are no related party transactions for the quarter with related parties apart from BOD allowance to BOD members and salary and allowances to CEO and DCEO.
7. The interim unaudited financial statement has been updated in Bank's website https://www.kamanasewabank.com.

Additional Disclosure as per Securities Registration and Issue Regulation - 2073 (Sub-Rule (1) of Rule 26, Annex 14) for 1st Quarter Report Fiscal Year 2082/083

1. Financial Statement

a. Statement of Financial Position and Statement of Profit and Loss as per Nepal Financial Reporting Standard: Published along with this report. There has been no transaction between related parties.

b. Key financial indicators and ratios

Earnings Per Share	20.46
Price Earnings Ratio (P/E Ratio)	20.18
Net worth Per Share	152.31
Liquidity Ratio	23.80%
Total Assets per share	1,854.89
Capital Adequacy Ratio	12.26%

2. Management Analysis

a. The bank has registered NPR 197.58 million in net profit.
b. There has been change in the bank's reserve, profit and liquidity position in line with the growth in business volume.
c. The bank has been able to generate satisfactory financial results as of 1st Quarter of Fiscal year 2082-83.

3. Details relating to legal action

a. Case filed against the bank
There were no major cases except those arising during the normal course of the bank's business.
b. Case relating to disobedience of prevailing law or commission of criminal offence filed by or against the promoter or director of the bank
No such information has been received.
c. Case relating to financial crime filed against any promoter or director
No such information has been received.

4. Analysis of share transaction and progress of the bank

a. Management's view on share transaction of bank in the secondary market
As the prices in the secondary market is determined by open share market operations, management view is neutral on this.
b. Maximum, minimum, closing price, total traded days and total share transacted during the quarter (Source www.nepalstock.com)

Maximum Price	577.51	Total Days Transacted	51
Minimum Price	413	Total Share Transacted	7,406,740 Shares
Closing Price	413	Total Transactions	NRs. 3,942,529,503

5. Problem and Challenges

Internal
- Recruitment and retention of quality manpower.
- Increasing cost of operation.
- Management of increased operational risk with the increase in business volume and no. of branches.
- Increasing trend of Non-Performing Assets.
- Limited scope for increasing non-interest income.

External
- Slowdown in country's economic activities.
- Competitive banking business.
- Limited credit opportunities in productive sectors.
- Excess availability of liquid funds in market
- Political instability.
- Increasing cyber frauds and information security risks.
- Current trend of selection of foreign countries for better opportunity by the youths.

Strategy
- Identification of new possibilities for business development.
- Focus on quality onboarding of customers/ borrowers.
- Strong risk management approach and portfolio diversification.
- Reinforcement of prudent banking practices.
- Re-pricing of assets and liabilities keeping in view the market fluctuations.
- Prioritization of digitization in banking services to enhance efficiency.
- Robust recovery management.

6. Corporate Governance

The bank follows zero tolerance culture on governance and compliance. It ensures absolute compliance of directives and guidelines issued by Nepal Rastra Bank. To ensure adequate compliance and risk management the bank has developed strong policy and procedural framework along with dedicated independent compliance, audit and risk management function.

The board of directors, audit committee, risk management committee, human resource management committee, recruitment committee and all other management committee are committed to enforce highest standard of corporate governance within the bank.

7. Declaration by CEO

I hereby declare that the data and information provided in this report is true, complete and factual to the best of my knowledge. No any conscious attempt has been made to misguide the investors.

का.नि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.नं. १७/०६९/०७७

नयाँ पत्रिका

दक्षिण अफ्रिकाका डु प्लेसिसले विराटनगरबाट एनपिएल खेल्ने

एक दशक दक्षिण अफ्रिकाबाट टेस्ट, एकदिवसीय तथा टी-२० आई खेलेका डु प्लेसिसले करिअरमा ४१ हजार तीन सय ८५ रन बटुलेका छन्

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

दक्षिण अफ्रिकाका मध्यक्रम ब्याट्समान फाफ डु प्लेसिसले ठुला स्टार खेलाडीका रूपमा दोस्रो नेपाल प्रिमियर लिग क्रिकेट (एनपिएल) खेल्ने भएका छन् । दक्षिण अफ्रिकाका पूर्वस्टार खेलाडी प्लेसिसले विराटनगर किङ्सबाट खेल्नेछन् । विराटनगरले शुक्रबार विश्व क्रिकेटमै नाम कमाएका दक्षिण अफ्रिकी क्रिकेटर प्लेसिसलाई भित्र्याएको सोसल मिडियाबाट जानकारी दिएको हो । एनपिएलमा आबद्ध आठ फ्रेन्चाइज टोलीले अहिलेसम्म भित्र्याएकामध्ये प्लेसिस माथिल्लो स्तरका क्रिकेटर हुन् ।

'डु प्लेसिसजस्ता विश्वस्तरीय खेलाडी आउँदा विराटनगर किंग्स र एनपिएलकै लागि गर्वको विषय हो,' विराटनगरका निर्देशक दीपेन्द्र चौधरीले भने, 'उनको आगमनले आउने दिनमा अन्य विश्वस्तरीय खेलाडी आउन अझ उत्साहित हुनेछन् ।' विराटनगरले यसअघि स्कटल्यान्डका जर्ज मुन्से र अस्ट्रेलियाका साम हिजलेटलाई विदेशी खेलाडीका रूपमा अनुबन्ध गरेको थियो ।

विराटनगरले डु प्लेसिसको आगमनपछि टोलीका अन्य खेलाडीले अन्तर्राष्ट्रिय क्रिकेटरको अनुभव आत्मसात् गर्न अवसर पाउने जनाएको छ । 'विश्वकै स्टार खेलाडीको आगमनपछि हाम्रो ड्रेसिङ रुममा डु प्लेसिसको अन्तर्राष्ट्रिय क्रिकेटको अनुभव र धेरै सिक्ने अवसर पाउने विश्वास राखेका छौं,' चौधरीले भने, 'यसले एनपिएललाई विश्वस्तरमा पुऱ्याउने टोलीले विश्वास लिएको छ ।'

गत वर्ष विराटनगरले न्युजिल्यान्डका पूर्वखेलाडी मार्टिन गुप्टिललाई ठुला स्टार खेलाडीका रूपमा अनुबन्ध गरेको थियो । यसैगरी, गत वर्ष कर्णाली याक्सले भारतका चर्चित खेलाडी शिखर धवन, चितवन राइनोजले पाकिस्तानका विश्वकप विजेता सोहेल तन्भिर तथा रवि बोपारालाई भित्र्याएको थियो । चितवनले यसपटक पनि तन्भिर र बोपारालाई पुनः अनुबन्ध गरेको छ । आगामी १ देखि २७ मंसिरसम्म कीर्तिपुरस्थित त्रिवि मैदानमा हुने एनपिएलका लागि विराटनगरको टोलीमा मार्की खेलाडी सन्दीप लामिछानेसहित लोकेश बम, प्रतिश जिसी, बसिर अहमद, नरेन भट्ट, सुवास भण्डारी, सूर्य तामाङ, साहिल पटेल, नारायण जोशी, श्रवण किस्कु र शंकर राना रहेका छन् ।

दुईपटक आइपिएल विजेता

भारतको इन्डियन प्रिमियर लिग (आइपिएल) संसारकै महँगो टी-२० फ्रेन्चाइज हो । डु प्लेसिसले आइपिएल उपाधि दुईपटक जितेका छन् । चेन्नई सुपर किंग्समा रहँदा उनले सन् २०१८ र २०२१ को संस्करणको उपाधि हात पारेका थिए । सन् २०२१ को फाइनलमा उनले कोलकाता नाइट राइडर्सविरुद्ध ८६ रनको म्याच विनिङ प्रदर्शन गरेका थिए । त्यसवेला कोलकाताले दिएको एक सय ९२ रनको चुनौतीपूर्ण लक्ष्यलाई चेन्नईले डु प्लेसिसकै आक्रामक अर्धशतकीय इनिङ्समा पूरा गरेको थियो ।

आइपिएलमा उनका नाममा थुप्रै रेकर्ड छन् । तर, उनले एकपटक पनि आइपिएलमा शतकीय इनिङ्स खेलेका छैनन् । विनाशतक उनले आइपिएलमा चार हजार रन पूरा गरेका छन् । यस्तो सफलता प्राप्त गर्ने उनी आइपिएलकै पाँचौं खेलाडी हुन् । चेन्नईका पूर्वकप्तान महेन्द्रसिंह धोनी, रोविन उथप्पा, दिनेश कार्तिक तथा गौतम गम्भीरले आइपिएलमा शतकविना नै चार हजार रन बनाएका छन् । एकपटक दिल्ली क्यापिटल्सले उनलाई दुई करोड भारुमा अनुबन्ध गर्दै उपकप्तानको जिम्मेवारी दिएको थियो । सन् २०२२ मा उनले रोयल च्यालेन्जर्स बेंग्लोरको कप्तानी गरेका थिए ।

आइपिएलमा ३९ अर्धशतक

आइपिएलमा शतक वा अर्धशतक बनाउँदा खेलाडी रमाउने गर्छन् । डु प्लेसिसले आइपिएलमा एक सय ५४ खेलमा ३९ अर्धशतकीय इनिङ्स खेलेका छन् । यस क्रममा उनले चार हजार सात सय ७३ रन बटुले । आइपिएलमा उनले १३५.७९ को स्ट्राइकमा ब्याटिङ गर्थे । सन २०१२ देखि २०२५ सम्म आइपिएल खेल्दा उनले एक सय ७४ छक्का र चार सय ३९ चौका प्रहार गरेका थिए । आक्रामक ब्याटिङ गर्न रुचाउने उनी मैदानमा उत्तिकै राम्रो रूपमा फिल्डिङ गर्छन् । उनले आइपिएलमा एक सय ५४ खेलमा ८५ क्याच लिएका छन् ।

सन् २०२३ को सिजनमा उनी उत्कृष्ट फर्ममा थिए । यसवेला उनले चेन्नईबाट १४ खेलमा सर्वाधिक सात सय ३० रन बटुले । त्यो सिजनमा उनले आठ अर्धशतकीय इनिङ्ससमेत खेले । यसैगरी, सन् २०२१ मा उनले १६ खेलमा ६ सय ३३ रन बनाउँदा ६ अर्धशतक बनाए । सन् २०१७ को सिजनमा उनले केवल दुई खेलमा मात्र मौका पाउँदा आठ रन मात्र बनाए । गत वर्ष उनले नौ खेल खेल्दै दुई अर्धशतकको मद्दतमा दुई सय दुई रन बनाए ।

पाँच वर्षअघि अन्तर्राष्ट्रिय क्रिकेटबाट सन्न्यास

डु प्लेसिस क्रिजमा रहँदा दक्षिण अफ्रिकाले सधैं मध्यक्रम ब्याटिङ लाइनअप बलियो पाएको थियो । जबर्जस्ती ब्याटिङ र चुस्त फिल्डिङ गर्न सक्ने उनले दक्षिण अफ्रिकाका लागि अन्तिमपटक सन् २०२० मा खेले । घरेलु मैदान केपटाउनमा उनले इंग्ल्यान्डविरुद्ध टी-२० आई खेल



खेले । सन् २०११ मा उनले भारतविरुद्ध एकदिवसीय खेलमा डेब्युको अवसर पाए । सन् २०१९ मा उनले एकदिवसीयमा अस्ट्रेलियाविरुद्ध आफ्नो अन्तिम खेल खेले । सन् २०१२ मा अस्ट्रेलियाविरुद्ध टेस्टमा डेब्यु गरेका उनले सन् २०२१ मा पाकिस्तानसँगको खेल अन्तिम बनाए । उनले सन् २०११ देखि २०१९ सम्म एकदिवसीय खेल खेलेका थिए । उनले समग्र टी-२० मा चार सय २४ खेलमा ११ हजार नौ सय ६ रन बनाएका छन् । उनले समग्रमा टी-२० फर्म्याटमा दुई सय ११ क्याच लिएका छन् ।

२३ अन्तर्राष्ट्रिय शतक

एक दशक दक्षिण अफ्रिकाबाट अन्तर्राष्ट्रिय खेल खेल्दा उनले समग्रमा २३ शतकीय इनिङ्स खेलेका छन् । उनले ६९ टेस्टमा १० शतक तथा २१ अर्धशतकको सहयोगमा चार हजार एक सय ६३ रन बनाएका छन् । यसैगरी १४३ एकदिवसीय खेलमा उनले सर्वाधिक १२ शतक तथा ३५ अर्धशतक खेल्दै पाँच हजार पाँच सय सात रन जोडे । टी-२० आईमा उनले ५० खेलमा सातपटक नटआउट रहँदै एक हजार पाँच सय २८ रन जोडे । यस क्रममा उनले एक शतक तथा १० अर्धशतक बनाएका छन् । उनले पहिलो श्रेणीमा १८ शतक तथा ५२ अर्धशतक इनिङ्सको सहयोगमा आठ हजार सात सय ९८ रन जोडे । समग्रमा टी-२० सिरिजमा उनले करिअरमै चार सय २४ खेल खेलेका छन्, जसमा उनले आठ शतक तथा ८३ अर्धशतक बनाए । उनले आइपिएलपछि सेन्ट लुसिया किङ्सबाट सिपिएलको उपाधि जितेका छन् ।

प्रसिद्ध फ्रेन्चाइज लिगको अनुभवी खेलाडी

दक्षिण अफ्रिकाका क्रिकेटरमध्ये डु प्लेसिस विश्वप्रसिद्ध फ्रेन्चाइज टी-२० लिगमा धेरै आबद्ध हुने खेलाडीमा पर्छन् । उनले अस्ट्रेलियाको बिग बास, मेजर लिग क्रिकेट, पिएसएल, बिपिएल, भाइटालिटी ब्लास्ट र एसएटी-२० लगायतका फ्रेन्चाइज लिग खेलेका छन् । उनले अस्ट्रेलिया, पाकिस्तान र वेस्ट इन्डिजको फ्रेन्चाइज क्रिकेट लिगमा निरन्तर सहभागिता जनाएका छन् । समग्र क्रिकेट करिअरमा उनले अहिलेसम्म ४१ हजार तीन सय ८५ रन बटुलेका छन् ।

विश्वकप क्रिकेट लिग-२

अमेरिकाविरुद्ध नेपालले आज खेल्दै

नयाँ पत्रिका

आइसिसी विश्वकप लिग-२ अन्तर्गत शनिबार नेपालले उत्कृष्ट फर्ममा रहेको अमेरिकाविरुद्ध प्रतिस्पर्धा गर्दै छ । युएईको दुबईमा चलिरहेको लिग-२ मा नेपालले अहिलेसम्म दुई खेल खेल्दा हारको सामना गरेको छ । अमेरिका र घरेलु टोली युएईसँगको प्रतिस्पर्धामा ब्याटिङ कमजोरीका कारण नेपालले खराब हार व्यहोरेको थियो । पहिलो खेलमा अमेरिकासँग एक सय ६ रनले पराजित नेपाल दोस्रो खेलमा युएईबाट पाँच विकेटले हाऱ्यो । लिग-२ मा खराब प्रदर्शन गरिरहेको नेपालको एकदिवसीय मान्यता बिस्तारै धराप परिरहेको छ । अहिले १२ अंकका साथ नेपाल सहभागी आठमध्ये सातौं स्थानमा छ । शीर्ष स्थानमा रहेको अमेरिकाले २२ खेलबाट सर्वाधिक ३२ अंक बटुलेको छ । स्कटल्यान्डले २४ खेलबाट ३० अंक जोड्दै दोस्रो स्थान बलियो बनाएको छ । नेदरल्यान्ड्स २८ अंकका साथ तेस्रो स्थानमा छ ।

ब्याटिङ सुधार्न आवश्यक

अहिले नेपालको प्रमुख समस्या भनेको नै एकरूपताका साथ ब्याटिङ गर्न नसक्नु हो । दुईवटै खेलमा नेपालले कमजोर ब्याटिङ प्रदर्शन गऱ्यो । युएईको ब्याटिङ पिचमा नेपाली ब्याट्समयानले लामो इनिङ्स खेल्न सकिरहेका छैनन् । दोस्रो खेलमा कप्तान रोहितकुमार पौडेलको कीर्तिमानी शतकीय इनिङ्सबाहेक अन्य खेलाडीले अर्धशतकीय योगदान दिन सकेनन् । नेपालको एकदिवसीय इतिहासमा रोहित दोस्रो शतक लगाउने पहिलो बनेका थिए । अमेरिका र युएईविरुद्धको अघिल्लो खेलमा गतिलो साझेदारी नहुँदा विपक्षी बलर हाबी हुन मौका पाए । अमेरिकाले भने लगातार ब्याटिङ, बलिङ र फिल्डिङमा उत्कृष्ट प्रदर्शन गरिरहेको छ । नेपालले यी तीनवटै क्षेत्रमा सुधार गर्नुपर्ने आवश्यकता देखिन्छ । अमेरिकाविरुद्धको अर्को महत्त्वपूर्ण खेलमा नेपालका खेलाडीले विशेषतः ब्याटिङ र बलिङमा ध्यान दिनु जरुरी छ ।

ओपनिङ र मध्य कमजोर

दुई साताअघि नेपाल ओमानमा आइसिसी टी-२० विश्वकपको छनोटको च्याम्पियन बनेको थियो । पछिल्लो आठ महिना नेपाली खेलाडीले लगातार टी-२० फर्म्याटमा प्रतिस्पर्धा गरिरहेका थिए । नेपाल क्रिकेट संघ (क्यान)ले विश्वकपमा छनोट हुने उद्देश्यका साथ खेलाडीलाई टी-२० फर्म्याटमा बढी एक्सपोजर गराएको थियो । यो अवधिमा नेपालले एकपटक मात्र स्कटल्यान्डमा विश्वकप लिग-२ खेलेको थियो । यसबाहेक अन्य समयमा नेपाली खेलाडी अन्तर्राष्ट्रिय टी-२० खेलमै बढी व्यस्त भए । यसै कारण उनीहरू अहिले एकदिवसीय खेलमा पनि स्ट्रोक लगाउने कोसिसमा आउट हुने गरेका छन् ।

ओपनिङ जोडीले सुरुवाती विस्फोटक ब्याटिङ गर्ने चक्करमा आफ्नो विकेट सहजै गुमाइरहेका छन् । ओपनिङ जोडीले गतिलो योगदान दिन नसक्दा नेपालको मध्यक्रम कमजोर देखिएको छ । मध्यक्रमका ब्याट्समयानले दबाब झेल्न नसक्दा स्कोर बोर्डमा रन चढाउन सकेका छैनन् ।

पूर्वकप्तान खड्का पुरुष टोलीका मुख्य प्रशिक्षक

नयाँ पत्रिका

अखिल नेपाल फुटबल संघ (एन्फा)ले पूर्वकप्तान तथा टेक्निकल डिरेक्टर हरि खड्कालाई नेपाली पुरुष राष्ट्रिय फुटबल टोलीको मुख्य प्रशिक्षकमा नियुक्त गरेको छ । अस्ट्रेलियन नागरिक म्याट रोसले बुधबार प्रशिक्षकबाट राजीनामा दिएपछि एन्फाले खड्कालाई राष्ट्रिय टोलीको प्रशिक्षणको जिम्मेवारी दिएको हो । बंगलादेशविरुद्धको मैत्रीपूर्ण तथा एसियन कप छनोटमा मलेसियाविरुद्ध खेल्न खड्काले प्रशिक्षण दिनेछन् । यसअघि उनले महिला राष्ट्रिय फुटबल टोलीको मुख्य प्रशिक्षकको जिम्मेवारी सम्हालेका थिए । महिला टोलीको प्रशिक्षक हुँदा नक्कली प्रमाणपत्रमा दोषी ठहरिएपछि उनले पदबाट राजीनामा दिएका थिए ।



यसअघि खड्का नेपाल पुलिसका पूर्वसहायक निरीक्षक थिए । उनले पुलिसबाट लामो समय कप्तानी गर्दै सहिद स्मारक 'ए' डिभिजन लिगसमेत जितेका थिए । राष्ट्रिय फुटबल टोलीका पूर्वकप्तानसमेत रहेका खड्कालाई ०७८ सालको फागुन ५ गते विशेष अदालतले नक्कली शैक्षिक प्रमाणपत्र मुद्दामा दोषी ठहर गरेको थियो । खड्काविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ०७८ सालको माघ १२ गते विशेष अदालतमा मुद्दा दायर गरेको थियो । उनले प्रहरी सहायक निरीक्षकमा नियुक्त पाउन नक्कली प्रमाणपत्र पेस गरेको अख्तियारको अनुसन्धानबाट खुलेको थियो । अदालतबाट दोषी ठहर भएपछि उनले पुलिसको जागिर छाडेका थिए ।

एएफसी र फिफाले कुनै पनि राष्ट्रको मुख्य प्रशिक्षक बन्न प्रो लाइसेन्स हुनुपर्ने जनाएको छ । नेपालमा प्रो लाइसेन्सप्राप्त कोही पनि प्रशिक्षक छैनन् । यसअघि एन्फाले पुरुष तथा महिला टोलीका मुख्य प्रशिक्षकमा प्रो लाइसेन्स भएका विदेशी प्रशिक्षक नियुक्त गरेको थियो । महिलातर्फका भिक्टरले एन्फाको कमजोर व्यवस्थापन खुलासा गर्दै राजीनामा दिएका थिए । रोसले भने नेपाली पुरुष टोलीलाई राम्रो नतिजा दिलाउन नसक्दा नैतिकताका आधारमा राजीनामा दिएको एन्फाको भनाइ छ ।

मैत्रीपूर्ण तथा एसियन कप छनोट

आगामी १३ नोभेम्बरमा नेपालले बंगलादेशसँग एउटा अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेल खेल्दै छ । यो खेल फिफा विन्डोमा पर्छ । खेलको नतिजाले फिफा वरीयतामा फरक पर्नेछ । त्यसपछि नेपाली राष्ट्रिय पुरुष टोलीले १८ नोभेम्बरमा एएफसी एसियन कपअन्तर्गत छनोट चरणमा मलेसियाविरुद्ध प्रतिस्पर्धा गर्नेछ । यो खेल नेपालमै हुनुपर्ने थियो । तर, एएफसीले दशरथ रंगशालामा अन्तर्राष्ट्रिय खेल खेलाउन अयोग्य भनेपछि नेपालले घरेलु खेल मलेसियामा खेल्न लागेको हो । नेपाल एसियन कपको छनोटबाट बाहिरिइसकेको छ । नेपाल आफ्नो समूहमा अंकविहीन छ । नेपालले मलेसिया, लाओस र भियतनामलाई नतिजा सुम्पिएको छ । एन्फाले एएफसीलाई तत्काल छनोट प्रतियोगिताका लागि स्वदेशी प्रशिक्षक नियुक्त गर्न अनुमति मागेको थियो ।

भारत तेस्रोपटक महिला विश्वकपको फाइनलमा

एजेन्सी

भारतीय महिला क्रिकेट टोलीले तेस्रोपटक एकदिवसीय विश्वकपको फाइनल स्थान पक्का गरेको छ । भारतले बिहीबार राति साबिक विजेता अस्ट्रेलियामाथि पाँच विकेटको सानदार जित निकाली सन् २०१७ पछि फाइनल स्थान पक्का गरेको हो ।

अस्ट्रेलियाले पहिलो ब्याटिङ गर्दै ५० ओभरमा सबै विकेट गुमाएर तीन सय ३८ रनको विशाल योगफल खडा गऱ्यो । प्रत्युत्तरमा



भारतीय महिला टोलीले इतिहासमै पहिलोपटक सर्वाधिक लक्ष्य पछ्याउँदै ४८.३ ओभरमा पाँच विकेटको क्षतिमा तीन सय ३८ रन जोड्यो । भारतको जितमा रोड्रिग्वेजले नटआउट एक सय २७ रनको योगदान दिएकी थिइन् । यसैगरी, हर्मितले ८९ रन बनाइन् । महिला विश्वकपमा अस्ट्रेलिया आठ वर्षपछि पराजित भएको हो । विश्वकपमा अस्ट्रेलियाले लगातार १५ खेल जितेको थियो । सन् २०१७ मै भारतले अस्ट्रेलियालाई सेमिफाइनलमा पाखा लगायो ।

standard chartered

स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडका
ऋणीलाई कर्जा चुक्ता गर्ने सम्बन्धी ३५ (पैंतिस) दिने सार्वजनिक सूचना
प्रकाशित मिति : २०८२/०७/१५, नयाँ पत्रिका)

यस बैंकबाट तपसिलमा उल्लेखित तपाईं ऋणीले प्राप्त गर्नुभएको व्यावसायिक कर्जा तथा बैंकिङ सुविधा बापत यस बैंकसँग गर्नुभएको सम्झौताको शर्तकबुलियत बमोजिम समय-समयमा यस बैंकलाई किस्ताबन्दी रूपमा तिर्नु बुझाउनु पर्ने कर्जाको साँवा र सोको ब्याज रकम नतिनु नबुझाउनु भएको तथा सो कर्जाको साँवा तथा ब्याज रकम यस बैंकलाई तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित रूपमा तरताकेता गर्दा समेत वेवास्ता गरी बस्नु भई कर्जा सम्बन्धी शर्त बन्देजहरू उल्लंघन गर्नुभएकोले तपाई ले यस बैंकबाट प्राप्त गर्नुभएको सम्पूर्ण कर्जाको साँवा र ब्याज रकम चुक्ता भुक्तान गर्न आउनु भनी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

साथै धितो/व्यक्तिगत जमानतकर्ता ले यसै सूचना समेतलाई आधार मानी ऋणी कम्पनी तथा सोका संचालक/शेयरधनीलाई उल्लिखित समयावधि भित्रै कर्जा चुक्ता गरी आ'नो दायित्व फरफारक गर्न उत्प्रेरित गर्नहुन आग्रह गर्दछौं ।

अतः यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र यस बैंकको बानेश्वर, काठमाडौं स्थित मुख्य कार्यालयको ऋण असुली विभागमा सम्पर्क राखी सो ऋणकर्जाको सम्पूर्ण साँवा तथा सोमा बैंकको नियमानुसार लाग्ने ब्याज, जरिवाना, शुल्क आदि समेत चुक्ता फछर्यौट गर्न गराउन हुन सुचित गरिन्छ । अन्यथा, प्रचलित कानुन बमोजिम यस बैंकबाट कर्जा असुलीको लागि आवश्यक कानुनी कारबाही अगाडि बढाउनुका साथै तपाई को तीन पुस्ते सहितको नाम कर्जा सूचना केन्द्रको कालोसूचीमा राख्न आवश्यक प्रकृया अगाडि बढाईने जानकारी गराउँदछौं ।

तपसिल

सि.नं.	ऋणी कम्पनी/प्रोप्राइटर/धितो जमानीकर्ता /व्यक्तिगत जमानतकर्ता को नाम, थर र वतन	कर्जाको प्रकार/ धितोको विवरण
१.	**ऋणीः** नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. १२८००८/०७१/०७२ कायम भै २०७१/०७/१९ मा दर्ता भएको काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ४, धुम्बाराही स्थित कम्पनीको रजिष्टर्ड कार्यालय ठेगाना रहेको **श्री स्ट्रेना इन्टरनेशनल प्रा.लि.** **प्रोप्राइटर/धितो जमानीकर्ता/व्यक्तिगत जमानतकर्ताः** श्री गोविन्द प्रसाद नेपालको नाती, श्री हेम प्रसाद नेपालको छोरा, चितवन जिल्ला चैनपुर वडा नं. २ स्थायी ठेगाना भै हाल काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ४ दिपज्योती मार्ग धुम्बाराही बस्ने वर्ष ५६ को **श्री राजेन्द्र प्रसाद नेपाल** (ना.प्र.नं. १४५४ /२७६, जारी मितिः २०४५/०१/०३, जि.प्र.का. चितवन) **प्रोप्राइटर/धितो जमानीकर्ता/व्यक्तिगत जमानतकर्ताः** श्री चन्द्रनाथ उपाध्यायको नाती, श्री कोषनाथ उपाध्यायको छोरा, काठमाडौं जिल्ला का.म.न.पा वडा नं. १४ स्थायी ठेगाना भै हाल ऐ.ऐ. बस्ने वर्ष ४६ को **श्री दिनेश अधिकारी** (ना.प्र.नं. १२९२३ /४५३०, जारी मितिः २०५४/०३/०५, जि.प्र.का. काठमाडौं)	व्यावसायिक कर्जा सि.नं. / जग्गाधनीको नाम / जिल्ला/गा.पा. / वडा नं. / कित्ता नं. / क्षेत्रफल (रो-आ-पै-दा)/ वर्ग.मि १. / श्री दिनेश अधिकारी / काठमाडौं/ का.म.न.पा. / १४ / २३१ / ११८८० व.मि. २. / श्री राजेन्द्र प्रसाद नेपाल / चितवन /हाजीपुर / ०८ / ४७६ / ७११.१२ व.मि. ३. / श्री राजेन्द्र प्रसाद नेपाल / चितवन /हाजीपुर / ०८ / ४७५ / १३२०.६३ व.मि. घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान
पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरा

बोलपत्र छनौटको आशयको सूचना

प्रकाशित मिति : २०८२/०७/१५

यस पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको मिति २०८२/०५/२३, २०८२/०६/१२ र २०८२/०६/०१ को क्रमशः सौर्य दैनिक र नेपाल समाचारपत्र दैनिकमा प्रकाशित निम्नानुसारको बोलपत्र/दरभारपत्र आव्हान सम्बन्धी सूचना बमोजिम म्याद भित्र पर्न आएका बोलपत्रहरू/दरभाउपत्रहरू मध्ये यस प्रतिष्ठानबाट गठीत मूल्यांकन समितिबाट मूल्यांकन हुदाँ देहाय बमोजिमका बोलपत्र सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागी छनौट गर्ने निर्णय भई आएको हुंदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सि. न	ठेक्का नंवर / खरिदको विवरण	बोलपत्रदाताको नाम ठेगना	कबोल अंक (भ्याट, PS Contingencies बाहेक)	कैफियत
१	PoAHS/WORKS/NCB/2082-83/01 Procurement of Renovation of HDU/CCU works	श्री Amritman Construction, Pokhara	रु ८७,६५,९४४.३९ /-	सारभुत रुपमा प्रभावग्राही बोलपत्र/ दरभाउपत्र
२	PoAHS/G/NCB-05/2082/83 Procurement of Lab Reagents and Chemicals II	श्री Lifeline Trade International Pvt Ltd, Kathmandu	रु ४,१८,३४,५२० /-	
३	PoAHS/SQ/WORKS/2082-83/01	Sabira construction, Pokhara	रु ११,४२,८७४.७०/-	

निर्देशक

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com